
# कनकाई नगर शिक्षा योजना

# (२०८२/२०८३ - २०९१/२०९२)




## कनकाई नगरपालिका


## नगरपालिकाको कार्यालय

### जामुनबारी, झापा

### कोशी प्रदेश, नेपाल

# कनकाई नगर शिक्षा योजना

## (२०८२/२०८३ - २०९१/२०९२)



## कनकाई नगरपालिका

### नगरपालिकाको कार्यालय

### जामुनबारी, झापा

### कोशी प्रदेश, नेपाल

## संरक्षक

श्री राजेन्द्रकुमार पोखरेल- नगर प्रमुख

श्री आशा शर्मा शिवाकोटी- नगर उपप्रमुख

श्री नारायण न्यौपाने- प्रमुख प्रशासकीय अधिकृत

## शिक्षा योजना निर्माण समिति

श्री नवलकिशोर दत्त- अध्यक्ष

श्री पुण्यप्रसाद पौडेल- सदस्य

श्री ओम पाठक- सदस्य

श्री कर्णवहादुर डाँगी- सदस्य

श्री अखिल कोइराला- सदस्य

श्री योन्देन सुनुवार- सदस्य

श्री राजकुमार ओडारी- सदस्य सचिव

## मस्यौदा लेखन प्राविधिक उप-समिति

श्री योन्देन सुनुवार- संयोजक

श्री रुद्रवहादुर थापा- सदस्य

श्री भीमप्रसाद दाहाल- सदस्य

# भूमिका

नेपालको संविधानमा व्यवस्था भएअनुसार शिक्षा साझा अधिकार सूचीमा परे पनि माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहको अधिकार क्षेत्रमा परेको छ । सोही व्यवस्थाअनुसार कनकाई नगरपालिकाले शैक्षिक व्यवस्थापका कार्य गर्दै आएको छ । दिगो विकासका लक्ष्य प्रासिका लागि नेपाल सरकारले गरेको प्रतिवद्धता, सोह्रौं आवधिक योजना (२०८१/०८२-२०८५/०८६) एवम् विद्यालय शिक्षा क्षेत्र योजना (२०२१-२०३०) ले परिलक्षित गरेका उद्देश्य हासिल गर्न सबै तहका सरकारको उत्तिकै दायित्व रहेको हुन्छ । यसै सन्दर्भमा सङ्घीय एवम् प्रदेश तहबाट मार्गदर्शन एवम् योजनाका खाकाहरू उपलब्ध गराउने एवम् आवश्यक क्षमता विकास गर्ने कार्यहरू गरिएका छन्। स्थानीय तहको सरकार गठन भए पश्चात् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्देश गरेअनुरूप क्षेत्रगत रूपमा आवधिक एवम् दीर्घकालीन योजनाहरू निर्माण एवम् कार्यान्वयनको जिम्मेवारी स्थानीय तहको भएको सन्दर्भमा कनकाई नगरपालिकाको आर्थिक, सामाजिक तथा पर्यावरणीय परिवेश एवम् शिक्षा क्षेत्रका सूचकहरूको अवस्था समेतलाई ध्यानमा राखी यो शिक्षा क्षेत्रको दसबर्से योजना तयार गरी कनकाई नगरपालिका नगर कार्यपालिकाबाट सिफारिश भई १८ औं नगरसभाबाट मिति २०८२/०३/१० गतेको निर्णयबाट पारित गरिएको छ ।

यो योजना निर्माणका क्रममा स्थानीय समुदाय तथा वडास्तरमा सरोकारवालासँग छलफल एवम् परामर्श गरी विगतमा कार्यान्वयन गरिएका कार्यक्रमहरूको नतिजा एवम् प्रासिहरू, तीनको प्रभावकारिता तथा त्यस्ता कार्यक्रमबाट हासिल भएका सिकाइहरूको विश्लेषण तथा समीक्षा गरिएको थियो । नगरपालिकालाई शिक्षा क्षेत्रको वार्षिक योजना तथा बजेट तर्जुमा गर्न, अन्य विषयक्षेत्रका योजनाहरूसँगको सम्बन्ध विश्लेषण गर्न तथा नतिजामुखी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाई निर्धारित लक्ष्यमा पुगन यो योजनाले मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ ।

यसैगरी मस्यौदा पुनरवलोकन गरी अन्तिम रूप प्रदान गर्ने क्रममा आफ्ना अमूल्य सल्लाह, सुझाव सहित समन्वयकारी भूमिका निर्वाह गर्नुहुने नगरपालिकाका उपप्रमुख श्री आशा शर्मा शिवाकोटी, प्रमुख प्रशासकीय अधिकृत श्री नारायण न्यौपाने लगायत वडाध्यक्ष तथा कार्यपालिका सदस्यहरू, जनप्रतिनिधिहरू, प्रधानाध्यापक, शिक्षक र शिक्षाप्रेमी व्यक्तित्व एवम् सरोकारवालाहरु सबैप्रति आभार प्रकट गर्न चाहन्छौं । यस योजनाको दस्तावेजलाई लेखन तथा सम्पादन सहित अन्तिम स्वरूप प्रदान गर्न सहयोग गर्ने शिक्षा योजना निर्माण समितिका संयोजक श्री नवलकिशोर दत्त कायस्थसहित अन्य सदस्यहरु तथा मस्यौदा लेखन प्राविधिक उपसमितिका सदस्यहरु श्री योन्देन सुनुवार, श्री रुद्रवहादुर थापा तथा श्री भीमप्रसाद दाहालको टिमप्रति हार्दिक आभार सहित धन्यवाद प्रकट गर्न चाहन्छौं । योजनाको मस्यौदालाई अन्तिम रुप दिन शैक्षिक तथ्याङ्क सङ्कलन तथा मस्यौदा लेखनका क्रममा समन्वयात्मक भूमिका निर्वाह गर्नुहुने शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख राजकुमार ओडारी, प्राविधिक सहायक रोहित पौडेल सहित नगरपालिकाका कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

अन्त्यमा यस योजनाले नगरपालिकालाई आफ्ना वार्षिक नीति तथा कार्यक्रम एवम् बजेट निर्धारण गर्न तथा गुणस्तरीय शिक्षाका लागि नगरबाट लक्षित उद्देश्य हासिल गर्न निर्धारित रणनीतिहरू उपयोगी हुने हाम्रो विश्वास रहेको छ ।

धन्यवाद !

राजेन्द्रकुमार पोखरेल
नगर प्रमुख
कनकाई नगरपालिका, झापा

# दुई शब्द

शिक्षा मुलुकको चौतर्फी विकास र मानव सभ्यताको विकाससँग प्रत्यक्ष जोडिएको महत्त्वपूर्ण पक्ष हो । शिक्षाका माध्यमबाट विश्वव्यापी परिवर्तन र सरोकारका कुरा उठ्दै गरेको वर्तमान परिप्रेक्ष्यमा यसको व्यवस्थित उपयोग गर्नु हामी सबैको दायित्व हुन आउँछ । नेपालको शिक्षा नीतिबमोजिम माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारका जिम्मामा आएपछि स्थानीय स्तरबाट यससम्बन्धी विभिन्न गतिविधि हुन थालेका छन् । केन्द्रबाटै स्थानीय पालिकालाई शिक्षाका योजना, विकास, स्थानीय पाठ्यक्रम जस्ता पक्षमा काम गर्न अनुमति भएसँगै शिक्षासम्बन्धी दसबर्से योजना निर्माण गर्न पनि निर्देशन भएको छ ।

कनकाई नगरपालिकाले शिक्षा क्षेत्रमा धेरै गतिविधि गर्दै आइरहेका सन्दर्भमा कार्यपालिकाबाट दसबर्से शिक्षा योजना निर्माण समिति गठन भई त्यसको मातहतमा रहने गरी मस्यौदा लेखन प्राविधिक उपसमिति समेत बनेर नगर शिक्षाको आगामी दसबर्से शिक्षा कस्तो हुने भन्ने मूल प्रयोजनमा आधारित रही यो कनकाई नगर शिक्षा योजना (२०८२/२०८३-२०९१/२०९२) तयार भएको छ । शिक्षा योजना निर्माण समिति र कार्यपालिकाबाट अनुमोदन भई आएको यस योजना कार्यपालिका नगरसभाबाट समेत पारित भइसकेको छ । निश्चय नै यस योजनाले कनकाई क्षेत्रका आम नागरिकको शिक्षासम्बन्धी चासो र चिन्तालाई सम्बोधन गर्ने छ । यस योजना निर्माणमा प्रत्यक्ष परोक्ष सहयोग पुऱ्याउनुहुने सम्पूर्णमा योजना निर्माण समिति र मेरो व्यक्तिगततर्फबाट समेत हार्दिक आभार व्यक्त गर्दछु ।

संयोजक
नवलकिशोर दत्त
शिक्षा योजना निर्माण समिति
कनकाई नगरपालिका, झापा

# विषयसूची


| शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|
| भूमिका | iv |
| दुई शब्द | vi |
| योजनाको सारांश | १ |
| (क) विषय प्रवेश | १० |
| (ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य | १० |
| (ग) कनकाई नगरपालिकामा शिक्षा योजना निर्माणको औचित्य | १० |
| (घ) शिक्षा योजना निर्माणका आधार | ११ |
| (ङ) शिक्षा योजना निर्माण प्रक्रिया | ११ |
| (च) योजनाको लेखाजोखा | १२ |
| (छ) योजनाको दस्तावेजको स्वरूप | १२ |
| **परिच्छेद १ : परिचय** | **१३** |
| १.१ वर्तमान अवस्था | १३ |
| १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण | २७ |
| १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण | २८ |
| **परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण** | **३२** |
| २.१ योजना निर्माण गर्दा अध्ययन गरिएका दस्तावेज | ३२ |
| २.२ दूरदृष्टि | ४१ |
| २.३ लक्ष्य | ४१ |
| २.४ उद्देश्य | ४२ |
| २.५ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण | ४२ |
| **परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र** | **४४** |
| ३.१ प्रारम्भिक बालविकास र शिक्षा | ४४ |
| ३.२ आधारभूत शिक्षा | ४६ |
| ३.३ माध्यमिक शिक्षा | ४८ |
| ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ५१ |
| ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ५३ |
| **परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र** | **५५** |
| ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ५५ |

| | | |
|---|---|---|
| ४.२ | शिक्षक व्यवस्थापन र विकास | ५७ |
| ४.३ | शिक्षामा समता र समावेशीकरण | ५८ |
| ४.४ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ६० |
| ४.५ | विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | ६२ |
| ४.६ | विद्यालय भौतिक पूर्वाधार विकास | ६४ |
| ४.७ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ६५ |
| **परिच्छेद ५ : शिक्षासँग सम्बन्धित अन्य उपक्षेत्र** | | **६७** |
| **परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन** | | **७२** |
| ६.१ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ७२ |
| ६.२ | कनकाई नगर शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ७४ |
| **परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन** | | **७६** |
| **परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन** | | **८८** |
| **सन्दर्भ सूचि** | | **८९** |

# सङ्क्षिप्त शब्दावलि

| | |
|---|---|
| इ. | इस्वी सम्बत् |
| कनपा | कनकाई नगरपालिका |
| बाविके | बालविकास केन्द्र |
| विव्यस | विद्यालय व्यवस्थापन समिति |
| रातका | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| शिमास्रोविके | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| CEHRD | Center for Education and Human Resource Development |
| ECED | Early Childhood Education Development |
| GER | Gross Enrolment Rate |
| GIR | Gross Intake Rate |
| IEMIS | Integrated Education Management Information System |
| NER | Net Enrolment Rate |
| NIR | Net Intake Rate |
| ReAL | Recovery and Accelerated Learning |
| SESP | Secondary Education Sector Plan |
| SWOT | Strength, Weakness, Opportunity and Threat |

# कनकाई नगर शिक्षा योजना (२०८२/८३- २०९१/९२)

## योजनाको सारांश

### योजनाको सन्दर्भ

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएकाले समग्र विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० बर्से "विद्यालय शिक्षा क्षेत्र योजना (२०७९/८०-२०८८/८९) (School Education Sector Plan, SESP)" स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैका आधारमा प्रदेश स्तरमा आवधिक शिक्षा योजना निर्माण भएका छन् भने स्थानीय स्तरमा कनकाई नगरपालिकाले यो दसबर्से नगर शिक्षा योजना (२०८२/८३- २०९१/९२) तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

### कनकाई नगरपालिकाको शैक्षिक सन्दर्भ

नेपालको झापा जिल्लाअन्तर्गत ७९.१ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको, पूर्वमा अर्जुनधारा र विर्तामोड नगरपालिका, पश्चिममा शिवसताक्षी नगरपालिका, उत्तरमा इलाम जिल्लाको माई नगरपालिका र दक्षिणमा बाह्रदशी तथा झापा गाउँपालिकाका बिचमा अवस्थित कनकाई नगरपालिका २०७१ वैशाख २५ गते नगरपालिका घोषणा भएको हो । नौ वडामा विभाजित कनकाई धार्मिक, सामाजिक, सांस्कृतिक, भौगोलिक र शैक्षिक दृष्टिकोणले समृद्धितर्फ उन्मुख नगरपालिका हो । यो नेपालमा पहिलो बन्द/हड्ताल निषेधित, विद्युत् चुहावटमुक्त, पूर्ण खोपयुक्त र पूर्ण बालमैत्री घोषित धार्मिक तथा पर्यटकीय नगरी हो । यस नगरको कुल जनसङ्ख्या ५३१४८ छ भने ३० भन्दा बढी मातृभाषी, ६४.८ प्रतिशत जनसङ्ख्या कृषि पेसामा आश्रित, ८३.३ प्रतिशत जनसङ्ख्या साक्षर छन् (रातका, २०७८) । त्यस्तै यहाँ १४ वटा सामुदायिक विद्यालय, २३ वटा संस्थागत विद्यालय, ४ वटा धार्मिक तथा परम्परागत विद्यालय, २ वटा सामुदायिक र एउटा निजी क्याम्पस सञ्चालनमा छन् । एउटा सामुदायिक विद्यालयमा प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित छ भने नगरपालिकाको आन्तरिक स्रोतमा बहुप्राविधिक शिक्षालय सञ्चालित छ । सामुदायिक विद्यालयमध्ये एक माध्यमिक विद्यालयलाई नमुना विद्यालय घोषणा गरिएको छ । श्रवण र बोलाइ अपाङ्गता भएका बालबालिकाका लागि दुई वटा विद्यालयबाट विशेष शिक्षा प्रदान गरिन्छ तर अन्य अपाङ्गताका लागि विद्यालय शिक्षाको सुविधा छैन । यस नगरमा सञ्चालित विद्यालयमा साधारण धारतर्फ जम्मा १४५२९ विद्यार्थी अध्ययनरत छन्, तीमध्ये सामुदायिकतर्फ ५८५२ र संस्थागततर्फ ८६७७ विद्यार्थी रहेका छन् । त्यस्तै प्राविधिक धारतर्फ कुल ३३४ जना विद्यार्थी अध्ययनरत छन् । सामुदायिक बालविकास केन्द्रमा ६१६ र संस्थागत बालविकास केन्द्रमा १७२७ बालबालिका अध्ययनरत छन् (IEMIS, 2081, कनकाई न.पा., शिक्षा शाखा) । यस नगरपालिकामा सामुदायिक विद्यालयको साधारण धारतर्फ जम्मा दरबन्दीका शिक्षक सङ्ख्या १७९ छ भने प्राविधिक धारतर्फ जम्मा प्रशिक्षक सङ्ख्या ८ रहेको छ । बहुप्राविधिक शिक्षालयमा १८ जना प्रशिक्षक कार्यरत छन् ।

यस नगरमा बालविकास शिक्षाको खुद भर्ना दर ७०.१ प्रतिशत, कक्षा १ को खुद प्रवेश दर ९६.४ प्रतिशत, कक्षा १-८ को खुद भर्ना दर ९५.८ प्रतिशत, कक्षा ९-१२ को खुद भर्ना दर ५९.९ प्रतिशत, कक्षा १-१२ कै खुद भर्ना दर ७०.१ प्रतिशत, कक्षा ८ सम्म टिकाउ दर ८६.७ प्रतिशत रहेको छ (शिमास्रोविके, २०२४ इ.,

फ्ल्यास प्रतिवेदन) । सामुदायिक विद्यालयतर्फ शिक्षक-विद्यार्थी अनुपात आधारभूत तहमा १:२७ र माध्यमिक तहमा १:५७ रहेको छ भने लैङ्गिक समता सूचक बालविकास कक्षा, आधारभूत र माध्यमिक तहमा क्रमशः ०.८१, १.०० र १.०९ रहेको छ (IEMIS, 2081, कनकाई न.पा., शिक्षा शाखा) । भौतिक सुविधाका सन्दर्भमा सामुदायिक विद्यालयतर्फ भवन, शौचालय, कक्षाकोठा र खानेपानीको अवस्था सन्तोषजनक देखिए पनि पुस्तकालय, प्रयोगशाला र खेलमैदानको अवस्था दयनीय रहेको छ । हरेक विद्यालयमा कम्तिमा एउटा प्रोजेक्टर र कम्प्युटर/ल्यापटप उपलब्ध रहेको छ । नगरका सबै विद्यालयका आधारभूत तहमा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार भई कार्यान्वयनमा रहेको छ । कनकाई नगरपालिकाले सामुदायिक विद्यालय र सामुदायिक क्याम्पसका गरिब तथा जेहेन्दार विद्यार्थीका लागि नियमित रुपमा छात्रवृत्ति दिँदै आएको छ । कनकाई नगरपालिका नगरलाई शैक्षिक गन्तव्यका रुपमा पहिचान गराउन उद्यत छ ।

## शिक्षाका मुख्य समस्या र चुनौती

कनकाई नगरपालिका प्रशस्त अवसर बोकेको नगर भए तापनि शिक्षा क्षेत्रमा धेरै समस्या र चुनौती छन् । सबै बालविकास केन्द्र सुरक्षित, बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री र वातावरणमैत्री छैनन् । आधारभूत तहमा ठुलो सङ्ख्यामा विद्यार्थीहरु सामुदायिक विद्यालयबाहिर छन् भने बिचैमा विद्यालय छाड्ने विद्यार्थीको दर राष्ट्रिय स्तरभन्दा बढी छ । त्यस्तै यस तहमा आइसिटी/प्रविधि चलाउन सक्ने क्षमता भएका शिक्षक र प्रविधिमैत्री कक्षाकोठा र सामग्रीको अभाव छ । माध्यमिक तहमा नगर क्षेत्रका धेरै विद्यार्थी माध्यमिक शिक्षाको पहुँचभन्दा बाहिर रहेका छन् । खासगरी माध्यमिक तहको शैक्षिक कार्यक्रममा समुदायको सहभागिता र साझेदारीको अवस्था कमजोर छ । विद्यालय उमेरका छात्रछात्रामा लागुऔषध दुर्व्यसनी बढ्दो छ भने आदिवासी, पिछडा वर्ग, जनजाति, विपन्न, अल्पसङ्ख्यक तथा खोलाधारका विद्यार्थीलाई विद्यालयमा टिकाउने समस्या छ । शिक्षा क्षेत्रमा नगरले पर्याप्त बजेट विनियोजन गर्न सकेको छैन । माध्यमिक शिक्षा पूर्ण रुपमा निःशुल्क हुन नसक्नु अर्को जटिल समस्या हो ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रममा विद्यार्थीको सङ्ख्या निरन्तर घट्तै गइरहेको छ । नगरका प्राविधिक शिक्षालयमा प्राविधिक शिक्षा अध्ययन गर्ने नगरभित्रका विद्यार्थीको सङ्ख्या अत्यन्त कम छ । त्यस्तै नगरभित्रको कृषि र यसका सम्भावनालाई प्राविधिक शिक्षाले समेट्न सकेको छैन भने प्राविधिक तथा व्यावसायिक सिप सिकेको जनशक्तिलाई नगरभित्र अवसर न्यून छ । अनौपचारिक शिक्षाका सन्दर्भमा स्थानीय तहमा निरक्षर रहेका नागरिकलाई साक्षरता प्रदान गर्न कठिन भएको छ भने बिचैमा कक्षा छाडेर बसेका विद्यार्थीको पहिचान नहुनुका साथै उनीहरुको अध्ययनको निरन्तरताका लागि कुनै प्रयत्न भएको छैन ।

विद्यालयमा पाठ्यक्रमको कार्यान्वयनमा एकरुपता हुन सकेको छैन भने संस्थागत विद्यालयका पाठ्यपुस्तकमा समेत एकरुपता हुन सकेको छैन । त्यस्तै शैक्षिक सामग्री निर्माण तथा प्रयोगको अवस्था सन्तोषजनक छैन । शिक्षक व्यवस्थापन र विकासअन्तर्गत नगरभित्रका विद्यालयमा विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक दरबन्दी मिलान हुन सकेको छैन भने शिक्षण पेसाप्रति युवा विद्यार्थीको आकर्षण घटेको छ । त्यस्तै नगरमा शैक्षिकबाहेक योग, नृत्य, गायन जस्ता विधामा प्रशिक्षकको व्यवस्थापन हुन सकेको छैन । शिक्षामा समता र समावेशीकरणका सन्दर्भमा बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक कक्षा कोठामा प्रभावकारी शिक्षणका लागि शिक्षक तालिमको अभाव छ । अभिभावकविहीन तथा घरेलु कामदारका रुपमा रहेका बालबालिकालाई मूल प्रवाहमा ल्याउन सकिएको छैन भने लक्षित बालबालिकाका लागि वैकल्पिक सिकाइको उचित प्रबन्ध हुन सकेको छैन ।

विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमअन्तर्गत नेपाल सरकारले उपलब्ध गराएको प्रतिविद्यार्थी खाजा रकम अत्यन्त न्यून छ साथै दिवा खाजाबाट प्राप्त हुने पोषणको किटान छैन । त्यस्तै नगर क्षेत्रमा विद्यालय नर्सको व्यवस्था हुन सकेको छैन । अधिकांश विद्यालयमा हाता तथा कक्षाकोठा सरसफाइको अवस्था कमजोर हुनुका साथै छात्रा शौचालयको सरसफाइ र व्यवस्थापन कमजोर रहेको छ । विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलताको अवस्था हेर्ने हो भने नगरभित्र विपत् उत्थानशील विद्यालय वातावरण र बालमैत्री पूर्वाधारको अभाव छ । त्यस्तै विपत्तिका समयमा वैकल्पिक सिकाइ व्यवस्थापन र स्थानीय स्तरमा आइपर्न सक्ने विपत्ति विरुद्ध विद्यालयको न्यून तयारीको अवस्था छ ।

विद्यालयमा भौतिक पूर्वाधार विकासका सन्दर्भमा विद्यालयहरुमा पुराना तथा जीर्ण भवन र कक्षा कोठाको बाहुल्य छ । विज्ञान प्रयोगशाला तथा पुस्तकालयको अभाव छ कक्षा कोठा रङरोगन तथा सजावटको सजावट हुन सकेको छैन । साथै नगरका करिब ५० प्रतिशत विद्यालयमा खेल मैदानको अभाव छ । त्यसैगरी विद्यालयमा पर्याप्त सूचना तथा सञ्चार प्रविधिको अभाव छ भने त्यसको प्रयोग र परिचालनसम्बन्धी शिक्षक-कर्मचारीमा दक्षताको कमी छ । यसबाहेक विद्यालयमा डिजिटल पाठ्यसामग्रीको उपयोग हुन सकेको छैन । नगर तथा विद्यालय शिक्षा संयन्त्रमा सुशासन प्रत्याभूत गर्न आवश्यक प्रभावकारी संरचनाको अभाव छ । प्रशासनिक एकाइतर्फ लम्बीय संरचना रहे तापनि विद्यालय शिक्षा सुधार गर्न आवश्यक अन्य सरोकारवालाहरु (वि.व्य.स., शि.अ.सं., अभिभावक, स्थानीय बुद्धिजीवी, समाजसेवी आदि) लाई जोड्न सकिएको छैन ।

## दूरदृष्टि

"सभ्य, समृद्ध एवम् समतामूलक समाज निर्माणका लागि समालोचनात्मक चिन्तनसहितको संस्कारयुक्त, स्वरोजगारमूलक, प्रविधिमैत्री र व्यावहारिक शिक्षा"

### लक्ष्य

"सांस्कारिक चेतना र सिपमूलक कार्यका माध्यमबाट गरिखान सक्ने चिन्तनशील नागरिक उत्पादन गरी मुलुकको सामाजिक तथा आर्थिक परिवर्तनमा प्रत्यक्ष टेवा पुऱ्याउनु"

## उद्देश्य

१. विद्यालय शिक्षामा नगरका सबै बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु
२. स्थानीय आवश्यकता र अन्तर्राष्ट्रिय परिवेशबिच सामञ्जस्य कायम गर्दै आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्नु
३. बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री, वातावरणमैत्री र प्रविधिमैत्री पूर्वाधार निर्माण गरी सिकाइमा सुधार गर्दै विपत्का समयमा समेत सिकाइको निरन्तरता सुनिश्चित गर्नु
४. स्थानीय पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी प्रत्येक विद्यार्थीलाई नगरको पहिचान तथा विविधताका बारेमा जानकारी दिनु
५. प्रत्येक विद्यालयमा विद्यार्थी सङ्ख्याका आधारमा विषयगत र तहगत दरबन्दी व्यवस्थापन गरी योग्य, सक्षम र समालोचनात्मक क्षमतायुक्त मानव संसाधनको प्रवेश सुनिश्चित गर्नु
६. औपचारिक शिक्षाको पूरकका रुपमा अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्दै पूर्ण साक्षर नगर घोषणा गर्नु

७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमप्रति जन आकर्षण बढाउँदै सबैको पहुँच सुनिश्चित गर्न स्वरोजगारमूलक एवम् सिपकेन्द्रित शिक्षामा जोड दिनु
८. पाठ्यक्रमको कार्यान्वयनमा एकरुपता ल्याई नगरभित्र सबै विद्यालयको स्तर समान बनाउनु
९. शैक्षिक सेवालाई सुशासनयुक्त बनाउन आवश्यक संरचना तयार गरी जवाफदेहिता, पारदर्शिता र सान्दर्भिकता अभिवृद्धि गर्नु
१०. नगरलाई शैक्षिक गन्तव्यको थलोका रुपमा विकास गर्नु ।

**उपक्षेत्रगत उद्देश्य**

उपर्युक्त साधारण उद्देश्य हासिल गर्न देहायबमोजिमका विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रअन्तर्गत **विशिष्ट उद्देश्य** तय गरिएका छन्:

१. **प्रारम्भिक बालविकास र शिक्षाः** प्रारम्भिक बालविकास केन्द्रको समग्र गुणस्तर सुधार गरी उक्त उमेर समूहका सम्पूर्ण बालबालिका प्रवेशको सुनिश्चित गर्नु ।
२. **आधारभूत शिक्षाः** आधारभूत तहलाई प्रविधिमैत्री तथा गुणस्तरीय बनाई सामुदायिक सहभागिता वृद्धि गर्दै बालबालिकालाई विद्यालयतर्फ आकर्षित गराउनु।
३. **माध्यमिक शिक्षाः** (क) माध्यमिक शिक्षामा सबै विद्यार्थीको पहुँच सुनिश्चित गर्दै स्वरोजगारमूलक, संस्कारयुक्त तथा समालोचनात्मक चिन्तनसहितको शिक्षा प्रदान गर्नु, (ख) नगरभित्रै विद्यार्थीको इच्छाबमोजिमका विषयको पठनपाठनको व्यवस्था गर्दै निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चितता गरी विद्यार्थी पलायनलाई रोक्नु।
४. **प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमः** प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमप्रति जनाकर्षण बढाउँदै सबैको पहुँच सुनिश्चितताका साथ उत्पादित जनशक्तिलाई नगरभित्रै रोजगारीको अवसर प्रदान गर्नु ।
५. **अनौपचारिक शिक्षा र आजीवन सिकाइः** स्थानीय स्तरमा अनौपचारिक सिकाइका माध्यमबाट निरक्षरता उन्मूलन र सिपकेन्द्री कार्यक्रम सञ्चालन गर्दै आजीवन सिकाइलाई सुनिश्चित गर्नु ।

उपर्युक्त साधारण उद्देश्य प्राप्तिका लागि देहायका अन्तर्सम्बन्धित विषय र क्षेत्रका **विशिष्ट उद्देश्य** निर्धारण गरिएका छन्:

१. **पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनः** पाठ्यक्रमको कार्यान्वयनमा एकरुपता ल्याई शैक्षिक सामग्रीको अधिकतम उपयोगमार्फत सिकारुको ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु ।
२. **शिक्षक व्यवस्थापन र विकासः** तहगत तथा विषयगत दरबन्दी मिलान गरी शिक्षकका लागि निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्दै शिक्षण पेसाप्रति आकर्षण बढाउनु ।
३. **शिक्षामा समता र समावेशीकरणः** लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी रुपमा समतामूलक पहुँच सुनिश्चित गर्दै सिकाइ सहभागिता बृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु ।
४. **विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमः** स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गर्दै सबै बालबालिकामा स्वास्थ्य तथा सरसफाइसम्बन्धी चेतनाको अभिवृद्धि गर्नु ।
५. **विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलताः** प्रत्येक विद्यालयमा विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गरी आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइ विधि प्रयोग गर्दै बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चितता गर्नु ।
६. **विद्यालय भौतिक पूर्वाधार विकासः** विद्यालय शिक्षाका लागि आवश्यक भौतिक तथा पूर्वाधार मापदण्ड विकास तथा कार्यान्वयन गरी सिकाइका लागि आवश्यक वातावरण तयार गर्नु ।
७. **विद्यालयमा सूचना तथा सञ्चार प्रविधिः** सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउनु ।

उपर्युक्त साधारण उद्देश्यकै प्राप्तिका लागि देहायबमोजिमका शिक्षासँग सम्बन्धित अन्य उपक्षेत्र समावेश गरी **विशिष्ट उद्देश्य** तय गरिएका छन्:

१. **अन्तरविद्यालय असल अभ्यास प्रतिस्पर्धा कार्यक्रमः** विद्यालयले कार्यान्वयन गरेका असल अभ्यासहरु एकापसमा आदानप्रदान गर्नु ।
२. **संस्कृति पहिचान तथा संवर्धन कार्यक्रमः** स्थानीय सांस्कृतिक गतिविधिमा केन्द्रित रही संस्कृति पहिचान र संवर्धनमा मद्दत पुऱ्याउनु ।
३. **शैक्षिक अनुसन्धान कार्यक्रमः** शिक्षा र शिक्षणसँग सम्बद्ध समस्याको अनुसन्धानमार्फत समाधान गर्न शिक्षकलाई सक्षम बनाउनु ।
४. **विषयविज्ञ क्लस्टर व्यवस्थापनः** प्रमुख विषय क्षेत्रमा शिक्षकलाई सहजीकरण, तालिम, कार्यशाला सञ्चालन गरी सिकाइ उपलब्धि वृद्धि गर्नु एवम् नगरभित्रै योग्य, सक्षम विषयविज्ञ निर्माण गर्नु ।
५. **विद्यार्थी आदानप्रदान कार्यक्रमः** संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीको दूरी घटाई एकापसमा सहकार्यको संस्कृति विकास गर्नु ।
६. **विद्यार्थीसँग प्रबुद्ध नागरिक कार्यक्रमः** समाजलाई विशिष्ट योगदान पुऱ्याएका नागरिकलाई विद्यार्थीसँग साक्षात्कार गराउनु ।
७. **छात्रवृत्ति कार्यक्रमः** विशिष्ट परिस्थितिका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरी शिक्षाको अवसर उपलब्ध गराउनु ।
८. **शैक्षिक बुलेटिन प्रकाशनः** नगर स्तरमा हुने गरेका शैक्षिक गतिविधिहरु नियमित रुपमा सार्वजनिक गर्नु ।

त्यसैगरी साधारण उद्देश्य हासिल गर्न सहज बनाउन सुशासन तथा व्यवस्थापन सम्बन्धमा देहायबमोजिमका विशिष्ट उद्देश्य राखिएका छन्:

१. **शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकासः** नगरबाट विद्यालय तह हुँदै प्रवाह हुने शैक्षिक सेवालाई सुशासनयुक्त बनाउन आवश्यक संरचनाहरु तयार गर्दै विद्यालयको संस्थागत क्षमता अभिवृद्धि गर्नु ।
२. **कनकाई नगर शिक्षा योजना कार्यान्वयनको प्रबन्धः** नगर शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

**लगानी र स्रोत व्यवस्थापन** सम्बन्धमा पनि निम्नबमोजिमका **उद्देश्य** निर्धारण गरिएको छः
नगर शिक्षा योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान र प्रक्षेपण गरी उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

योजनाको **अनुगमन तथा मूल्याङ्कन** सम्बन्धमा निम्न **उद्देश्य** तय गरिएको छः
कनकाई नगर शिक्षा योजनाको अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्दै यसलाई नतिजामा आधारित बनाउनु ।

**रणनीति**

उपर्युक्त उद्देश्य हासिल गर्न देहाय बमोजिमका रणनीति निर्धारण गरिएको छः

१. **प्रारम्भिक बालविकास र शिक्षाः** प्रारम्भिक बालविकास केन्द्रलाई समयानुकूल विकास गर्दै आकर्षक र बालमैत्री बनाउने, प्रारम्भिक बालविकास शिक्षकलाई बालमनोविज्ञानसहितको तालिमको व्यवस्था गर्ने, प्रारम्भिक बालविकास केन्द्रको नियमित अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने ।

२. **आधारभूत शिक्षाः** आधारभूत तहमा शिक्षालाई समावेशी एवम् समतामूलक बनाई सबैको पहुँच सुनिश्चित गर्ने, विद्यालयको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने, सबै विद्यालयमा पाठ्यक्रमले तोकेबमोजिम न्यूनतम सक्षमता पूरा गराउने, विद्यालयमा खानेपानी, शौचालय, सरसफाइ तथा न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने, शिक्षक तथा कक्षाकोठालाई प्रविधिमैत्री बनाई न्यूनतम प्रविधियुक्त कक्षाकोठाको सुनिश्चितता गर्ने ।

३. **माध्यमिक शिक्षाः** सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्थापन गर्ने, हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार गर्ने, प्रत्येक विद्यालयमा प्राविधिक, सिपमूलक तथा स्वरोजगारमूलक शिक्षा सुनिश्चित गर्ने, खेलकुदसहितका अतिरिक्त क्रियाकलाप सुव्यवस्थित गर्न घुम्ती प्रशिक्षकको व्यवस्था गर्ने ।

४. **प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमः** प्राविधिक तथा व्यावसायिक तालिमलाई प्रभावकारी बनाउन स्थानीय जनप्रतिनिधि तथा सङ्घसंस्थासँग समन्वय गर्ने, नगरभित्र प्राविधिक जनशक्तिको आवश्यकता भएका क्षेत्रको पहिचान गरी उक्त विषय पठनपाठन गर्ने व्यवस्था मिलाउने ।

५. **अनौपचारिक शिक्षा र आजीवन सिकाइः** नगर तहबाट आवश्यताअनुसार अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालय सुदृढीकरण गर्ने, औपचारिक तथा अनौपचारिक सिप आर्जन गरेको जनशक्तिलाई न्यूनतम कमाइ हुन सक्ने काममा जोड्ने, सामुदायिक सिकाइ केन्द्रमार्फत कार्यमूलक साक्षरता कार्यक्रम सञ्चालन गर्ने ।

६. **पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनः** राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुरुप पाठ्यक्रमको पूर्ण कार्यान्वयन गर्ने, शिक्षकका लागि शिक्षक निर्देशिका, स्रोत सामग्री एवम् विद्यार्थीका लागि सिकाइ सामग्री र स्वअध्ययन सामग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने, सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने ।

७. **शिक्षक व्यवस्थापन र विकासः** शिक्षकलाई शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकास तथा सेवाकालीन तालिम सञ्चालन गर्ने, शिक्षकको उपस्थिति, नियमितता र कार्य सम्पादनमा सुधार गर्ने, शिक्षक तयारीलाई जोड दिँदै नगरभित्रका युवालक्षित शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालनलाई निरन्तरता दिने ।

८. **शिक्षामा समता र समावेशीकरणः** विद्यालयलाई अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउँदै सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने, आर्थिक रुपले विपन्न, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाका लागि यथोचित छात्रवृत्तिको व्यवस्थासँगै आवसीय विद्यालय सञ्चालन गर्ने, विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गर्ने ।

९. **विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमः** सञ्चालित दिवा खाजा कार्यक्रममा रकम वृद्धि गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालबालिकालाई दिवा खाजा उपलब्ध गराउने, दिवा खाजामा स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने, "एक विद्यालय- एक बगैंचा" तथा "हरेक विद्यालय- हरित विद्यालय" अभियान पूर्ण रुपमा कार्यान्वयन गर्ने ।

१०. **विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलताः** विपत्को समयमा सिकाइलाई निरन्तरता दिन पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने, विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गर्ने, विद्यार्थी अध्ययन गर्ने भवन तथा विद्यालय हाता सुरक्षित रहेको प्रत्याभूति गर्ने ।

११. **विद्यालय भौतिक पूर्वाधार विकासः** भौतिक पूर्वाधार विकासका लागि विद्यालयको तह, विद्यार्थी सङ्ख्या आदिका आधारमा मापदण्ड तयार गर्ने, एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने, प्राविधिक र विज्ञान शिक्षाबाहेक पनि "एक विद्यालय- एक प्रयोगशाला" तथा "एक विद्यालय- एक पुस्तकालय" स्थापना र परिचालन कार्यान्वयन गर्ने, विद्यालयको

संरचनागत एकरुपता कायम गरी कनकाई नगरपालिकाको अलग्गै पहिचान कायम गर्ने, कक्षाकोठालाई स्मार्ट कक्षाकोठामा रुपान्तर गर्ने ।

१२. **विद्यालयमा सूचना तथा सञ्चार प्रविधिः** सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने, सूचना प्रविधिको प्रयोगका सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गर्ने, प्रविधिलाई सिकाइसँग जोड्ने ।

१३. **अन्य उपक्षेत्रका कार्यक्रमः** यी कार्यक्रमको विस्तृत खाका, विवरण, रणनीति तथा कार्यक्रमहरु कार्यान्वियनको समयमा कार्यान्वियन संयन्त्रले तय गरेअनुरुप हुने छन् ।

१४. **सुशासन तथा व्यवस्थापनः** स्थानीय तहको शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने, संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गर्ने, विद्यालयमा नागरिक बडापत्रको व्यवस्थापन गर्ने, सङ्घीय तथा प्रदेश तहबाट प्राप्त अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा तथा बजेट कार्यक्रम तयार गर्ने, कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कानुन कार्यविधि तथा निर्देशिका विकास गर्ने, अभिभावक तथा सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने, नगरपालिकाको जनसङ्ख्यासम्बन्धी तथ्याङ्कीय सूचना अद्यावधिक गर्न प्रत्येक तीन वर्षमा घरधुरी सर्वेक्षण गरी नगर प्रोफाइल प्रकाशन गर्ने ।

१५. **लगानी र स्रोत व्यवस्थापनः** सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्ने, विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने, नगरको वार्षिक रूपमा कुल बजेटको कम्तिमा १० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने ।

१६. **अनुगमन तथा मूल्याङ्कनः** कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाइ व्यवस्थित गर्ने, नगर शिक्षा योजनामा कार्यान्वयन भएका कार्यक्रमहरुको सान्दर्भिकता तथा प्रभावकारिता विश्लेषण गर्ने, योजनाको मध्यावधि एवम् पूर्णावधि मूल्याङ्कन गर्ने ।

## मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.सं. | सूचक | सूचकको तहको | आधार वर्ष २०८१को अवस्था | २०८६/ २०८७ सम्मको लक्ष्य | २०९१/ २०९२ सम्मको लक्ष्य | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर (%) | स्थानीय | ९७.८ | १०० | १०० | CEHRD, 2024 |
| | | राष्ट्रिय | ९९.९ | | | CEHRD, 2024 |
| २ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | स्थानीय | ६९.७ | ८०.० | १०० | CEHRD, 2024 |
| | | राष्ट्रिय | ७६.९ | | | CEHRD, 2024 |
| ३ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ९६.४ | ९९.० | १०० | CEHRD, 2024 |
| | | राष्ट्रिय | ९५.७ | | | CEHRD, 2024 |
| ४ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | स्थानीय | १०३.० | १०० | | CEHRD, 2024 |
| | | राष्ट्रिय | ११५.९ | | | CEHRD, 2024 |
| ५ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%) | स्थानीय | ९५.६ | ९९.० | १०० | CEHRD, 2024 |
| | | राष्ट्रिय | ९५.६ | | | CEHRD, 2024 |
| ६ | | स्थानीय | ११५.५ | १०८ | १०० | CEHRD, 2024 |

| क्र.सं. | सूचक | सूचकको तहको | आधार वर्ष २०८१को अवस्था | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|
| | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर (%) | राष्ट्रिय | १२४.८ | | | CEHRD, 2024 |
| ७ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | स्थानीय | ९५.८ | ९९.० | १०० | CEHRD, 2024 |
| | | राष्ट्रिय | ९५.२ | | | CEHRD, 2024 |
| ८ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | स्थानीय | ११९.४ | ११० | १०० | CEHRD, 2024 |
| | | राष्ट्रिय | १२१.६ | | | CEHRD, 2024 |
| ९ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर (%) | स्थानीय | ८६.७ | ९०.० | ९९.० | CEHRD, 2024 |
| | | राष्ट्रिय | ८६.५ | | | CEHRD, 2081 |
| १० | आधारभूत तह (कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक | स्थानीय | ०.९२ | ०.९९ | १.०० | CEHRD, 2024 |
| | | राष्ट्रिय | १.०० | १.०० | १.०० | CEHRD, 2081 |
| ११ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | स्थानीय | ५९.९ | ७५.० | ८५.० | CEHRD, 2024 |
| | | राष्ट्रिय | ५५.८ | | | CEHRD, 2081 |
| १२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर (%) | स्थानीय | ८६.५ | ९५.० | १०० | CEHRD, 2024 |
| | | राष्ट्रिय | ८०.६ | | | CEHRD, 2081 |
| १३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | स्थानीय | १.१८ | १.०० | १.०० | CEHRD, 2024 |
| | | राष्ट्रिय | १.०० | | | CEHRD, 2081 |
| १४ | साक्षरता दर (पाँच वर्ष भन्दा माथि) (%) | स्थानीय | ८३.३ | ९०.० | १०० | रातका, २०७८ |
| | | राष्ट्रिय | ७६.२ | | | रातका, २०७८ |
| १५ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट (%) | स्थानीय | ४.९६ | १०.० | २०.० | कनपा बजेट, २०८१/०८२ |
| | | राष्ट्रिय | १०.९१ | | | नेपाल सरकार बजेट, २०८१/८२ |
| १६ | कक्षा १-१२ प्रतिविद्यार्थी सरकारी खर्च (रु. हजारमा) | स्थानीय | ३.४ | ९.० | १५.० | कनपा IEMIS, 2081 |
| | | राष्ट्रिय | | | | |

**दश वर्षको बजेट प्रक्षेपण**

| क्र.सं. | उपक्षेत्र | बजेट रकम |
|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | २,८९,८४,०००/- |
| २ | आधारभूत शिक्षा | ३,६७,४५,०००/- |
| ३ | माध्यमिक शिक्षा | ३,३८,२०,०००/- |
| ४ | प्रविधिक शिक्षा तथा व्यावसायिक तालिम | ३,२४,८०,०००/- |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ६,७५,५६,०००/- |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | १,४३,५७,०००/- |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ९१,३२,०००/- |

| क्र.सं. | उपक्षेत्र | बजेट रकम |
|---|---|---|
| ८ | शिक्षामा समता र समावेशीकरण | ४,१८,८५,०००/- |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | १०,२७,७९,०००/- |
| १० | विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | १४,६०,०००/- |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | १०,९६,००,०००/- |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | १,२३,७८,०००/- |
| १३ | अन्य उपक्षेत्रका कार्यक्रम | २,२८,७०,०००/- |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ६५,४०,०००/- |
| १५ | कनकाई नगर शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | १,९०,०००/- |
| | **कुल बजेट** | **५२,०७,७६,०००/-** |

## (क) विषय प्रवेश

शिक्षा संविधान प्रदत्त मौलिक अधिकार हो ।राज्यका सबै नागिरकको शिक्षामा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गरेर मात्र "समृद्ध नेपाल, सुखी नेपाली" राष्ट्रिय आकाङ्क्षा पूरा हुन सक्छ । शैक्षिक सेवाको प्रभावकारिता र दर्बिलो कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्न शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि "विद्यालय शिक्षा क्षेत्र योजना (२०७९/८०-२०८८/८९)" कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यान्वयनमा छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्न ७५३ वटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । विभिन्न स्थानीय तहले शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नैपर्ने सन्दर्भमा कनकाई नगरपालिकाद्वारा यो दसबर्से नगर शिक्षा योजना तयार गरिएको छ ।

## (ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सिर्जनशील, सक्रिय तथा आर्थिक एवम् सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्न विद्यालय शिक्षा क्षेत्रको योजनामार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

नेपालको संविधान अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि शिक्षाको २३ वटा अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्थासमेत गरेको छ । यी प्रावधानलाई कार्यान्वयन गर्न सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक, सामाजिक आदि कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न एवम् प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धिका निम्ति समग्र विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० बर्से "विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan, SESP)" स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यसैका आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सबै स्थानीय तहले पनि शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिएकाले कनकाई नगरपालिकाले यो दसबर्से नगर शिक्षा योजना तयार गरेको हो।

## (ग) कनकाई नगरपालिकामा शिक्षा योजना निर्माणको औचित्य

१. तीनै तह (सङ्घ, प्रदेश र स्थानीय) मा बन्ने शिक्षा योजनाबिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थापित गर्न

२. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्ने
३. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्ने
४. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
५. शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन
६. विद्यालय शिक्षालाई प्रभावकारी तथा गुणस्तरीय बनाई अपेक्षित उपलब्धि हासिल गर्न ।

### (घ) शिक्षा योजना निर्माणका आधार

यस कनकाई नगरपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छः
१. नेपालको संविधान
२. सोह्रौं आवधिक योजना
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
४. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
५. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
६. विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
७. शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति, २०७६, शिक्षाको सोचपत्र, २०७९
८. विद्यालय शिक्षामा समता रणनीति
९. दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
१०. राष्ट्रिय जनगणनाको प्रतिवेदन, २०७८
११. विद्यालय सुधार योजना
१२. कनकाई नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेट
१३. नमुना विद्यालय विकास योजना
१४. बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप
१५. विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६
१६. कनकाई नगरको शैक्षिक गन्तव्यः रणनीति तथा कार्यनीति (प्रारम्भिक चरणको सुझाव पुस्तिका, २०७७)
१७. कनकाई नगरपालिकाको वस्तुगत विवरण (नगर प्रोफाइल), २०७४

### (ङ) शिक्षा योजना निर्माण प्रक्रिया

प्रस्तुत नगर शिक्षा योजनाको निर्माण कनकाई नगरपालिका शिक्षा समितिको नेतृत्वमा भएको छ । उक्त शिक्षा समितिले नगर शिक्षा योजना निर्माण समिति गठन गरी यसले फेरि तीन सदस्यीय नगर शिक्षा योजना मस्यौदा निर्माण कार्यदल गठन गर्यो। यस शिक्षा योजनाको निर्माणमा पनि योजना निर्माण समितिले देहायबमोजिमको प्रक्रिया अवलम्बन गरेको छः

१. नगर सभा र नगर कार्यपालिका स्तरीय स्थानीय तहको बैठक
२. योजना निर्माण समितिको गठन गरी मस्यौदा लेखन उपसमिति गठन
३. स्थानीय तहको शिक्षा क्षेत्रको अवस्था विश्लेषण
४. वडास्तरमा विभिन्न सरोकारवाला (वडाध्यक्ष, वडा सचिव, विद्यालयका प्रधानाध्यापक र शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित सङ्घसंस्थालगायत विभिन्न सरकारी/गैरसरकारी सङ्घसंस्था आदि) सँग भेला छलफल गरी सुझाव सङ्कलन

५. स्थानीय तह तथा  विद्यालय स्तरीय छलफल
६. योजनाको मस्यौदा तयारी
७. मस्यौदामाथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण
८. योजनाको अन्तिमीकरण
९. बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव समायोजन
१०. नगर कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्वयन

**(च) योजनाको लेखाजोखा**

स्थानीय तहको शिक्षा योजना निर्माण गरिसकेपछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ, दिगो र लगानीयोग्य छ कि छैन भनी पत्ता लगाउन योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनुपर्छ जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो। यसै सन्दर्भमा यस नगर शिक्षा योजनालाई कनकाई नगरपालिकाले आन्तरिक र बाह्य विभिन्न विषय  क्षेत्रका विज्ञहरूको समिति निर्माण गरी लेखाजोखा कार्य सम्पन्न गरेको छ।

**(छ) योजनाको दस्तावेजको स्वरूप**

यस योजनाको दस्तावेजलाई आठ वटा परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेद सुरु हुनुभन्दा अघि समग्र योजनाको ऐना कार्यकारी सारांश प्रस्तुत गरिएको छ । पहिलो परिच्छेदमा नगरपालिकाका मुख्य समस्या र चुनौती विश्लेषण गरी अवसर पहिल्याइएको छ । दोस्रो परिच्छेदमा शिक्षासँग सम्बन्धित दूरदृष्टि, लक्ष्य, रणनीति र सूचक निर्धारण गरिएको छ । तेस्रो परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रका वर्तमान अवस्था, उद्देश्य, रणनीति, प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य उल्लेख गरिएको छ । चौथो परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रसँग अन्तर्सम्बन्धित विषय र क्षेत्रका वर्तमान अवस्था, उद्देश्य, रणनीति, प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य प्रस्तुत गरिएको छ। पाचौं परिच्छेदमा कनकाई नगर शिक्षालाई थप गति प्रदान गर्न केही मौलिक कार्यक्रमहरु समावेश गरी अतिरिक्त परिच्छेदका रुपमा उल्लेख गरिएको छ । छैटौं परिच्छेदमा सुशासन र व्यवस्थापनसम्बन्धी वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि र परिमाणात्मक लक्ष्य उल्लेख गरिएको छ । सातौं परिच्छेदमा दसबर्से नगर शिक्षा योजनाका लागि अनुमानित लागत र सम्भावित स्रोत व्यवस्थापनको विवरण राखिएको छ । अन्त्यमा आठौं परिच्छेदमा योजना कार्यान्वयनपछि अनुगमन र मूल्याङ्कन प्रक्रिया निर्धारण गरिएको छ ।

# परिच्छेद १: परिचय

यस परिच्छेदमा कनकाई नगरपालिकाको वर्तमान अवस्था पहिचान गरी शिक्षा क्षेत्रको साझा समस्या र चुनौतीको उल्लेखसहित नगर शिक्षा क्षेत्रका सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीको विश्लेषण गरिएको छ ।

## १.१ वर्तमान अवस्था

### (क) भौगोलिक अवस्थिति

विश्व मानचित्रमा २६०६९'७४" देखि २६०५७'८७" उत्तरी अक्षांश र ८७०९२'५९" देखि ८७०८९'०६" पूर्वी देशान्तरमा अवस्थित कनकाई नगरपालिकाको कुल क्षेत्रफल ७९.१ वर्ग किलोमिटर रहेको छ। समुद्र सतहबाट ३०० मिटरसम्मको उचाइमा रहेको यस नगरपालिकाले नेपालको कुल क्षेत्रफलको ०.०३९ प्रतिशत र झापा जिल्लाको ६.६२ प्रतिशत भूभाग ओगटेको यस नगरपालिका उत्तरतर्फ चुरे शृङ्खलादेखि सुरु भई दक्षिण समथर भूभागसम्म फैलिएको छ। साविक सुरुङ्गा र घैलाडुब्बा गाउँ विकास समितिलाई मिलाई २०७१ वैशाख २५ गते यसै क्षेत्रको पवित्र नदीको नामकरण भई कनकाई नगरपालिका घोषणा भएको हो। यस नगरपालिकाको पूर्वमा अर्जुनधारा र विर्तामोड नगरपालिका, पश्चिममा शिवसताक्षी नगरपालिका, उत्तरमा इलाम जिल्लाको माई नगरपालिका र दक्षिणमा बाह्रदशी तथा झापा गाउँपालिका अवस्थित छन् । यस नगरपालिकामा नौ वटा वडा रहेका छन्। पर्यावरणीय दृष्टिकोणले अत्यन्त सुन्दर रहेको यस नगरपालिकाको उत्तर-पूर्वी सिमानामा बिरिङ नदी तथा दक्षिण-पूर्वी सिमानमा घाग्रा खोला र पश्चिमी सिमानामा कनकाई नदी बगेका छन्। धनुषकोटी धाम र कोटिहोम धाम जस्ता धार्मिक स्थल; जामुनखाडी सिमसार क्षेत्र, कृस्टझार रमाइलो पार्क, ह्याप्पिल्यान्ड फनपार्क, कनकाई फनपार्क जस्ता पर्यटकीय स्थल; सुकेडाँगी, प्रजापती, कनकाई, जामुनवारी र कृस्टझार सामुदायिक वन; विपी वनबाटिका सार्वजनिक उद्यान र सुरुङ्गा, दुर्गापुर, लक्ष्मीपुर, चम्पापुर, घैलाडुब्बा जस्ता व्यापारिक केन्द्रले सुशोभित कनकाई नगरपालिकाले बन्दनिषेधित क्षेत्रका रुपमा पनि पहिचान बनाइसकेको छ।

जैविक विविधताले सम्पन्न यहाँका वनजङ्गलमा साल, कर्मा (करम), बोटधँगेरो, चिलाउने, लसुने, राजवृक्ष, जमुना, साज, लामपाते, सेतीकाठ, हल्लुँडे, कदमकुम्बी, लाटिकरम, सतिसाल, टुनी, टाँटरी, दबदबे, बोरी, शिरीष, खाकर, कालीकाठ, पाडरी, भद्रासो, भलायो, टिक, मसला, रबर, पानीसाज, मलेसियन साल, खयर, सादन, गिनेरी, रानी कुसुम, कुसुम, खस्रो खन्यु, अशोक, लटर, लाली, गायो, काउलो, क्यामुना, झाक्री, सेउली, पात्ले कटुस, छतिउन, चाँप, सिमल, अम्बक, निबारो, बाँस, माल बाँस, वन मिठाइ, पाँचपाते, वर, पिपल, काफल, मैदाल, आँप, बाँस आदि वनस्पति रहेका छन् भने हर्रो, बर्रो, अमला, कुरिलो, चानमरुवा, भोर्ला, देब्रे, पिप्ला, जेठीमधु, भैंसेकाँडा, चौलाने, वनप्याज, एक्ले गलेनी, कुकुर डाइनो, मूलपाते, माछाजोडे, सिकारी लहरा, हडचुर, मोइङ्गे, चाबो, कालो निगुरो, डाँठे निगुरो, रातो निगुरो, बेसारे, वन लसुन आदि जडिबुटी पाइन्छन् । त्यस्तै यहाँको वनमा मृग, खरायो, हरिण, बाँदर, ढेडु, स्याल, लोखर्के, वन बिरालो, टाटे बाघ, दुम्सी, चितुवा, बँदेल, न्याउरी मुसा, मिथुन गाई, खिरखिरे, मुत बिरालो, मलसाप्रो, ढुकुर, जुरेली, बकुल्ला, धनेस, कोइली, मैना, सुगा, मयूर, लुइँचे आदि पशुपन्छी पाइन्छन् । प्राकृतिक प्रकोप तथा जोखिमको अवस्थाको सन्दर्भमा बिरिङ र कनकाई नदीको कटान, सानातिना अस्थायी खोलाबाट डुबान, वनमा हुने डढेलो प्रकोपलगायत हात्ती आतङ्क आदि रहेका छन् ।

### (ख) जनसाङ्ख्यिक संरचना

राष्ट्रिय जनगणना, २०७८ को नतिजाअनुसार कनकाई नगरक्षेत्रको कुल जनसङ्ख्या ५३१४८ रहेको छ, जसमध्ये पुरुष २५१९० (४७.४%) र महिला २७९५८ (५२.६%) रहेको छ। लिङ्ग अनुपात ९०.१० पुरुष प्रति १०० महिला छ। जम्मा घरपरिवार सङ्ख्या १३१६९ छ भने जनघनत्व ६५६ प्रति वर्ग कि.मि. रहेको छ। कनकाई

नगरपालिकाको २०६८-२०७८ अवधिको वार्षिक जनसङ्ख्या परिवर्तन दर २.७ प्रतिशत रहेको छ। नगरको वडागत जनसङ्ख्या वितरणलाई तालिका १ मा प्रस्तुत गरिएको छ।

**तालिका १**

*वडागत जनसङ्ख्या विवरण*

| वडा नं. | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ | २३६० | २५८७ | ४९४७ | ९.३१ |
| २ | २३४४ | २६५४ | ४९९८ | ९.४० |
| ३ | ६१९६ | ७००० | १३१९६ | २४.८३ |
| ४ | ३५६६ | ३८८० | ७४४६ | १४.०० |
| ५ | २९५२ | ३३९७ | ६३४९ | ११.९५ |
| ६ | १२९६ | १३७६ | २६७२ | ५.०३ |
| ७ | २१९३ | २३४४ | ४५३७ | ८.५४ |
| ८ | २५३३ | २८४४ | ५३७७ | १०.१२ |
| ९ | १७५० | १८७६ | ३६२६ | ६.८२ |
| जम्मा | २५१९० (४७.४%) | २७९५८ (५२.६%) | ५३१४८ | १०० |

स्रोतः नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०२१ इ. (२०७८)

प्रस्तुत तालिकाअनुसार कनकाई नगरपालिकाको वडागत जनसङ्ख्या विश्लेषण गर्दा वडा नम्बर ३ मा सबभन्दा बढी र वडा नम्बर ६ मा सबभन्दा कम जनसङ्ख्या देखिन्छ। लिङ्गगत रुपमा पुरुषभन्दा महिलाको जनसङ्ख्या बढी छ भने वडाको औसत जनसङ्ख्या ५९०५ रहेको छ।

कनकाई नगरपालिकाभित्र अपाङ्गता भएका जनसङ्ख्यालाई ९ वर्गमा विभाजित गरिएको छ। अपाङ्गताका आधारमा प्राप्त नतिजालाई तालिका २ मा प्रस्तुत गरिएको छ। राष्ट्रिय जनगणना, २०७८ को नतिजाअनुसार यस नगरमा जम्मा अपाङ्गता २.८%, महिला अपाङ्गता, २.५% र पुरुष अपाङ्गता ३.१% रहेको छ।

**तालिका २**

*अपाङ्गताअनुसार जनसङ्ख्या*

| अपाङ्गताको प्रकार | जम्मा सङ्ख्या | प्रतिशत |
|---|---|---|
| शारीरिक | ४६६ | ३१.३ |
| न्यून दृष्टि | २३० | १५.५ |
| अन्धो | ७८ | ५.२ |
| बहिरो | ११७ | ७.९ |
| मनो-सामाजिक अपाङ्गता | ८१ | ५.४ |
| श्रवण कठिनाइ | २०८ | १४.० |
| बहिरो तथा अन्धो | ३० | २.० |
| बोलाइ समस्या | ११७ | ७.९ |
| बौद्धिक अपाङ्गता | २९ | १.९ |
| हेमोफिलिया (रगत नजम्ने समस्या) | ५ | ०.३ |

| | | |
|---|---|---|
| अटिज्म | ९ | ०.६ |
| बहुअपाङ्गता | ११८ | ७.९ |
| जम्मा | १४८८ | |

स्रोतः नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०२१ इ. (२०७८)

प्रस्तुत तालिकाअनुसार कनकाई नगरपालिकामा शारीरिक अपाङ्गता भएका जनसङ्ख्या सबभन्दा बढी, दोस्रोमा न्यून दृष्टि भएका र तेस्रोमा श्रवण कठिनाइको भएका जनसङ्ख्या रहेको छ।

कनकाई नगरपालिकामा बसाइँसराइँको अवस्थालाई तालिका ३ मा देखाइएको छ । बसाइँसराइको अवस्था हेर्दा झापा जिल्लाकै अन्य गाउँपालिका/नगरपालिका र झापाबाहेक अर्को जिल्लाबाट यस नगरपालिकामा उल्लेख्य जनसङ्ख्या बसाइँ सरी आएको र विदेशबाट समेत केही जनसङ्ख्या बसाइँ सरी यहाँ आएको देखिन्छ।

**तालिका ३**

*बसाइँसराइ गरेका व्यक्तिको यस अघि बसोबास गरेको स्थानअनुसारको जनसङ्ख्या*

| स्थान | कुल जनसङ्ख्या | पुरुष | महिला |
|---|---|---|---|
| यही नगरपालिकाभित्र | २४६८६ (४६.४%) | १३४७९ (५३.५%) | ११२०७ (४०.१%) |
| यही जिल्लाको अर्को गा.पा./न.पा. | ११६०७ (२१.८%) | ४२२८ (१६.८%) | ७३७९ (२६.४%) |
| अर्को जिल्ला | १३८४६ (२६.१%) | ५७७३ (२२.९%) | ८०७३ (२८.९%) |
| विदेश | ३००९ (५.७%) | १७१० (६.८%) | १२९९ (४.६%) |
| जम्मा | ५३१४८ | २५१९० | २७९५८ |

स्रोतः नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०२१ इ. (२०७८)

योजना निर्माणका लागि जनसङ्ख्या प्रक्षेपण एक महत्त्वपूर्ण सूचक हो जसले भावी रणनीति तय गर्न आधार प्रदान गर्छ । तल कनकाई नगरपालिकाको वडागत रुपमा २०८२, २०८६ (५ वर्ष) र २०९१ (१० वर्ष) सालको जनसङ्ख्या प्रक्षेपण गरिएको छ।

**तालिका ४**

*जनसङ्ख्या प्रक्षेपण(६-१६ वर्ष)*

| वडा | २०७८ को जनसङ्ख्या | २०८२ को प्रक्षेपण (सन् २०२५) | २०८६ को प्रक्षेपण (सन् २०२९) | २०९१ को प्रक्षेपण (सन् २०३४) |
|---|---|---|---|---|
| १ | ४९४७ | ५०९७ | ५१९३ | ५३०० |
| २ | ४९९८ | ५१२६ | ५२२१ | ५३५३ |
| ३ | १३१९६ | १३६१० | १३९०१ | १४२६८ |
| ४ | ७४४६ | ७६३४ | ७७५३ | ७९२८ |
| ५ | ६३४९ | ६५४८ | ६६८० | ६८६७ |
| ६ | २६७२ | २७२५ | २७४७ | २७८६ |
| ७ | ४५३७ | ४६६२ | ४७५७ | ४८८१ |
| ८ | ५३७७ | ५५५२ | ५६८१ | ५८५९ |
| ९ | ३६२६ | ३७२७ | ३८०१ | ३८९० |

| जम्मा | ५३१४८ | ५४६८१ | ५५७३४ | ५७१३२ |
|---|---|---|---|---|

स्रोतः नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०२१ इ. (२०७८)

उपर्युक्त तालिकाअनुसार २०८१ सालको जनसङ्ख्या स्थितिलाई आधार मान्दा अबको ५ वर्षमा नगरको कुल जनसङ्ख्या १.९३ प्रतिशतले र १० वर्षमा ४.४८ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । त्यसैगरी यस नगरपालिकाको कक्षा १-१२ मा अध्ययन गर्ने खास विद्यालय उमेर ६ देखि १६ वर्ष उमेरको जनसङ्ख्याको प्रक्षेपणलाई हेर्दा २०८१ (सन् २०२५) मा १०६५२, पाँच वर्ष पछि वा २०८५ (सन् २०२९) मा १००७९ र दश वर्ष वा २०९० (सन् २०३४) मा ९१८४ पुग्ने अनुमान गरिएको छ (नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८/सन् २०२१) । यस नतिजाअनुसार विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको सङ्ख्या घट्दै जाने देखिन्छ।

### (ग) सामाजिक तथा सांस्कृतिक अवस्था

ब्राह्मण, क्षेत्री, सन्थाल, राजवंशी, चौधरी, लिम्बू, राई, तामाङ, मगर, नेवार, गुरुङ आदि विविध जातजाति, भाषाभाषी र धर्मावलम्बी रहेको यो नगर सामाजिक-सांस्कृतिक रुपले समेत सम्पन्न छ। राष्ट्रिय जनगणना, २०७८ को नतिजाअनुसार यस नगरमा ३२ मातृभाषीहरु (तालिका ५) रहेका छन् जसमा अन्य र साङ्केतिक भाषालाई पनि समावेश गरिएको छ। बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक नगर भएकाले यहाँ विविध रैथाने ज्ञान, सिप र प्रविधि विद्यमान छन्, जस्तै- दुई दर्जनभन्दा बढी मातृभाषाको अस्तित्व, भक्का व्यवसाय, हाते तान उद्योग, माटाका भाँडा र अन्य सामग्री बनाउने सिप, आदिवासी जातिका मौलिक कला र संस्कृति आदि।

**तालिका ५**

*मातृभाषाअनुसार जनसङ्ख्या*

| क्र.सं. | मातृभाषा | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | ४१८९१ | ७८.८२ |
| २ | सन्थाली | २३८९ | ४.४९ |
| ३ | राजवंशी | २०४२ | ३.८४ |
| ४ | मैथिली | १३७३ | २.५८ |
| ५ | याक्थुङ/ लिम्बू | १०७४ | २.०२ |
| ६ | तामाङ | ८१३ | १.५३ |
| ७ | मगर ढुट | ६०७ | १.१४ |
| ८ | राई | ५३५ | १.०१ |
| ९ | नेपाल भाषा (नेवारी) | ४१९ | ०.७९ |
| १० | थारु | ३६० | ०.६८ |
| ११ | बङ्गला | २४२ | ०.४६ |
| १२ | भोजपुरी | २१८ | ०.४१ |
| १३ | गुरुङ | १८२ | ०.३४ |
| १४ | हिन्दी | १४६ | ०.२७ |
| १५ | अन्य | १०७ | ०.२० |
| १६ | बान्तवा | ९० | ०.१७ |
| १७ | उर्दू | ८२ | ०.१५ |

| क्र.सं. | मातृभाषा | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १८ | मुसलमान | ८२ | ०.१५ |
| १९ | मारवाडी | ७२ | ०.१४ |
| २० | चाम्लिङ | ६९ | ०.१३ |
| २१ | माझी | ५९ | ०.११ |
| २२ | भुजेल | ५९ | ०.११ |
| २३ | कुलुङ | ३९ | ०.०७ |
| २४ | शेर्पा | ३७ | ०.०७ |
| २५ | संस्कृत | ३० | ०.०६ |
| २६ | थुलुङ | २४ | ०.०५ |
| २७ | कुमाल | २४ | ०.०५ |
| २८ | सुनुवार | २३ | ०.०४ |
| २९ | ताजपुरिया | १५ | ०.०३ |
| ३० | बाहिङ/बायुङ | १५ | ०.०३ |
| ३१ | साङ्केतिक भाषा | १५ | ०.०३ |
| ३२ | खस | १५ | ०.०३ |
| | जम्मा | ५३१४८ | १०० |

स्रोतः राष्ट्रिय जनगणना, २०७८, भाषिक तथ्याङ्क, भाषा आयोग

### (घ) आर्थिक अवस्था

कृषि र व्यापार-व्यवसाय यस नगरको  प्रमुख पेसाका रुपमा रहेका छन् । कृषि, उद्योग, व्यापार/वाणिज्य र सेवा क्षेत्र यस नगरवासीका प्रमुख अर्थोपार्जनका स्रोत हुन् । राष्ट्रिय जनगणना, २०७८ को नतिजाअनुसार कनकाई नगरपालिकामा १० वर्ष र सोभन्दा माथिका जनसङ्ख्यामध्ये ८५.३ प्रतिशत आर्थिक रुपमा सक्रिय र १४.७ प्रतिशत आर्थिक रुपमा निस्क्रिय रहेका छन् भने सबभन्दा बढी ६४.८ प्रतिशत जनसङ्ख्या कृषि पेसामा र बाँकी अन्य पेसामा संलग्न छन् ।

### (ङ) शैक्षिक अवस्था

कनकाई नगरपालिकामा आ.व. २०८१/०८२ सम्म १४ वटा सामुदायिक विद्यालय, २३ वटा संस्थागत विद्यालय, ४ वटा धार्मिक तथा परम्परागत विद्यालय, २ वटा सामुदायिक र एक निजी क्याम्पस सञ्चालनमा रहेका छन् । वडागत रुपमा वडा नम्बर ३ मा सबभन्दा बढी विद्यालय सङ्ख्या ११ वटा र वडा ६ र ७ मा सबभन्दा कम २/२ वटा रहेका छन् । यस नगरपालिकाभित्र विद्यालयमा आधारित बालविकास केन्द्र २४ वटा र समुदायमा आधारित तथा नगरपालिकाबाट सञ्चालित बालविकास केन्द्र ४ वटा गरी जम्मा २८ वटा बालविकास रहेका छन् । यस नगरमा कुल विद्यार्थी सङ्ख्या सामुदायिक विद्यालयतर्फ ५८५२ (४०.२८%), संस्थागततर्फ ८६७७ (५९ .७२%) र जम्मा १४५२९ रहेका छन् (IEMIS, 2081, शिक्षा, युवा तथा खेलकुद शाखा, कनकाई नगरपालिका) । सामुदायिक विद्यालयअन्तर्गत एक सिभिल इन्जिनियरिङ विषयमा कक्षा ९-१२ को प्राविधिक विद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा सम्बन्धन प्राप्त गरी यसै नगरपालिकाको व्यवस्थापनमा एक बहुप्राविधिक शिक्षालय सञ्चालित छ । तीमध्ये सामुदायिक सिभिलतर्फ ८२ जना र बहुप्राविधिकतर्फ २५२ जना

विद्यार्थी अध्ययनरत छन् (शिक्षा शाखा, कनकाई नगरपालिका) । नगरको साक्षरता प्रतिशत ८३.३ भएकामा पुरुष साक्षरता प्रतिशत ८८.८ र महिला साक्षरता प्रतिशत ७८.४ रहेको छ (नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०२१ इ.)।

**तालिका ६**

*कनकाई नगरपालिकाका शैक्षिक संस्था विवरण, २०८१*

| सञ्चालित तह | सामुदायिक | संस्थागत | जम्मा | कैफियत |
|---|---|---|---|---|
| परम्परागत विद्यालय | ४ | - | ४ | गुरुकुल २, मदरसा २ |
| कक्षा १-३ | १ | ३ | ४ | |
| कक्षा १-५ | ३ | २ | ५ | |
| कक्षा १-८ | ३ | ४ | ७ | |
| कक्षा १-१० | ४ | ११ | १५ | |
| कक्षा १-१२ | ३ | ३ | ६ | |
| क्याम्पस | २ | १ | ३ | |
| जम्मा | २० | २४ | ४४ | |

स्रोतः कनकाई नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा, २०८१

**तालिका ७**

*कनकाई नगरपालिकाका वडागत सामुदायिक र संस्थागत विद्यालय विवरण, २०८१*

| वडा नं. | सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | | सामुदायिक र संस्थागत जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत | माध्यमिक | जम्मा | आधारभूत | माध्यमिक | जम्मा | आधारभूत | माध्यमिक | जम्मा |
| १ | १ | - | १ | १ | १ | २ | २ | १ | ३ |
| २ | २ | १ | ३ | १ | - | १ | ३ | १ | ४ |
| ३ | १ | १ | २ | ३ | ६ | ९ | ४ | ७ | ११ |
| ४ | २ | १ | ३ | - | १ | १ | २ | २ | ४ |
| ५ | १ | - | १ | १ | २ | ३ | २ | २ | ४ |
| ६ | - | १ | १ | १ | - | १ | १ | १ | २ |
| ७ | - | १ | १ | - | १ | १ | - | २ | २ |
| ८ | - | १ | १ | १ | २ | ३ | १ | ३ | ४ |
| ९ | - | १ | १ | १ | १ | २ | १ | २ | ३ |
| जम्मा | ७ | ७ | १४ | ९ | १४ | २३ | १६ | २१ | ३७ |

स्रोतः शैक्षिक स्थिति प्रतिवेदन, २०८१, कनकाई नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा

**तालिका ८**

*कक्षागत, तहगत, सामुदायिक वा संस्थागत प्रकारका आधारमा विद्यार्थी विवरण, २०८१*

| कक्षा | सामुदायिक | | | | संस्थागत | | | कुल जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | अन्य | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | अन्य | जम्मा |
| इसिइडी | २७६ | ३४० | | ६१६ | ७८५ | ९४२ | १७२७ | १०६१ | १२८२ | | २३४३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १७३ | १८३ | | ३५६ | ३४१ | ४२५ | ७६६ | ५१४ | ६०८ | | ११२२ |
| २ | १८३ | १४१ | | ३२४ | ३२८ | ३८४ | ७१२ | ५११ | ५२५ | | १०३६ |
| ३ | १६७ | १७६ | | ३४३ | ३१९ | ४५९ | ७७८ | ४४६ | ६३५ | | ११२१ |
| ४ | १९१ | २०४ | | ३९५ | ३४७ | ४११ | ७५८ | ५३८ | ६१५ | | ११५३ |
| ५ | २३० | २०७ | | ४३७ | ३३६ | ४०१ | ७३७ | ५६६ | ६०८ | | ११७४ |
| ६ | २२४ | २१२ | | ४३६ | ३२७ | ३८२ | ७०९ | ५५१ | ५९४ | | ११४५ |
| ७ | २२९ | १९० | | ४१९ | २८६ | ३१७ | ६०३ | ५१५ | ५०७ | | १०२२ |
| ८ | २९४ | २९८ | | ५९२ | २५१ | ३०२ | ५५३ | ५४५ | ६०० | | ११४५ |
| आधारभूत जम्मा | १९६७ | १९५१ | | ३९१८ | ३३२० | ४०२३ | ७३४३ | ५२८७ | ५९७४ | | ११२६१ |
| ९ | ३०९ | २७३ | | ५८२ | २४१ | २६९ | ५१० | ५५० | ५४२ | | १०९२ |
| १० | २०३ | १९५ | १ | ३९९ | २०६ | २४४ | ४५० | ४०९ | ३३९ | १ | ८४९ |
| ११ | २३७ | २४२ | | ४७९ | १०४ | ११२ | २१६ | ३४१ | ३५४ | | ६९५ |
| १२ | २४८ | २२६ | | ४७४ | ८१ | ७७ | १५८ | ३२९ | ३०३ | | ६३२ |
| माध्यमिक जम्मा | ९९७ | ९३६ | १ | १९३४ | ६३२ | ७०२ | १३३४ | १६२९ | १६३८ | १ | ३२६८ |
| कुल जम्मा | २९६४ | २८८७ | १ | ५८५२ | ३९५२ | ४७२५ | ८६७७ | ६९१६ | ७६१३ | १ | १४५२९ |

स्रोतः IEMIS, 2081, कनकाई नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा

## प्राविधिक शिक्षा

नेपाल सरकारको एक स्थानीय तह एक प्राविधिक विद्यालयको नीतिबमोजिम यस कनकाई नगरपालिकामा कनकाई नगरपालिका वडा नं. ९ स्थित श्री आदर्श विद्या मन्दिर माध्यमिक विद्यालयमा साधारण धारको शिक्षासँगै सिभिल इन्जिनियरिङ विषयमा कक्षा ९ देखि १२ सम्मका प्राविधिक धारका कक्षा सञ्चालनमा रहेका छन्। प्रत्येक कक्षामा ४८ जना कोटा रहेको यस प्राविधिक शिक्षामा शैक्षिक सत्र २०८१ मा सबै कक्षा गरी जम्मा ८२ विद्यार्थी अध्ययनरत छन् भने ८ जना प्रशिक्षक कार्यरत छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २(१)ज (३) बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट स्वीकृति लिई आधारभूत तहको सिप तालिम सञ्चालन गर्न एवम् मध्यमस्तरीय जनशक्ति उत्पादन गर्न कनकाई नगरपालिकाको पूर्ण स्वामित्वमा सरकारी शिक्षालयका रुपमा कनकाई नगरपालिका वडा नं. ७ मा कनकाई पोलिटेक्निक इन्स्टिच्युट वि.सं. २०७६ देखि सञ्चालनमा रहेको छ। यस संस्थाले प्रि-डिप्लोमा तहका Pre-diploma in Information Technology तथा Pre-diploma in Civil Engineering (Building Construction) र डिप्लोमा तहमा Diploma in Civil Engineering, Diploma in Information Technology तथा Diploma in Geomatics Engineering विषयहरुमा बहुप्राविधिक शिक्षा प्रदान गर्दै आएको छ। Pre-diploma तर्फ ३० र २०, Diploma तर्फ प्रत्येकमा ४८ जना विद्यार्थीको अध्ययन कोटा भए पनि शैक्षिक सत्र २०८१ मा जम्मा विद्यार्थी Pre-diploma तर्फ १०६ जना र Diploma तर्फ १४६ जना गरी जम्मा २५२ जना अध्ययनरत छन् भने १८ जना प्रशिक्षक तथा सहायक प्रशिक्षक कार्यरत छन् ।

## प्रवेश दर, भर्ना दर र टिकाउ दर

विद्यालयको पहुँच क्षेत्रभित्र विद्यालय उमेर समूहका बालबालिकाको सम्पूर्ण जनसङ्ख्यामध्ये कति विद्यार्थी विद्यालयमा भर्ना भएका छन् भन्ने महत्त्वपूर्ण सवाल हो । तोकिएको कक्षा र तहमा तोकिएको उमेर समूहका बालबालिका

अध्ययनरत रहनु राम्रो शैक्षिक सूचक मानिन्छ । बालबालिकाको विद्यालयमा पहुँचको सूचकका रुपमा रहेको प्रवेश दर, भर्ना दर र टिकाउ दरका स्थानीय, प्रदेश स्तर र राष्ट्रिय स्तरको तथ्याङ्कलाई तालिका ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ९**

*प्रवेश दर र भर्ना दर विवरण, २०८१ (२०२४इ.)*

| तहगत विवरण | स्थानीय स्तर (कनकाई न.पा.) % | | | प्रदेश स्तर % | राष्ट्रिय स्तर % |
|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | | |
| इसिइडी कुल भर्ना दर (GER- ECED) | ९३.० | १०२.० | ९७.८ | ९६.३ | ९९.९ |
| इसिइडी खुद भर्ना दर (NER- ECED) | ६८.४ | ७१.७ | ७०.१ | ६८.४ | ७०.६ |
| कक्षा १ कुल प्रवेश दर (GIR- Class 1) | १०४.३ | १०१.८ | १०३.० | ११०.५ | ११५.९ |
| कक्षा १ खुद प्रवेश दर (NIR- Class 1) | ९६.४ | ९६.४ | ९६.४ | ९५.९ | ९५.७ |
| इसिइडीको अनुभवसहित कक्षा १ मा भर्ना दर | ६९.८ | ६९.७ | ६९.७ | ७६.५ | ७६.९ |
| कक्षा १-५ कुल भर्ना दर (GER- Class 1-5) | ११३.८ | ११७.१ | ११५.५ | ११६.४ | १२४.८ |
| कक्षा १-५ खुद भर्ना दर (NER- Class 1-5) | ९५.५ | ९५.७ | ९५.६ | ९५.६ | ९५.६ |
| कक्षा ६-८ कुल भर्ना दर (GER- Class 6-8) | १२९.६ | १२४.० | १२६.६ | ११८.३ | ११६.१ |
| कक्षा ६-८ खुद भर्ना दर (NER- Class 6-8) | ९४.८ | ९७.१ | ९६.० | ९४.८ | ९४.४ |
| कक्षा १-८ कुल भर्ना दर (GER- Class 1-8) | ११९.२ | ११९.५ | ११९.४ | ११७.१ | १२१.६ |
| कक्षा १-८ खुद भर्ना दर (NER- Class 1-8 | ९५.३ | ९६.२ | ९५.८ | ९५.३ | ९५.२ |
| कक्षा ९-१० कुल भर्ना दर (GER- Class 9-10) | ९८.३ | १०८.९ | १०३.५ | ९७.९ | ९८.७ |
| कक्षा ९-१० खुद भर्ना दर (NER- Class 9-10) | ७४.५ | ८३.१ | ७८.८ | ७५.९ | ७६.५ |
| कक्षा ११-१२ कुल भर्ना दर (GER- Class 11-12) | ६८.६ | ७०.४ | ६९.५ | ६७.८ | ६७.७ |
| कक्षा ११-१२ खुद भर्ना दर (NER- Class 11-12) | ३९.१ | ४२.८ | ४०.९ | ३६.९ | ३७.१ |
| कक्षा ९-१२ कुल भर्ना दर (GER- Class 9-12) | ८३.३ | ९०.० | ८६.५ | ८२.७ | ८३.२ |
| कक्षा ९-१२ खुद भर्ना दर (NER- Class 9-12) | ५६.६ | ६३.३ | ५९.९ | ५६.२ | ५६.८ |
| कुल भर्ना दर (GER- Class 1-12) | ९३.० | १०२.० | ९७.८ | ९६.३ | ९९.९ |
| खुद भर्ना दर (NER- Class 1-12) | ६८.४ | ७१.७ | ७०.१ | ६८.४ | ७०.६ |
| कक्षा ८ सम्म टिकाउ दर (Survival Rate) | ८६.२ | ८७.२ | ८६.७ | ८६.५ | ८६.३ |

स्रोतः फ्ल्यास प्रतिवेदन (शिमास्रोविके, २०२४ इ.)

प्रस्तुत तालिकाअनुसार कनकाई नगरपालिकामा इसिइडीको कुल भर्ना दर राम्रै रहे पनि खुद भर्ना दरले न्यून सहभागिता देखाउँछ । कक्षा १ को प्रवेश दर सन्तोषजनक भए पनि इसिइडीको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको दर प्रदेश र राष्ट्रिय स्तरभन्दा न्यून रहेको छ। यस नगरको कक्षा १-५ तथा कक्षा १-८ को कुल भर्ना दर घटाउनुपर्ने र खुद भर्ना दर बढाउनुपर्ने स्थिति छ। त्यस्तै कक्षा ९-१२ तथा समग्र कक्षा १-१२ को कुल तथा खुद भर्ना दर सुधार गर्नुपर्ने अवस्था छ। यस नगरको कक्षा ८ सम्मको विद्यार्थी टिकाउ दर प्रदेश र राष्ट्रिय स्तरसँग समानान्तर भए पनि ९० प्रतिशतभन्दा तल नै रहेको छ।

विद्यालय शिक्षाको गुणस्तरसँग जोडिएका सूचकहरु औसत सिकाइ उपलब्धि, बिचैमा विद्यालय छोड्ने दर, कक्षा दोहोऱ्याउने दर हुन्।

**तालिका १०**

*कनकाई नगरअन्तर्गत आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) को सिकाइ उपलब्धि विवरण, २०८०*

| विषय | औसत जिपिए, २०७९ | औसत जिपिए, २०८० | औसत जिपिए, २०८१ |
|---|---|---|---|
| अङ्ग्रेजी | २.४७ | २.४८ | ३.१६ |
| नेपाली | २.४७ | २.५२ | ३.०२ |
| गणित | २.१४ | २.६३ | ३.०२ |
| विज्ञान | २.४८ | २.६३ | ३.१६ |

स्रोतः शिक्षा शाखा, कनकाई नगरपालिका

**तालिका ११**

*कनकाई नगरअन्तर्गत बिचैमा विद्यालय छाड्ने दर विवरण, २०८१ (२०२४ इ.)*

| कक्षा | छात्रा % | छात्र % | जम्मा % | राष्ट्रिय कुल % |
|---|---|---|---|---|
| १ | ३.५ | ३.६ | ३.५ | ३.८ |
| २ | ३.४ | ३.९ | ३.७ | ३.६ |
| ३ | २.९ | ३.४ | ३.२ | ३.१ |
| ४ | ५.३ | ४.६ | ४.९ | ३.१ |
| ५ | १.६ | १.४ | १.५ | २.५ |
| १-५ | ३.३ | ३.४ | ३.४ | ३.२ |
| ६ | २.७ | ३.५ | ३.१ | २.७ |
| ७ | ३.४ | ३.४ | ३.४ | २.९ |
| ८ | २.३ | ४.२ | ३.३ | २.८ |
| ६-८ | २.८ | ३.७ | ३.३ | २.८ |
| ९ | १.२ | १.२ | १.२० | ३.० |
| १० | ०.३ | ०.२ | ०.३ | ०.८ |
| ९-१० | ०.८ | ०.८ | ०.८ | १.९ |
| ११ | १.० | ०.८ | ०.९ | १.६ |
| १२ | ०.० | ०.० | ०.० | ०.२ |
| ११-१२ | ०.५ | ०.४ | ०.४ | ०.९ |

स्रोतः फ्ल्यास प्रतिवेदन (शिमास्रोविके, २०२४ इ.)

**तालिका १२**

*कनकाई नगरको कक्षा दोहोऱ्याउने विद्यार्थी विवरण, २०८१ (२०२४ इ.)*

| कक्षा | छात्रा % | छात्र % | जम्मा % | राष्ट्रिय कुल % |
|---|---|---|---|---|
| १ | ४.५ | ३.५ | ४.० | ११.१ |
| २ | ५.३ | ४.३ | ४.८ | ८.० |
| ३ | २.८ | ४.२ | ३.५ | ६.८ |
| ४ | ५.८ | ६.४ | ६.१ | ६.० |

| | | | | |
|---|---|---|---|---|
| ५ | ३.५ | २.३ | २.९ | ५.१ |
| १-५ | ४.८ | ४.४ | ४.६ | ८.७ |
| ६ | ४.० | ५.९ | ५.० | ४.७ |
| ७ | ३.० | ३.८ | ३.४ | ४.३ |
| ८ | ५.४ | ५.३ | ५.४ | ६.५ |
| ६-८ | ४.२ | ५.० | ४.६ | ५.२ |
| ९ | १.७ | २.६ | २.२ | ३.९ |
| १० | ०.५ | ०.२ | ०.३ | ०.३ |
| ९-१० | १.१ | १.४ | १.२ | २.२ |
| ११ | 0 | 0 | 0 | ०.७ |
| १२ | 0 | 0 | 0 | ०.९ |
| ११-१२ | 0 | 0 | 0 | ०.८ |

स्रोतः फ्ल्यास प्रतिवेदन (शिमास्रोविके, २०२४ इ)

उक्त तालिकाका उपलब्धिसँग सम्बन्धित सूचकहरु विश्लेषण गर्दा आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) र माध्यमिक तह (कक्षा १०) को नतिजा सन्तोषजनक छैन। नगरमा बिचैमा विद्यालय छाड्ने विद्यार्थीहरुको अवस्था राष्ट्रिय स्तरसँग तुलना गर्दा समग्रमा त्यति कमजोर छैन तर कक्षा दोहोर्याउने विद्यार्थीको दर राष्ट्रिय स्तरभन्दा राम्रो भए पनि आधारभूत तह (कक्षा १-८) मा सुधार गर्नुपर्ने स्थिति छ।

**(च) समता र समावेशीकरण**

समता र समावेशीकरण विद्यालय शिक्षाको एक गहन पक्ष हो। शिक्षाका मूलधारमा समाहित हुन नसकेका बालबालिकालाई विद्यालयको पहुँच क्षेत्रबाट विद्यालयमा प्रवेश गराउन सकिएको छ, छैन भन्ने कुरा बढी महत्त्वपूर्ण छ। प्रवेश भएका विद्यार्थीलाई कक्षा १२ सम्म टिकाउन सक्नु एक चुनौतीका रुपमा रहेको छ । नेपाल सरकारबाट प्राप्त हुने, नगरपालिकालगायत विभिन्न दाताहरुको अक्षय कोषमार्फत् दलित, सीमान्तकृत, छात्रा, अपाङ्गता र गरिब तथा जेहेन्दार छात्रवृत्ति वितरण गरी लक्षित समूहलाई सीमित मात्रामा भए पनि सहयोग हुँदै आएको छ।

**तालिका १३**

*सामुदायिक विद्यालयको दलित, सीमान्तकृत, आदिवासी जनजाति र अपाङ्गता भएका विद्यार्थी विवरण, २०८१*

| तह | दलित | सीमान्तकृत | आदिवासी | अपाङ्गता भएका |
|---|---|---|---|---|
| इसिइडी | १०४ | १५८ | १९२ | ३ |
| कक्षा १-५ | ३१७ | ३७० | ४९२ | ३३ |
| कक्षा ६-८ | १९६ | २३५ | ४६३ | ३६ |
| कक्षा ९-१० | ११९ | १३७ | २५६ | २४ |
| कक्षा ११-१२ | ८१ | ७६ | १९४ | ० |
| जम्मा | ८१७ | ९७६ | १५९७ | ९६ |

कुल विद्यार्थी सङ्ख्याः ५९२१

स्रोतः सत्यापन फाराम, २०८१ (कनकाई नगरपालिका)

**तालिका १४**

*प्रारम्भिक बालविकास तथा शिक्षामा दलित, आदिवासी जनजाति र मधेसी विद्यार्थी विवरण, २०८१*

| तह | इसिइडी | सामुदायिक | संस्थागत |
|---|---|---|---|
| दलित | १९९ | ११५ | ८४ |
| आदिवासी जनजाति | ५९९ | २१९ | ३८० |
| मधेसी | ११३ | ६२ | ५१ |
| अन्यसहित सबै प्रकारका जम्मा | २३०७ | ७०२ | १६०५ |

स्रोतः फ्ल्यास प्रतिवेदन (शिमास्रोविके, २०२४ ई.)

**तालिका १५**

*कनकाई नगरपालिका, शिक्षक विवरण (साधारण धारतर्फ), २०८०*

| तह | श्रेणी र सङ्ख्या | | | अन्य प्रकार र सङ्ख्या | | |
|---|---|---|---|---|---|---|
| | तृतीय | द्वितीय | प्रथम | अस्थायी/ करार | राहत | जम्मा |
| प्राथमिक | ५० | ४५ | १ | ६ | १२ | ११४ |
| निम्न माध्यमिक | १५ | ८ | | ३ | ५ | ३१ |
| माध्यमिक | २० | ७ | | | १ | २८ |
| माध्यमिक (कक्षा ११-१२) | | | | ६ | | ६ |
| जम्मा | ८५ | ६० | १ | १५ | १८ | १७९ |

स्रोतः IMEIS, 2081

**तालिका १६**

*कनकाई नगरपालिका, शिक्षक विवरण (प्राविधिक धारतर्फ), २०८०*

| तह | सङ्ख्या |
|---|---|
| प्रशिक्षक (कक्षा ११-१२) | ४ |
| प्रशिक्षक माध्यमिक (कक्षा ९-१०) | २ |
| प्रशिक्षक निम्नमाध्यमिक | २ |
| जम्मा | ८ |

स्रोतः IMEIS, 2081

**तालिका १७**

*विद्यालय-विद्यार्थी अनुपात (सामुदायिक विद्यालयतर्फ)*

| तह | विद्यार्थी सङ्ख्या | विद्यालय सङ्ख्या | विद्यालय-विद्यार्थी अनुपात |
|---|---|---|---|
| आधारभूत विद्यालय (कक्षा ८ सम्म) | ३९१८ | ७ | १:५६० |
| माध्यमिक विद्यालय (कक्षा ९-१२) | १९३४ | ७ | १:२७७ |
| जम्मा | ५८५२ | १४ | १:४१८ |

स्रोतः IMEIS, 2081

**तालिका १८**

*शिक्षक विद्यार्थी अनुपात (सामुदायिक विद्यालयतर्फ)*

| तह | कुल विद्यार्थी सङ्ख्या | दरबन्दीको शिक्षक सङ्ख्या | शिक्षक-विद्यार्थी अनुपात |
|---|---|---|---|
| आधारभूत (कक्षा १-८) | ३९१८ | १४५ | १:२७ |
| माध्यमिक (कक्षा ९-१२) | १९३४ | ३४ | १:५७ |

**तालिका १९**

*पहुँचमा लैङ्गिक समता सूचक (Gender Parity Index, GPI) (सामुदायिक विद्यालयतर्फ)*

| तह | छात्रा | छात्र | लैङ्गिक समता सूचकाङ्क (GPI) |
|---|---|---|---|
| इसिइडी | २७६ | ३४० | ०.८१ |
| आधारभूत | १९६७ | १९५१ | १.०० |
| माध्यमिक | २४८ | २२६ | १.०९ |

स्रोतः IMEIS, 2081

## (छ) भौतिक पूर्वाधार र सुविधा

शिक्षणसिकाइका लागि विद्यालयमा उपयुक्त भौतिक पूर्वाधार र सुविधा प्राथमिक आवश्यकता हो। कनकाई नगरपालिकाभित्रका विद्यालयहरुमा भवन, कक्षाकोठा, शौचालय, खानेपानी, पुस्तकालय, खेलमैदानलगायत भौतिक पूर्वाधारहरुको वर्तमान अवस्थालाई तालिका २० मा देखाइएको छ । यहाँको सामुदायिक विद्यालयतर्फ भवन, शौचालय, कक्षाकोठा र खानेपानीको अवस्था सन्तोषजनक देखिए पनि पुस्तकालय, प्रयोगशाला, खेलमैदानको अवस्था दयनीय रहेको छ।

**तालिका २०**

*भौतिक सुविधा विवरण (सामुदायिक विद्यालयतर्फ)*

| विद्यालयको नाम | भवन | शौचालय | पुस्तकालय | स्कुल बस | कक्षाकोठा | विज्ञान प्रयोगशाला | खानेपानी | इन्टरनेट सहित ICT ल्याब | खेलमैदान | चमेनागृह |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आदर्श विद्यामन्दिर मा.वि. | ५ | ३ | छ | - | १८ | छ | छ | छ | छ | छ |
| कनकाई गायत्री आ.वि. | ३ | ३ | - | - | ९ | - | छ | - | छ | - |
| कनकाई मा.वि. | ८ | छ | छ | २ | ४४ | छ | छ | छ | छ | छ |
| चम्पापुर मा.वि. | ६ | ३ | छ | - | १९ | छ | छ | छ | छ | छ |
| जनचेतना आ.वि. | ५ | ३ | छ | - | १३ | - | छ | - | छैन | - |
| जानकी आ.वि. | ४ | २ | छ | - | ११ | - | छ | - | छैन | - |
| भगवती आ.वि. | ३ | - | छ | - | १२ | छ | छ | - | छैन | - |
| पञ्चकन्या आ.वि. | २ | १ | - | - | ४ | - | छ | - | छैन | - |
| पशुपति आ.वि. | ३ | २ | - | - | ६ | - | छ | - | छैन | - |
| देवकोटा आ.वि. | ३ | १ | - | - | ६ | - | छ | - | छैन | - |

| विद्यालयको नाम | भवन | शौचालय | पुस्तकालय | स्कुल बस | कक्षाकोठा | विज्ञान प्रयोगशाला | खानेपानी | इन्टरनेट सहित ICT ल्याब | खेलमैदान | चमेनागृह |
|---|---|---|---|---|---|---|---|---|---|---|
| भृकुटी मा.वि. | ५ | ३ | छ | - | १८ | छ | छ | छ | छ | - |
| सरस्वती मा.वि. | ५ | ६ | छ | - | १० | छ | छ | छ | छ | - |
| सिंहदेवी मा.वि. | ५ | ६ | छ | - | १७ | छ | छ | छ | छैन | - |
| हिमाली मा.वि. | ६ | ४ | छ | - | १४ | छ | छ | छ | छैन | - |

स्रोतः कनकाई नगरपालिका, शैक्षिक स्थिति प्रतिवेदन, २०८१

### (ज) विद्यालयगत सिकाइ सामग्री र सूचना तथा सञ्चार प्रविधिको उपलब्धता

विद्यालय शिक्षा प्रणालीको प्रमुख केन्द्रबिन्दु विद्यार्थीको सिकाइ उपलब्धि भएकाले सिकाइ सहजीकरणमा सिकाइ सामग्रीको उपलब्धताले महत्त्वपूर्ण भूमिका खेल्दछ। सिकाइ सामग्रीअन्तर्गत शिक्षकनिर्मित, विद्यार्थीनिर्मित, बजारबाट खरिद गरिएका, अनुदानबाट प्राप्त भएकादेखि लिएर वातावारणबाट सङ्कलितसम्मका सामग्री पर्दछन् । कतिपय सामग्री खेर जाने अल्पकालीन प्रकृतिका हुन्छन्। त्यस्तै विद्यालयगत रुपमा सिकाइ सामग्रीको व्यवस्थित अभिलेखीकरण हुन सकेको छैन तथापि विद्यालयमा उपलब्ध टिकाउ हुने प्रकारका बजारबाट खरिद गरिएका मुख्य सिकाइ सामग्रीलाई तालिका २१ मा प्रस्तुत गरिएको छ ।

**तालिका २१**

विद्यालयगत सिकाइ सामग्रीको उपलब्धता *(सामुदायिक विद्यालयतर्फ)*

| विद्यालयको नाम | ह्वाइटबोर्ड | प्रोजेक्टर | इन्ट्याक्टिभ बोर्ड | प्रिन्टर/ फोटोकपि | साउन्ड बक्स | कम्प्युटर डेस्कटप | ल्यापटप | सङ्गीतका सामग्री | खेल सामग्री | टेलिभिजन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कनकाई गायत्री आ.वि. | ६ | ४ | - | १ | - | २ | ५ | १ | ४ | १ |
| जनचेतना आ.वि. | ८ | २ | - | २ | १ | ८ | ८ | १ | २ | १ |
| जानकी आ.वि. | ९ | १ | - | १ | - | २ | १ | १ | - | १ |
| भगवती आ.वि. | ९ | ९ | ६ (स्मार्ट) | ३ | - | ९ | ८ | २ | १ | १ |
| पञ्चकन्या आ.वि. | ४ | १ | - | १ | - | ३ | १ | १ | ४ | २ |
| पशुपति आ.वि. | ६ | २ | १ | २ | १ | १ | ४ | १ | २ | १ |
| देवकोटा आ.वि. | ६ | ५ | ४ | ४ | २ | १ | ६ | ३ | ६ | - |
| | | | | | | | | | | |
| आदर्श विद्यामन्दिर मा.वि. | १२ | २ | ५ | ३ | १ | २७ | १ | ३ | ६ | १ |
| कनकाई मा.वि. | ४९ | १३ | १३ | ११ | ५ | ४४ | ६७ | ५ | ५ | ६ |
| चम्पापुर मा.वि. | १५ | ४ | १ | २ | १ | २ | ६ | - | ६ | १ |
| भृकुटी मा.वि. | २२ | ८ | १ | ३ | १ | ३० | ४ | ३ | ५ | २ |
| सरस्वती मा.वि. | १३ | ५ | २ | २ | १ | ४ | ८ | १ | ७ | ३ |
| सिंहदेवी मा.वि. | ६ | ६ | ४ (इन्टऱ्या) +६ (स्मार्ट) | ३ | ३ | १६ | १० | २ | ४ | १ |
| हिमाली मा.वि. | १२ | ४ | १ | १ | १ | १५ | ३ | २ | ४ | ३ |
| | | | | | | | | | | |

स्रोतः कनकाई नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा, २०८२

माथिको तथ्याङ्क हेर्दा कनकाई नगरभित्रका सामुदायिक विद्यालयहरुमा मार्करबोर्डको उपलब्धता पर्याप्त नै रहेको छ । डिजिटल प्रविधिसँग सम्बन्धित सामग्रीहरु ल्यापटप, डेस्कटप, इन्टऱ्याक्टिभ बोर्ड, स्मार्ट बोर्ड, प्रोजेक्टर प्रत्येक विद्यालयमा केही सङ्ख्यामा उपलब्ध भए पनि पर्याप्त छैनन् । प्रविधिमैत्री शिक्षाका दृष्टिले यस्ता सामग्री कक्षागत रुपमा हुनु आवश्यक छ । नगरका सात वटा आधारभूत विद्यालयमध्ये चार वटा विद्यालयमा अझसम्म स्मार्ट वा इन्टऱ्याक्टिभ बोर्ड उपलब्ध छैन । इन्टऱ्याक्टिभ बोर्डलाई कक्षाकोठाका लागि अत्यावश्यक आधुनिक शैक्षणिक प्रविधिका रुपमा लिन थालिएको छ । डेस्कटप तथा ल्यापटप कम्प्युटर अधिकांश आधारभूत विद्यालयमा कार्यालय प्रयोजनका लागि थोरै सङ्ख्यामा रहेको भए पनि अधिकांश माध्यमिक विद्यालयमा तुलनात्मक रुपमा बढी रहेको देखिन्छ । विद्यालय शिक्षाको आधारभूत तहबाट कम्प्युटर विषय हटेपछि यी डेस्कटप कम्प्युटरको न्यून प्रयोगको अवस्था छ । विद्यालयहरुमा यी कम्प्युटरका मर्मत र सम्भारको भने टड्कारो समस्या रहेको छ । बालविकास कक्षाका लागि टेलिभिजन हरेक विद्यालयमा उपलब्ध भए पनि सङ्गीत र खेलकुद सामग्रीको भने न्यूनता छ ।

### (झ) विद्यालय पोषण कार्यक्रम/ दिवा खाजा कार्यक्रम कार्यान्वयन

विद्यालय शिक्षासँग जोडिएको दिवा खाजा कार्यक्रम कार्यान्वयनका सन्दर्भमा कनकाई नगपालिकाका १४ वटा सामुदायिक विद्यालयलाई ससर्त अनुदानअन्तर्गत कक्षा १ देखि ५ सम्म विद्यालय खुलेको दिनको प्रतिदिन रु. १५ का दरले दिवा खाजावापत रकम निकासा गर्दै आइएको छ । नगरपालिकाले दिवा खाजालाई व्यवस्थित गर्न र यसमा कृषि उपजलाई जोड्ने प्रयोजनले दिवा खाजा निर्देशिका, २०७७ जारी गरी कार्यान्वयनमा ल्याए तापनि स्थानीय कृषि उपजलाई दिवा खाजामा व्यवस्थापन गर्न नसकिएको अवस्था छ । अधिकांश विद्यालयले दिवा खाजाको व्यवस्थापन विद्यालय आफैंले गरेका छन् भने विद्यार्थी सङ्ख्या न्यून रहेको विद्यालयमा दिवा खाजाको व्यवस्थापन गर्न चुनौतीपूर्ण रहेको छ ।

### (ञ) विशेष शिक्षा कार्यक्रम कार्यान्वयन

कनकाई नगरपालिकाभित्र विशेष शिक्षाअन्तर्गत २ वटा विद्यालयमा बहिरा विद्यार्थीका लागि साङ्केतिक भाषाका माध्यमबाट स्रोत कक्षा सञ्चालनमा छन् । ती विद्यालयहरु हिमाली माध्यमिक विद्यालय (कनकाई-८) र कन्काई माध्यमिक विद्यालय (कनकाई-३) हुन् । तीमध्ये शैक्षिक सत्र २०८१ मा हिमालीमा कक्षा १-५ मा जम्मा १५ जना विद्यार्थी र कनकाईमा कक्षा १-१० मा जम्मा ८० जना विद्यार्थी अध्ययनरत छन्।

### (ट) नमुना विद्यालय सञ्चालन

नेपाल सरकारको नमुना विकास कार्यक्रमअन्तर्गत आ.व. २०७५/०७६ देखि कन्काई माध्यमिक विद्यालयमा नमुना कार्यक्रम सञ्चालनमा रहेको छ । नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका, २०७४ (पहिलो संशोधन, २०७५) मा उल्लिखित प्रक्रिया तथा मापदण्डका आधारमा छनौट भएको यस विद्यालयले नमुना कार्यक्रमअन्तर्गत सङ्घीय सरकारबाट वार्षिक रुपमा अनुदान प्राप्त गर्दै आएको छ जसमार्फत विद्यालयले विविध भौतिक, शैक्षिक, व्यवस्थापकीय, विद्यार्थी सहायता, अतिरिक्त क्रियाकलापलगायत सुधारात्मक कार्यहरु गर्दै आएको छ । नमुना विद्यालयको भूमिका निर्वाह गर्दै यस विद्यालयले नगरभित्रका अन्य विद्यालयहरुलाई असल शैक्षिक अभ्यासहरु अवगत गराउने, मन्टेसरी कक्षाको तालिममा अन्य विद्यालयका शिक्षकहरुलाई पनि सहभागी गराउने, विविध शैक्षिक योजना निर्माणमा सक्रिय सहभागिता जनाउने जस्ता कार्यहरु गर्दै आएको छ ।

### (ठ) विद्यालय सुधार योजना र सामाजिक परीक्षण

विद्यालयको ५ बर्से दीर्घकालीन योजनाका रुपमा सबै सामुदायिक विद्यालयले विद्यालय सुधार योजना निर्माण गर्दै आएका छन्। ५ बर्से रणनीति र परिमाणात्मक लक्ष्यसहित निर्माण गरिने यस योजनाले विद्यालयको भावी मार्गचित्र देखाए पनि नगरभित्रका विद्यालयहरुको विद्यालय सुधार योजनाको नीति र कार्यान्वयनबिच प्रशस्त रिक्तता रहेको छ। त्यस्तै प्रत्येक विद्यालयले भदौ १५ गतेभित्र विद्यालयको अघिल्लो आर्थिक वर्षको सामाजिक परीक्षण गरी सरोकारवालाहरुसमक्ष सोको प्रतिवेदन सार्वजनिकीकरण गर्नुपर्ने प्रावधान रहेको छ जुन सामुदायिक विद्यालयहरुले सम्पन्न गरिआएका छन् भने संस्थागत विद्यालयहरु उक्त दुबै दस्तावेज निर्माण र कार्यान्वयनमा मौन रहेको अवस्था छ।

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

यस शीर्षकअन्तर्गत कनकाई नगरका समग्र समस्या र चुनौतीको विश्लेषण गरिएको छ । कनकाई नगरपालिका भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक र शैक्षिक रुपले प्रशस्त सम्भावना बोकेको नगरपालिका हो यद्यपि यो समस्या र चुनौतीरहित भने छैन ।

**(क) आर्थिक क्षेत्रः** कृषि क्षेत्र कनकाई नगरका अधिकांश बासिन्दाको मुख्य जीवनाधार हो तथापि कृषिमा आधुनिकीकरण हुन नसकनु र व्यावसायिक कृषि प्रवर्धन हुन नसक्नु कृषि क्षेत्रको चुनौती हो । व्यापार व्यवसाय यस नगरको अर्को आय आर्जनको स्रोत हो तर नियमित बजार अनुगमनको अभावमा यो क्षेत्र समेत व्यवस्थित बन्न सकेको छैन । स्थानीय सिप कौशलमा आधारित घरेलु उद्योग व्यवसाय प्रवर्धनमा समेत नगरको यथेष्ट ध्यान पुग्न सकेको देखिँदैन । सामुदायिक तथा नीजि पहलमा केही उत्कृष्ठ पर्यटकीय गन्तव्य यस नगर क्षेत्रमा रहेको भए पनि पर्याप्त प्रचार प्रसारको अभावमा ती गन्तव्य देश विदेशमा फैलिन सकेका छैनन् । खोलाधार लगायत विभिन्न क्षेत्रमा दैनिक ज्यालादारी गरी जीविकोपार्जन गर्ने मजदुरको सङ्ख्या उच्च छ तर तिनीहरुको हक, हित, अधिकारको संरक्षण गर्न सकिएको छैन । नगर क्षेत्रभित्र वैदेशिक रोजगारीमा गएका युवाको सङ्ख्या समेत उल्लेख्य देखिएको छ । वैदेशिक रोजगारीले विप्रेषण वृद्धि गर्न योगदान गरेको भएता पनि यसले निम्त्याएका पारिवारिक र सामाजिक समस्याहरु डरलाग्दा छन् । नगरभित्र रोजगारीका अवसरहरु सीमित हुनु तथा निरपेक्ष गरिबीको रेखामुनि रहेका जनसङ्ख्या उल्लेख्य हुनु नगरको अर्को चुनौती हो ।

**(ख) सामाजिक क्षेत्रः** कनकाई विविध जाति, धर्म, संस्कृति, भाषा, वेशभूषा र कलाले सुसज्जित नगरपालिका हो । यहाँ धार्मिक तथा सांस्कृतिक सहिष्णुता कायम रहे तापनि सम्बन्ध विच्छेद, पारिवारिक विभाजन, घरायसी विवाद, बालबालिकामा सामाजिक आचरणको अभाव, मातृभाषाको लोपोन्मुख अवस्था, अव्यवस्थित सहरीकरण जस्ता जल्दाबल्दा सामाजिक समस्या विद्यमान छन् । यसका अतिरिक्त लागु औषध दुर्व्यसनी, मादक पदार्थ सेवन, धनी-गरिबबिचको खाडल, भड्किलो रीतिरिवाज, घट्दो मानवीय सम्बन्ध आदि समस्याहरु अझै न्यूनीकरण हुन सकेका छैनन् ।

**(ग) वातावरणीय क्षेत्रः** पाँच वटा सामुदायिक वन रहेको यो नगर वातावरणीय हिसाबले हरित नगरपालिका मान्न सकिन्छ तथापि अव्यवस्थित सहरीकरण, प्लास्टिकजन्य फोहोरमैलाको व्यापकता, खेतिपातीमा रासायनिक मल र किटनासक औषधीको अवैज्ञानिक प्रयोग, वनजङ्गलमा डढेलो, नदी कटान जस्ता समस्याका कारण वातावरणीय क्षेत्र आक्रान्त छ । यहाँ वृक्षरोपण कमै मात्र भएको छ, वृक्षरोपण भए पनि संरक्षण र संभारको अभाव छ। समुदायमा जलवायु परिवर्तनसम्बन्धी चेतनाको कमी देखिन्छ । वैज्ञानिक ढलनलको व्यवस्थापन नहुनु, जथाभावी अवैध जमिन

उत्खनन् हुनु, अवैध रुख कटान र बिक्री, खेतीयोग्य भूमीमा आवासीय प्लटिङ आदि यस नगरका अरु वातावरणीय समस्या हुन् ।

**(घ) स्वास्थ्य क्षेत्रः** यस नगरमा जनताको स्वास्थ्य सेवाका लागि एक नगर अस्पताल र एक स्वास्थ्य चौकी रहेको छ तथापि गम्भीर प्रकृतिका रोग र समस्याको उपचारका लागि अन्यत्र सुविधासम्पन्न अस्पतालमा बिरामी लैजान नगरबासीहरु बाध्य छन्। नगरका बासिन्दाको खानपान बढी अप्राकृतिक हुन थालेको छ भने नियमित आहारविहारको अभावका कारण नसर्ने रोगहरु, जस्तै- मधुमेह, मुटुसम्बन्धी रोग, रक्तचाप, क्यान्सर, डिप्रेसन आदि दिनप्रतिदिन बढ्दो छ।

**(ङ) भौतिक पूर्वाधारः** कनकाई नगरपालिकाले बजेटको ठुलो अंश भौतिक पूर्वाधार, जस्तै- सडक, पुल, भवन, कुलो, पैनीमा खर्च गरे तापनि अझै सबै वडाका बाटा कालोपत्रे हुन सकेका छैनन्।कृषि उपजका लागि अझै शीतभण्डार गृह बन्न सकेको छैन। यस नगरले अर्जुनधारा र विर्तामोड नगरपालिकासँगको सहकार्यमा फोहोर प्रशोधन गर्ने बायोग्यास प्लान्ट निर्माण गरेको भए पनि त्यसको उपलब्धि समग्र नगरपालिकाले महसुस गर्न सकेको छैन । नगरका पुराना बजार वा व्यापारिक केन्द्रहरुमा आधुनिक वाणिज्यमैत्री भौतिक संरचना बन्न सकेको छैन।नगरका सबै कृषियोग्य भूमिमा सिँचाइका लागि डिपबोरिङ गर्न नगरका तर्फबाट आर्थिक सहयोग हुने गरेको भए पनि सो पर्याप्त हुन सकेको छैन।

**(च) शैक्षिक क्षेत्रः** कनकाई नगरपालिकालाई शैक्षिक गन्तव्यको थलो बनाउने अभियान नगरले सुरुवात गरे पनि यस कार्यले निरन्तरता पाउन सकेको छैन । विद्यार्थी भर्ना घट्न थालेको छ भने बिचैमा विद्यालय छोड्ने दर (Drop-out rate) बढेको छ । अझ सिकाइ उपलब्धिको अवस्था विकराल छ जुन तथ्य माध्यमिक शिक्षा परीक्षा (एसइई) र माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) को नतिजाले देखाउँछ । अधिकांश विद्यार्थीमा व्यावहारिक वा जीवनोपयोगी सिपको अभाव छ । यस नगरका युवा वर्गको ठुलो हिस्सा वैदेशिक अध्ययन र रोजगारतर्फ आकर्षित छ।विदेश गएका युवाहरु सिप सिकेर स्वदेशमा उद्योगधन्दा खोल्न सके राम्रो पक्ष हुन सक्छ तर विदेशमै पलायन हुँदा स्वदेशका लागि दुर्भाग्य हो । विद्यालयहरुमा विषयगत र तहगत शिक्षकको व्यवस्थापन हुन सकेको छैन जसले विद्यार्थीको सिकाइ उपलब्धिमा प्रत्यक्ष असर पारेको छ । अझ पनि आइसिटी उपयोग गरी शिक्षण गर्न सबै शिक्षक सक्षम छैनन् । मोबाइल फोनको सदुपयोग हुन नसक्दा विद्यार्थीमा समयको दुरुपयोग र सिर्जनशीलतामा कमी आएको छ।पुस्तकालयमा बसेर पुस्तक पढ्ने पठन संस्कृति हराएको छ । नगरपालिका र वडाले शिक्षा क्षेत्रमा गर्ने लगानीको अंश ज्यादै न्यून छ। विद्यालयबाहिर रहेका बालबालिकाका लागि नगरभित्र अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षासम्बन्धी कार्यक्रमहरु नगन्य मात्रामा सञ्चालित छन् ।

**(छ) विपत् व्यवस्थापनः** कनकाई नगरपालिकामा विद्यालयभित्र तथा बाहिर प्राकृतिक तथा मानवसिर्जित विपत् न्यूनीकरणका लागि समिति गठन गर्नेलगायतका संयन्त्र बनाइए तापनि भौतिक पूर्वाधार खडा गर्ने, सुरक्षाका सामग्री तयारी अवस्थामा राख्ने, कस्तो विपत् आएमा के गर्ने भन्ने सचेतना तालिमलगायतका काम हुन सकेका छैनन् । हात्ती आक्रमण, सर्पको डसाइ, विद्युतीय करेन्ट, ग्यास सिलिन्डरमा आगलागी, आगोको पोलाइ, प्रचण्ड गर्मी (फ्लु), बाढी, डुबान, भूकम्प आदिमा अपनाउनु पर्ने सुरक्षाका उपायहरुबारे नगरबासीमा प्राविधिक ज्ञान र सिपको अभाव छ ।

## १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

उल्लिखित समस्याहरु (शीर्षक १.२) समग्र समाज वा नगरकै साझा समस्या र चुनौती हुन् । तीमध्ये कतिपय शिक्षाका कारण उत्पन्न भएका छन् भने कतिपय अन्य कारणले उत्पन्न भएका छन् । यस नगरमा शिक्षा क्षेत्रका सबल पक्ष, कमजोर पक्ष, अवसर र सम्भावनालाई तल उल्लेख गरिएको छ ।

***सबल पक्ष (Strengths)***

- नगरभित्र सामुदायिक तथा संस्थागत विद्यालयहरुको दर्बिलो उपस्थिति
- प्राविधिक धारको शिक्षाको उपलब्धता
- नगरभित्र नमुना विद्यालयको उपस्थिति
- श्रवण र बोलाइ समस्या भएका बालबालिकाका लागि समेत शिक्षाको व्यवस्था
- स्थानीय पाठ्यक्रम विकास र प्रभावकारी कार्यान्वयन
- मासिक प्रधानाध्यापक बैठक
- नगर शिक्षामा एकरुपता कायम गर्ने प्रयास
- नगरपालिकाद्वारा आधारभूत तहसम्मका विद्यार्थीलाई सदनगत निःशुल्क ट्र्याकसुट वितरण
- नगर तथा विद्यालयद्वारा वार्षिक अतिरिक्त क्रियाकलाप सञ्चालन
- वडा कार्यालयहरुद्वारा विद्यार्थी भर्ना अभियानमा सहयोग
- नगरपालिका तथा वडा कार्यालयहरुद्वारा विद्यालय शिक्षाका लागि नियमित बजेट विनियोजन
- नगरपालिकालगायत विभिन्न दाताहरुद्वारा विद्यार्थीलाई छात्रवृत्ति सहयोग
- वडा कार्यालयबाट प्राविधिक शिक्षा अध्ययन गर्न निश्चित कोटामा विद्यार्थी छात्रवृत्ति प्रदान
- वडा कार्यालयबाट सिपमूलक र स्वरोजगारमूलक कार्यक्रम सञ्चालन
- सामुदायिक विद्यालयका अध्यक्ष तथा प्रधानाध्यापकका लागि शैक्षिक अवलोकन भ्रमण आयोजना
- कनकाई नगरको शैक्षिक गन्तव्य कार्यक्रमअन्तर्गत विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन
- शिक्षकहरुका लागि सामयिक रुपमा शैक्षणिक विधिसम्बन्धी तालिम सञ्चालन
- वार्षिक नगर खेलकुद कार्यक्रम सञ्चालन
- सामुदायिक विद्यालयद्वारा समेत अङ्ग्रेजी माध्यममा पठनपाठन
- नगरभित्र उच्च शिक्षाको उपलब्धता
- विद्यालयहरुमा बालक्लब तथा स्काउट जस्ता समितिको गठन
- परम्परागत तथा धार्मिक विद्यालय (मदरसा, गुरुकुल) को उपस्थिति
- सामुदायिक विद्यालयद्वारा निजी स्रोतमा शिक्षक व्यवस्थापन

***समस्या वा कमजोर पक्ष (Weaknesses)***

- आदिवासी, मधेसी, पिछडावर्ग, दलित समुदायका विद्यार्थीको बिचैमा विद्यालय छाड्ने दर उच्च रहेको
- विद्यार्थीको सिकाइ उपलब्धि स्तर न्यून रहेको
- अधिकांश विद्यार्थी व्यावहारिक वा जीवनोपयोगी शिक्षामा कमजोर रहेको
- विद्यालयमा अभिभावक सहभागिता तथा अभिभावक शिक्षा न्यून रहेको
- सामाजिक सञ्जालको अति प्रयोगले विद्यार्थीको अध्ययनमा नकारात्मक असर परेको
- सम्पूर्ण विद्यालय र कक्षामा परीक्षा र मूल्याङ्कन प्रणालीमा एकरुपता ल्याउन नसकिएको
- अङ्ग्रेजी माध्यममा समेत पठनपाठन गर्ने विद्यालयमा दुई खाले शिक्षा पद्धति भई शिक्षक व्यवस्थापनमा समस्या उत्पन्न भएको

- सामुदायिक विद्यालयमा शिक्षक व्यवस्थापन हुन नसक्दा निःशुल्क शिक्षा प्रदान गर्न कठिन भएको
- सामुदायिक र संस्थागत विद्यालयबिच राम्रा शैक्षिक अभ्यासको आदान प्रदान गर्न समन्वय र सहकार्यको अभाव रहेको
- स्थानीय बुद्धिजीवी, समाजसेवी र अगुवा अभिभावकको विद्यालयप्रति अपनत्वको भाव न्यून रहेको
- बढ्दो लागु औषध दुर्व्यसनीका कारण शिक्षा क्षेत्र आक्रान्त भएको
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पर्याप्त सामग्री नभएको तथा यससम्बन्धी दक्ष मानव संसाधनको न्यूनता रहेको
- नगरपालिकाद्वारा शिक्षा क्षेत्रमा पर्याप्त बजेट नछुट्याइएको
- सिपमूलक र स्वरोजगारमूलक शिक्षालाई प्रवर्धन गर्न नसकिएको
- नगरपालिका, वडा कार्यालय र विद्यालयद्वारा विद्यार्थी ड्रपआउट दर घटाउन प्रभावकारी योजना बनाई कार्यान्वयन नगरिएको
- सामुदायिक विद्यालयमा तहगत तथा विषयगत दरबन्दीको न्यूनता रहेको
- नगरले पर्याप्त शिक्षक पुनर्ताजगी तालिम तथा मागमा आधारित विषयगत तालिमको व्यवस्थापन गर्न नसकेको
- तालिम तथा सिप अभिवृद्धि कार्यक्रममा संस्थागत विद्यालयलाई समावेश गर्न नसकिएको
- सामुदायिक विद्यालयमा भौतिक पूर्वाधारको अवस्था सन्तोषजनक नरहेको
- विद्यालयमा आइसिटी पूर्वाधार र प्रयोगको अवस्था कमजोर रहेको
- नगरको स्पष्ट शैक्षिक दृष्टिकोण, नीति र योजना तर्जुमाको अभावमा नगर शिक्षाको गन्तव्य अस्पष्ट रहेको
- विद्यालय भर्ना भएका विद्यार्थीहरुको अनियमित उपस्थिति र विद्यालयमा शैक्षिक सामग्रीको न्यून प्रयोगको अवस्था रहेको
- सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यमको व्यवस्था शुल्करहित हुन नसकेको
- हरित विद्यालयको कार्यक्रम प्रभावकारी हुन नसकेको

***अवसर (Opportunity)***

- बहुप्राविधिक तथा सिभिल इन्जिनियरिङ प्राविधिक विषयमा शिक्षा आर्जन गर्ने अवसर
- सुनाइ तथा बोलाइ समस्या भएका बालबालिकाका लागि आवाससहितको एकीकृत शिक्षाको अवसर
- पढाइका अतिरिक्त विद्यार्थीलाई खेलकुद, साहित्य, सङ्गीत, चित्रकला, वक्तृत्वकला, निबन्धलेखन, शैक्षिक अवलोकन भ्रमण, विविध प्रतिभा प्रदर्शनीको अवसर
- विद्यालय तहदेखि उच्च तह (स्नातकोत्तर तह) सम्म अध्ययन गर्ने अवसर
- विद्यार्थीसँग मेयर कार्यक्रममा सहभागी भई विद्यार्थीले आफ्ना गुनासा सार्वजनिक गर्ने अवसर
- कृषि, उद्योग, व्यापार, पर्यटन, स्थानीय परम्परागत व्यवसाय, वन तथा वातावरणमा आधारित स्थानीय ज्ञान र सिप सिक्ने अवसर
- कृषिका माध्यमबाट जीवनस्तर उकास्न प्रशस्त कृषि क्षेत्रको उपलब्धतासहित वन र तालतलैयासम्बद्ध पर्यटकीय क्षेत्रहरुको अवसर
- शिक्षा क्षेत्रमा राम्रो लगानी गरिएका संस्थागत तथा सामुदायिक विद्यालयको सङ्ख्यात्मक रुपमा राम्रो उपस्थिति
- विभिन्न परोपकारी संस्था वा क्लबबाट शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी विभिन्न कार्यक्रमहरु सञ्चालन

***चुनौती (Threats)***

- अधिकांश विद्यालयहरुमा आर्थिक स्रोतको व्यवस्थापन गर्न कठिन
- माध्यमिक तह सञ्चालित विद्यालयमा विषयगत शिक्षकको दरबन्दी व्यवस्थापनमा चुनौती
- अङ्ग्रेजी माध्यममा समेत पठनपाठन गराउने विद्यालयमा आर्थिक व्यवस्थापनमा कठिनाइ
- केही विद्यालयमा विद्यालयको जग्गा व्यवस्थापनको चुनौती
- विद्यार्थीलाई झिकाउन, टिकाउन र बिकाउन चुनौती
- विद्यार्थीमा सामाजिक आचरण विकास गर्न चुनौती
- विद्यालयमा बालमैत्री वातावरणको कार्यान्वयन गर्न कठिन
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण पद्धतिका रुपमा कार्यान्वयन गर्न कठिन
- नगरका विद्यालय शिक्षकको वृत्तिविकासका अवसर जुटाउन कठिन
- सामुदायिक विद्यालयमा तहगत तथा विषयगत दरबन्दी मिलानको कठिनाइ
- शिक्षक पुनर्ताजगी तालिम तथा मागमा आधारित विषयगत तालिमको व्यवस्थापन गर्न कठिन
- शिक्षा क्षेत्रमा यथेष्ट बजेट विनियोजनको चुनौती
- सामुदायिक विद्यालयलाई पूर्ण भौतिक पूर्वाधारयुक्त बनाउन चुनौती
- विद्यालयमा आइसिटी पूर्वाधार विकास र पूर्ण उपयोग गर्न कठिन
- विद्यालय भर्ना भएका विद्यार्थीहरुलाई नियमित उपस्थिति गराउन चुनौती
- सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यमलाई शुल्करहित बनाउने चुनौती
- तालिम तथा सिप अभिवृद्धि कार्यक्रममा सामुदायिक विद्यालयसँगै संस्थागत विद्यालयलाई समावेश गर्न चुनौती

# परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

यस परिच्छेदमा आगामी दश वर्षमा नगर शिक्षा योजनाबाट हासिल हुने दूरदृष्टि के हुने, सोअनुसारको लक्ष्य र उद्देश्य के के निर्धारण गर्ने, ती लक्ष्य र उद्देश्य हासिल गर्न के कस्ता रणनीति र कार्यक्रम तय गर्ने, के के प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य निर्धारण गर्ने भन्ने कुराहरु प्रस्तुत गरिएको छ।

## २.१ योजना निर्माण गर्दा अध्ययन गरिएका दस्तावेज

यस खण्डमा नगरको दशबर्से शैक्षिक योजना कार्यान्वयनबाट के के उपलब्धि हासिल गर्ने भन्ने बारेमा नीतिगत पक्षको चर्चा गरिएको छ। नगर शिक्षा योजनाको लक्ष्य, उद्देश्य, रणनीति तय गर्नुपूर्व शिक्षा योजनासँग सम्बन्धित ऐन, नीति, नियम र अन्य सम्बन्धित दस्तावेजको प्रावधानलाई योजनाको लक्ष्यमा प्रतिबिम्बित गर्नु अनिवार्य भएकाले अध्ययन गरिएका दस्तावेजमा उल्लेख भएका प्रावधानलाई तल प्रस्तुत गरिन्छ।

### २.१.१ संवैधानिक तथा नीतिगत प्रावधान

नेपालको संविधानमा शिक्षाका सन्दर्भमा उल्लेख गरिएका प्रावधानलाई तल प्रस्तुत गरिएको छ ।

**धारा ३१**

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ ।
२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ ।
३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ ।
४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ ।
५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ ।

**धारा ५१**

राज्यका नीतिः (ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिः

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने
२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने
३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने
४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने

यसै गरी धारा ३८ को महिलाको हकसम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हकसम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हकसम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हकसम्बन्धी उपधारा २ र ५ मा पनि लक्षित समूहका लागि शिक्षासम्बन्धी विशेष व्यवस्था गरिएको छ ।

### २.१.२ स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन, २०७४

यस ऐनको दफा ११ (२)ज. मा स्थानीय तहका शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ जुन निम्नअनुसार छ :

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन
२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन
४. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन
५. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यवस्थापन
६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन
७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
८. विद्यालयको नामकरण
९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण
११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान
१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन
१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन
१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन
१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन
१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन
१७. ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन
१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण
१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन
२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन
२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास
२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

त्यस्तै दफा २४ मा योजना बनाई निम्नअनुसार कार्यान्वयन गर्नुपर्ने कुरा उल्लेख छ :

क) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत र विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने छ ।

ख) योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने छ ।

ग) योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनुपर्ने छः
- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने
- स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग हुने
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने
- दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्द्धन गर्न सघाउ पुऱ्याउने
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने

घ) योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागिता गर्नुपर्ने छ ।

ङ) अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नुपर्छ ।

### २.१.३ सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माणसम्बन्धी):

त्यस्तै उक्त ऐनको योजना तर्जुमा र कार्यान्वयनसम्बन्धमा निम्नबमोजिम उल्लेख गरिएको छ :

क) आयोजना तर्जुमा र कार्यान्वयनः (दफा १३ मा भएको योजना तर्जुमासम्बन्धी व्यवस्था)
- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्ने छ ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा सङ्घीय कानुनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्ने छ ।
- सङ्घले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तहमार्फत कार्यान्वयन हुने गरी गर्न सक्ने छ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने छ ।

### २.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७

प्रस्तुत ऐन र नियमावलीको निम्नलिखित दफाहरुमा शिक्षासम्बन्धी विशेष प्रावधान उल्लेख गरिएका छन् :

१. दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने व्यवस्थाः स्थानीय तहमार्फत् राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने छ ।

२. चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नुपर्ने छ ।

३. दफा १४अनुसार आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने ।

४. दफा १५ अनुसार माध्यमिक तहमा अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने ।

५. दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने

६. दफा १७ मा प्राविधिक शिक्षासम्बन्धी व्यवस्था

७. दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा

८. दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने

९. पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था

१०. साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकताअनुसार क) सामुदायिक सिकाई केन्द्र, ख) आधारभूत प्रौढ शिक्षा, ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम । (नियम ३)

११. आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुबिधासहित अध्ययनको व्यवस्था मिलाउनुपर्छ । (नियम ४)

१२. माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुनेः क) विद्यार्थी भर्ना शुल्क, ख) मासिक पढाइ शुल्क, ग) परीक्षा शुल्क, पाठ्यपुस्तक वापतको रकम । (नियम ५)

१३. छात्रवृत्ति तथा विशेष व्यवस्था : (ब्रेल पाठ्यपुस्तक, साङ्केतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुविधासहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री आदि) । (नियम ६)

१४. जनआन्दोलन, सशस्त्र सङ्घर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोसाक तथा स्टेसनरी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्ने छ ।

### २.१.५ सोह्रौं योजना (२०८१/८२-२०८५/८६)

सोह्रौं योजनाको परिच्छेद ५ को 'स्वस्थ, शिक्षित र सिपयुक्त मानव पूँजी निर्माण' शीर्षकअन्तर्गत शिक्षा क्षेत्रको विद्यमान अवस्था र रुपान्तरणकारी रणनीति उल्लेख गरिएको छ । विद्यमान अवस्थासम्बन्धमा यस योजनमा व्यक्त गरिएअनुसार विद्यालयदेखि उच्च शिक्षाको भर्नामा लैङ्गिक समानता कायम भएको छ । गण्डकी, बागमती र कोशी प्रदेश पूर्ण साक्षर प्रदेश घोषणा भएका छन् । विद्यालय शिक्षामा ३० वटा मातृभाषामा पाठ्यक्रम विकास भएको छ। पूर्व प्राथमिक शिक्षाको खुद भर्ना दर ९४.९ प्रतिशत, आधारभूत तहको खुद भर्ना दर ९६.१ प्रतिशत र माध्यमिक तह (कक्षा ९-१२) को खुद भर्ना दर ५७.४ प्रतिशत रहेको छ । शिक्षाको उत्पादन र रोजगारीसँग सम्बन्ध स्थापित गर्न नसकिएकाले शैक्षिक बेरोजगारी बढ्दै गएको छ । यस कारण ठुलो सङ्ख्यामा युवाहरु बिदेसिएका छन् र यो बढ्दो छ। यसै गरी यस योजनाले गुणस्तरीय, आचरणयुक्त, व्यावहारिक तथा जीवनोपयोगी सिपयुक्त दक्ष जनशक्तिको उत्पादन तथा आपूर्ति गर्नु; विद्यमान जनशक्तिको स्तरोन्नति गरी क्षमता अभिवृद्धि गर्नु, उच्च शिक्षालाई श्रमबजारसँग जोड्नु; प्रतिभावान् जनशक्तिलाई देशभित्र टिकाउनु आदि केही मुख्य चुनौती उल्लेख गरेको छ।

उपर्युक्त समस्या तथा चुनौतीहरुलाई न्यूनीकरण गर्न योजनाले रुपान्तरणकारी रणनीतिहरु समेत उल्लेख गरेको छ । शिक्षा तथा सिप विकास शीर्षकअन्तर्गत तपसिलबमोजिमका रणनीतिहरुको चर्चा गरिएको छ :

१. नीतिगत र संस्थागत सुधारलाई निरन्तरता प्रदान गर्ने
२. भौतिक तथा अन्य शैक्षिक पूर्वाधारको व्यवस्था गर्ने
३. सबै तहको शिक्षाको पाठ्यक्रम र शैक्षिक कार्यक्रम समसामयिक र व्यावहारिक बनाउने
४. शैक्षिक प्रणालीको सुदृढीकरण गरी कार्यान्वयन गर्ने
५. राष्ट्रिय जनशक्ति विकास योजना तर्जुमा गर्ने

६. शिक्षा र सिपलाई उत्पादन र बजारसँग जोड्ने
७. गुणस्तरीय र समावेशी शिक्षाका लागि लगानी विस्तार गर्ने
८. शैक्षिक सुशासन सुनिश्चित गर्ने।

प्रमुख कार्यक्रमअन्तर्गत सोह्रौं योजनाले शिक्षा तथा सिप विकास शीर्षकमा तपसिलका कार्यक्रमहरु अगाडि सारेको छः

१. बजारको मागअनुसार सिपयुक्त जनशक्ति उत्पादन गर्नेगरी शिक्षाको गुणस्तर अभिवृद्धि कार्यक्रम
२. मानवस्रोतको आवश्यकता प्रक्षेपण र दक्ष जनशक्ति उत्पादन कार्यक्रम
३. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम
४. विद्यालय शिक्षा सुधार कार्यक्रम
५. कक्षा १० पछिको दुई महिने जीवन उपयोगी शिक्षा सञ्चालन कार्यक्रम
६. प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम
७. शैक्षिक संस्थाको भौतिक पूर्वाधार सुधार कार्यक्रम
८. सामाजिक पूर्वाधार
९. राष्ट्रिय सिप विकास कार्यक्रम
१०. अपाङ्गता भएका विद्यार्थी सहयोग कार्यक्रम

योजनाले परिमाणात्मक लक्ष्य देहायबमोजिम राखेको छः

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिका | प्रतिशत | ७६.९ | १०० |
| २ | आधारभूत तह कक्षा १-८ पूरा गर्ने दर | प्रतिशत | ७७.१ | १०० |
| ३ | माध्यमिक तहको कक्षा १२ सम्म पुग्ने दर | प्रतिशत | ३५.५ | ५५ |
| ४ | पाँच वर्ष र सोभन्दा माथिको साक्षरता दर | प्रतिशत | ७६.२ | ९५ |
| ५ | शिक्षणसिकाइमा इन्टरनेटको पहुँच भएका शैक्षिक संस्था | प्रतिशत | ३५.५ | १०० |
| ६ | कक्षा ८ मा न्यूनतम सिकाइ क्षमता हासिल गर्ने विद्यार्थी | | | |
| | नेपाली | प्रतिशत | ५९ | ७० |
| | अङ्ग्रेजी | प्रतिशत | ५२ | ५८ |
| | गणित | प्रतिशत | ३२ | ५५ |
| | विज्ञान | प्रतिशत | ३८ | ६० |

### २.१.६ राष्ट्रिय शिक्षा नीति, २०७६

नेपालको वर्तमान शिक्षा नीतिले विद्यालय शिक्षाका केही चुनौती र समस्या उल्लेख गरेको छ, जसमध्ये प्रारम्भिक बालविकास कार्यक्रममा प्रभावकारिता कम हुनु, बालविकासका शिक्षकको क्षमता र सुविधा न्यून हुनु, आधारभूत

विद्यालय उमेर समूहका सबै बालबालिका अझै विद्यालय भर्ना भइनसक्नु, विद्यालय भर्ना भएकामध्ये सबै विद्यार्थी अध्ययनमा निरन्तर नहुनु, माध्यमिक शिक्षा पूर्ण रूपमा निःशुल्क हुन नसक्नु, शिक्षा र रोजगारीबिच तालमेल हुन नसक्नु, शिक्षित बेरोजगारहरूको सङ्ख्या बढ्दै जानु, सुविधाविहीन समूहका बालबालिकाहरू विद्यालयबाहिरै रहिरहनु, शैक्षिक सुशासन कायम हुन नसक्नु, उच्च शिक्षा प्रतिस्पर्धी, उत्पादनमुखी र अनुसन्धानमूलक हुन नसक्नु, शिक्षामा पर्याप्त लगानी नहुनु, शिक्षाको गुणस्तर अपेक्षित रूपमा न्यून हुनु, विज्ञान तथा प्रविधिमा आधारित शिक्षा र प्राविधिक शिक्षाको पहुँच विस्तार पर्याप्त मात्रामा हुन नसक्नु, सेवाप्रवाह प्रणाली जनमैत्री नहुनु, शिक्षण प्रक्रिया अधिक परीक्षामुखी हुनु, शिक्षकको पेसागत सक्षमता, नैतिकता र उत्प्रेरणामा कमी हुनु, सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना हुन नसक्नु, निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरू सेवाभन्दा नाफाउन्मुख हुनु जस्ता समस्याहरू प्रमुख सवाल हुन्।

त्यस्तै उक्त नीतिमा सार्वजनिक शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु, शैक्षिक सुधारका लागि सरोकारवालाहरूबिच अपनत्व सिर्जना गर्नु, सबै तहको शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु, शिक्षक तथा शिक्षाक्षेत्रको जनशक्तिमा पेसागत जवाफदेहिता सुनिश्चित गर्नु, शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु, विद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्नु, शिक्षा र रोजगारीबिच तालमेल कायम गर्नु, प्रतिभा पलायन रोक्नु, सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु र संविधान प्रदत्त मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्नु शिक्षा क्षेत्रका प्रमुख चुनौती उल्लेख गरिएको छ।

यस नीतिले लिएका उद्देश्य निम्नबमोजिम छन्:

१. बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु
२. आधारभूत शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्नु
३. गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी, सिपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्नु
४. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवम् समतामूलक पहुँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सिपयुक्त र उद्यमशील जनशक्ति तयार पार्नु
५. ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको पहुँच र गुणस्तर अभिबृद्धि गरी विभिन्न क्षेत्रहरूमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, बैज्ञानिक, नवप्रवर्तनात्मक, अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी र अनुसन्धानमुखी मानव संसाधन विकास गर्नु
६. नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु
७. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्नु
८. शिक्षा प्रणालीका विभिन्न अवयवहरूमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरूको पेसागत योग्यता, सक्षमता, इमान्दारी, प्रतिबद्धता र जवाफदेहिता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु

९. सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यास (Best Practices) लाई सम्मिलन (Fusion) गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सवलीकरण गर्नु

१०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्याससमेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिबृद्धि गर्नु

११. औपचारिक (Formal), अनौपचारिक (Non-formal) र अरीतिक (Informal) शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता (Equivalency), गतिशिलता (Mobility) र पारगम्यता (Permeability) सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु

१२. शिक्षा प्राप्तिको संवैधानिक र कानूनी दायित्व पूरा गर्न राष्ट्रिय प्राथमिकताका आधारमा पर्याप्तता (Sufficiency), समन्यायिकता (Equitability) र प्रतिफलमुखी (Best Value for Money) हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नु

१३. व्यक्तिमा वैज्ञानिक चिन्तन र व्यवहार विकास गर्न विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकीकरण गर्दै परम्परागत एवम् आधुनिक प्रविधिलाई राष्ट्रिय विकासको लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्नु ।

### २.१.७ शिक्षाको सोचपत्र, २०७९

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्रारम्भिक बालविकास तथा शिक्षा, विद्यालय शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक र तालिम, अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा, शिक्षामा लगानीलगायत शीर्षकमा शिक्षाको सोचपत्र कार्यान्वयनमा ल्याएको छ। "शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय, रुपान्तरण र समृद्धि" दीर्घकालीन दृष्टिकोणका साथ सोचपत्रले निर्धारण गरेका केही प्रमुख रणनीति देहायबमोजिम छन्ः

**नीतिगत**

१. बाल विकास, हेरचाह र शिक्षाको समग्र दृष्टिकोणलाई एकीकृत रूपमा सम्बोधन हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षालाई व्यवस्थित गर्ने

२. पूर्व प्राथमिक शिक्षाको अवधि निश्चित गरी समान बनाउने

३. स्थानीय, राष्ट्रिय तथा भूमण्डलीय सन्दर्भसमेतलाई दृष्टिगत गरी पाठ्यक्रमको निरन्तर अद्यावधिक गरी गुणस्तरीयता कायम गर्ने

४. ज्ञानमा आधारित समाज र अर्थतन्त्रको निर्माणबाट सामाजिक आर्थिक रूपान्तरणका लागि उच्च शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, प्रतिस्पर्धी, रोजगारमूलक, नवप्रवर्तनात्मक, प्रविधिमैत्री र अनुसन्धानमूलक बनाउने

५. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई सामाजिक प्रतिष्ठासँग आबद्ध गर्ने

६. शिक्षक, प्रधानाध्यापक र प्राध्यापकलाई जवाफदेही बनाउने

**संस्थागत**

७. सबै तह र किसिमको शिक्षालाई सबैका लागि सर्वसुलभ, सान्दर्भिक एवम् पहुँचयोग्य बनाउन औपचारिक, अनौपचारिक, वैकल्पिक र खुला शिक्षा प्रणालीको अवलम्बन गर्ने

८. सङ्घ, प्रदेश र स्थानीय तहबिचको समन्वय प्रभावकारी बनाउने

९. विपत् जोखिम न्यूनीकरण कार्यक्रमलाई एकीकृत योजनामा समावेश गर्ने

१०. हरेक शैक्षिक कार्यक्रममा गुणस्तर सुनिश्चतता तथा प्रत्यायन प्रणाली क्रमशः लागु गर्ने

११. सबै बालबालिकालाई पूर्वप्राथमिक शिक्षामा पहुँचको सुनिश्चित गरी आधारभूत शिक्षाको कक्षा १ मा प्रवेशका लागि तयार बनाउने
१२. बालमैत्री, शिक्षकमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्तामैत्री भौतिक एवम् शैक्षिक वातावरणको निर्माण गर्ने
१३. सबै नागरिकका लागि आजीवन / जीवनपर्यन्त शिक्षाको अवसर उपलब्ध गराउने
१४. सबै नागरिकलाई सिपयुक्त बनाउने
१५. सबै तहका शैक्षिक संस्था, निकाय तथा पदाधिकारीमा जवाफदेहिता, पारदर्शिता र आर्थिक अनुशासन कायम गर्ने
१६. समग्र शैक्षिक प्रणालीलाई उत्तरदायी (रेस्पोन्सिभ) बनाउने

**कार्यक्रमगत**

१७. सबै बालबालिकालाई विद्यालयमा भर्ना हुने अवसर सुनिश्चित गर्ने
१८. आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क तथा माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने
१९. गुणस्तरयुक्त सिकाइका साथ तह पूरा गर्ने अवसर प्रदान गर्ने
२०. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा समावेशी तथा समतामूलक पहुँच विस्तार गरी प्राज्ञिक एवम् व्यावसायिक ज्ञान, सिप र दक्षता भएका जनशक्तिको सङ्ख्यामा वृद्धि गर्ने
२१. शिक्षामा प्रवेशका अतिरिक्त पहुँच एवम् उपलब्धिमा समेत लैङ्गिक समानता कायम गर्ने
२२. शिक्षामा विनियोजन हुने बजेटमा अभिवृद्धि गरी दिगो शैक्षिक लगानी सुनिश्चित गर्ने
२३. समग्र शैक्षिक प्रणालीमा शैक्षिक सुशासन कायम गर्ने
२४. अनुगमन, मूल्याङ्कन तथा सूचना प्रणालीलाई चुस्त दुरुस्त बनाउने
२५. सबै प्रकारका शैक्षिक सवाल तथा गतिविधिमा नागरिक सहभागिता सुनिश्चित गर्ने
२६. शिक्षक, प्रधानाध्यापक, प्राध्यापक एवम् व्यवस्थापकको क्षमता अभिवृद्धि गर्ने
२७. विज्ञान र प्रविधिमा पहुँचको विस्तार गर्ने।

### २.१.८ सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

विपत् तथा अन्य अवस्थामा देखिएको सिकाइ सङ्कट, सिकाइ क्षति, कमजोर सिकाइ अर्थात् सिकाइ गरिबीका अवस्थामा विद्यार्थीको सिकाइ सुधारका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (Recovery and Accelerated Learning (ReAL) Plan 2023-2028) कार्यान्वयनमा आएको छ। यस योजनाबमोजिम विद्यालयमा सिकाइ आपूरण र द्रुत सिकाइ कार्यक्रमको कार्यान्वयन गर्न सकिने अवस्था छ। यसका लागि कार्यक्रम प्रबन्ध मिलाउने, क्षमता विकास गर्ने, परीक्षण साधन विकास गर्ने, सहजीकरण गर्नेलगायतका व्यवस्था छन्।

### २.१.९ नेपाल दिगो विकास लक्ष्यहरुः वर्तमान अवस्था र भावी मार्गचित्र, २०१६-२०३०

नेपालको दिगो विकास लक्ष्यहरुसम्बन्धी १५ बर्से भावी मार्गचित्रको लक्ष्य ४ मा "समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरु प्रवर्धन गर्ने" उल्लेख गरिएको छ। उक्त लक्ष्यअनुसार (क) सन् २०३० सम्ममा सबै छात्रछात्राहरुलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक परिणामहरू प्राप्त हुन सकुन् भन्ने उद्देश्यले निशुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने, (ख) सबै छात्र छात्राहरूलाई प्राथमिक शिक्षाका लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास, हेरचाह र पूर्वप्राथमिक शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्ने, (ग) क्षमताले धान्न सकिने तथा गुणस्तरीय प्राविधिक, व्यावसायिक र विश्वविद्यालयसम्मकै शिक्षामा सबै महिला र पुरुषहरूको समान पहुँचको सुनिश्चितता गर्ने, (घ)

रोजगारी, मर्यादित जागिर र उद्यमशीलताका निम्ति प्राविधिक एवम् व्यावसायिक दक्षतालगायतका सान्दर्भिक सिप/दक्षता भएका युवा र वयस्कहरू (Adults) को सङ्ख्या वृद्धि गर्ने, र (ङ) शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्ने र कमजोर अवस्थामा रहेका मानिसका लागि शिक्षा र व्यावसायिक तालिमका सबै तहहरूमा समान पहुँचको सुनिश्चितता गर्ने जस्ता परिमाणात्मक लक्ष्यहरू प्रस्ताव गरिएका छन् ।

नेपाल विशेष गरेर गरिब र राज्यबाट पाउनुपर्ने लाभहरू नपाएका समूहहरूको शिक्षामा पहुँच विस्तार गर्न कटिबद्ध रहेको छ । परिणामस्वरूप सन् २०१५ मा प्राथमिक तहमा खुद भर्नादर ९६.६ प्रतिशत पुगेको छ । यसैगरी, सन् २०१५ मा साङ्ख्यिक ज्ञान (सङ्ख्यामा व्यक्त भएका कुरा लेख्न र पढ्न सक्ने) भएका १५ वर्ष र माथिको जनसङ्ख्याको प्रतिशत ६२.२ प्रतिशत पुगेको छ भने १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर ८८.६ प्रतिशत रहेको छ। ८१ प्रतिशत बालबालिकाहरूले सुरुको बाल्यकाल शिक्षा प्राप्त गरेका छन् । लैङ्गिक समता हासिल भएको छ ।

दिगो विकास लक्ष्य ४ का विशेष परिमाणात्मक लक्ष्यहरूमा सन् २०३० सम्ममा प्राथमिक तहमा खुद भर्नादर र प्राथमिक तह पूरा गर्ने दर ९९.५ प्रतिशत र माध्यमिक तहमा सहझै देखिने भर्ना दर ९९ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ । यसैगरी अरू परिमाणात्मक लक्ष्यहरूमा कक्षा १ मा भर्ना भएका विद्यार्थीहरूमध्ये कक्षा ८ सम्म ९५ प्रतिशत विद्यार्थीहरू पुग्ने कुराको सुनिश्चितता गर्ने, रोजगारी, मर्यादित जागिर र उद्यमशीलताका निम्ति प्राविधिक एवम् व्यावसायिक दक्षता लगायतका सान्दर्भिक सिप/दक्षता भएका युवा र वयस्कहरू (Adults) को अनुपात ७५ प्रतिशत हुने, सबै युवाहरू ९८ प्रतिशत वयस्क पुरुषहरू र महिलाहरूले साक्षरता र साङ्ख्यिक ज्ञान हासिल गर्ने, उच्च शिक्षामा लैङगिक असमानताहरू हटाउने जस्ता परिमाणात्मक लक्ष्यहरू पनि राखिएको छ ।

त्यसैगरी राष्ट्रिय योजना आयोगले तयार गरेको दिगो विकास लक्ष्य, स्थिति र मार्गदर्शनका आधारमा नेपाल सरकारले सन् २०३० सम्ममा लक्ष्य हासिल गर्ने गरी "दिगो विकास लक्ष्य ४ः शिक्षा ३०, राष्ट्रिय कार्यढाँचा, २०१९" स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। राष्ट्रिय कार्यढाँचामा उल्लेख गरिएका दिगो विकासका सातओटा लक्ष्य यस प्रकार रहेका छन्ः

१. सान्दर्भिक सिकाइ उपलब्धि प्राप्तिसहित निःशुल्क, समतामूलक र गुणस्तरीय प्राथमिक तथा माध्यमिक शिक्षा पूरा गरेको सुनिश्चित गर्ने
२. सबै बालबालिकाका लागि गुणस्तरीय प्रारम्भिक बाल हेरचाह, विकास र पूर्वप्राथमिक शिक्षा सुनिश्चित गर्ने
३. सबै महिला तथा पुरुषहरूलाई सुलभ र गुणस्तरीय प्राविधिक, व्यावसायिक तथा उच्च शिक्षाको अवसर सुनिश्चित गर्ने
४. प्राविधिक, व्यावसायिक सिपसहित रोजगारी, उचित काम तथा उद्यमशीलताको सिप प्राप्त गर्ने युवा तथा प्रौढहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि गर्ने
५. शिक्षामा लैङ्गिक असमानताको अन्त गरी व्यावसायिक तालिमलगायत सबै तहको शिक्षामा कठिन परिस्थितिमा रहेका, अपाङ्गता भएका र जनजाति समुदायका बालबालिकाका लागि समान पहुँच सुनिश्चित गर्ने
६. सबै युवा तथा प्रौढलाई साक्षरता र गणितीय सिप हासिल गराउने
७. सबै सिकारुहरूलाई दिगो जीवन पद्धति, मानव अधिकार, लैङ्गिक समता, शान्ति, अहिंसा, विश्व नागरिक भावना तथा सांस्कृतिक विविधताको सम्मान तथा दिगो विकासमा योगदान गर्ने संस्कृतिको ज्ञान तथा सिप प्राप्तिको सुनिश्चितता गर्ने ।

### २.१.१० विद्यालय शिक्षा क्षेत्र योजना, २०७९-२०८८ (School Education Sector Plan, SESP, 2022-2031)

नेपाल सरकारले "सक्षम, सिर्जनशील र संस्कारयुक्त नागरिक तयार गरी नेपालको सामाजिक-आर्थिक रुपान्तरणका माध्यमबाट 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने" दूरदृष्टि र "क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरसँग तुलनायोग्य गुणस्तरसहितको सान्दर्भिक शिक्षा प्राप्त गर्ने नागरिकको हकहित सुनिश्चित गर्न सुव्यवस्थित, सक्षम, उत्तरदायी र प्रतिस्पर्धी सार्वजनिक विद्यालय शिक्षा पद्धतिको विकास गर्ने" ध्येयका साथ १० बर्से विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) कार्यान्वयनमा ल्याएको छ। यस योजनाले ४ वटा प्रमुख उद्देश्य, २३ वटा रणनीति र ६ वटा मुख्य क्रियाकलाप तय गरेको छ। योजनाका चार उद्देश्य यस प्रकार छन्ः

१. विद्यालय शिक्षामा सबै बालबालिका विशेषतः सामाजिक तथा आर्थिक कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु
२. प्रत्येक बालबालिकाको विद्यालय जाने तत्परता, प्रारम्भिक सिकाइ र गुणस्तरीय सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु
३. सबै किशोरकिशोरीले जीवनोपयोगी सिपसहितको औपचारिक शिक्षा पूरा गर्ने, माथिल्लो तहमा अध्ययन गर्ने र जीवनपर्यन्त सिकाइको अवसर हासिल गर्ने कुराको सुनिश्चितता गर्न शिक्षामा वैकल्पिक धार र यसको औपचारिक शिक्षा वा सिपको प्रमाणीकरणसँगको सम्बन्ध सुदृढ गर्नु
४. समग्र प्रणालीमा सुशासन प्रवर्द्धन, अन्तरसरकारी समन्वय तथा सहकार्यको सुदृढीकरण र विद्यालय शिक्षा सेवा प्रवाहमा संलग्न व्यक्ति तथा संस्थाहरूको क्षमता विकास गरी प्रभावकारी शैक्षिक सेवा प्रवाहको सुनिश्चितता गर्नु ।

यस योजनाका मुख्य क्रियाकलापहरुको सारांश निम्नबमोजिम छः

१. पहुँच र सहभागिता
२. समता र समावेशिता
३. गुणस्तर तथा सान्दर्भिकता
४. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ
५. आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा दिइने शिक्षा
६. सुशासन, व्यवस्थापन तथा समन्वय

उपर्युक्त दस्तावेजहरुमा उल्लिखित प्रावधान र प्रमुख समस्या तथा चुनौतीको विश्लेषणका आधारमा यस खण्डमा कनकाई नगर शिक्षा योजनाको दूरदृष्टि, लक्ष्य, उद्देश्य, प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य निर्धारण गरिएका छन् ।

## २.२ दूरदृष्टि

यस दसबर्से शिक्षा योजनाको दूरदृष्टि देहायबमोजिम रहेको छः

"सभ्य, समृद्ध एवम् समतामूलक समाज निर्माणका लागि समालोचनात्मक चिन्तनसहितको संस्कारयुक्त, स्वरोजगारमूलक, प्रविधिमैत्री र व्यावहारिक शिक्षा"

## २.३ लक्ष्य

उपर्युक्त दूरदृष्टि हासिल गर्न योजनाको मूल लक्ष्य निम्नबमोजिम निर्धारण गरिएको छः

"सांस्कारिक चेतना र सिपमूलक कार्यका माध्यमबाट गरिखान सक्ने चिन्तनशील नागरिक उत्पादन गरी मुलुकको सामाजिक तथा आर्थिक परिवर्तनमा प्रत्यक्ष टेवा पुऱ्याउनु"

## २.४ उद्देश्य

लक्ष्य हासिलका लागि तपसिलबमोजिमका उद्देश्यहरु तय गरिएका छन्:

१. विद्यालय शिक्षामा नगरका सबै बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु
२. स्थानीय आवश्यकता र अन्तर्राष्ट्रिय परिवेशबिच सामञ्जस्य कायम गर्दै आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्नु
३. बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री, वातावरणमैत्री र प्रविधिमैत्री पूर्वाधार निर्माण गरी सिकाइमा सुधार गर्दै विपत्का समयमा समेत सिकाइको निरन्तरता सुनिश्चित गर्नु
४. स्थानीय पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी प्रत्येक विद्यार्थीलाई नगरको पहिचान तथा विविधताका बारेमा जानकारी दिनु
५. प्रत्येक विद्यालयमा विद्यार्थी सङ्ख्याका आधारमा विषयगत र तहगत दरबन्दी व्यवस्थापन गरी योग्य, सक्षम र समालोचनात्मक क्षमतायुक्त मानव संसाधनको प्रवेश सुनिश्चित गर्नु
६. औपचारिक शिक्षाको पूरकका रुपमा अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्दै पूर्ण साक्षर नगर घोषणा गर्नु
७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमप्रति जन आकर्षण बढाउँदै सबैको पहुँच सुनिश्चित गर्न स्वरोजगारमूलक एवम् सिपकेन्द्रित शिक्षामा जोड दिनु
८. पाठ्यक्रमको कार्यान्वयनमा एकरुपता ल्याई नगरभित्र सबै विद्यालयको स्तर समान बनाउनु
९. शैक्षिक सेवालाई सुशासनयुक्त बनाउन आवश्यक संरचना तयार गरी जवाफदेहिता, पारदर्शिता र सान्दर्भिकता अभिवृद्धि गर्नु
१०. नगरलाई शैक्षिक गन्तव्यको थलोको रुपमा विकास गर्नु ।

## २.५ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.सं. | सूचक | सूचकको तहको | आधार वर्ष २०८१को अवस्था | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर (%) | स्थानीय | ९७.८ | १०० | १०० | CEHRD, 2024 |
| | | राष्ट्रिय | ९९.९ | | | CEHRD, 2024 |
| २ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | स्थानीय | ६९.७ | ८०.० | १०० | CEHRD, 2024 |
| | | राष्ट्रिय | ७६.९ | | | CEHRD, 2024 |
| ३ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ९६.४ | ९९.० | १०० | CEHRD, 2024 |
| | | राष्ट्रिय | ९५.७ | | | CEHRD, 2024 |
| ४ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | स्थानीय | १०३.० | १०० | | CEHRD, 2024 |
| | | राष्ट्रिय | ११५.९ | | | CEHRD, 2024 |
| ५ | | स्थानीय | ९५.६ | ९९.० | १०० | CEHRD, 2024 |

| क्र.सं. | सूचक | सूचकको तहको | आधार वर्ष २०८१को अवस्था | २०८६/ २०८७ सम्मको लक्ष्य | २०९१/ २०९२ सम्मको लक्ष्य | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|
| | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%) | राष्ट्रिय | ९५.६ | | | CEHRD, 2024 |
| ६ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर (%) | स्थानीय | ११५.५ | १०८ | १०० | CEHRD, 2024 |
| | | राष्ट्रिय | १२४.८ | | | CEHRD, 2024 |
| ७ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | स्थानीय | ९५.८ | ९९.० | १०० | CEHRD, 2024 |
| | | राष्ट्रिय | ९५.२ | | | CEHRD, 2024 |
| ८ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | स्थानीय | ११९.४ | ११० | १०० | CEHRD, 2024 |
| | | राष्ट्रिय | १२१.६ | | | CEHRD, 2024 |
| ९ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर (%) | स्थानीय | ८६.७ | ९०.० | ९९.० | CEHRD, 2024 |
| | | राष्ट्रिय | ८६.५ | | | CEHRD, 2081 |
| १० | आधारभूत तह (कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक | स्थानीय | ०.९२ | ०.९९ | १.०० | CEHRD, 2024 |
| | | राष्ट्रिय | १.०० | १.०० | १.०० | CEHRD, 2081 |
| ११ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | स्थानीय | ५९.९ | ७५.० | ८५.० | CEHRD, 2024 |
| | | राष्ट्रिय | ५५.८ | | | CEHRD, 2081 |
| १२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर (%) | स्थानीय | ८६.५ | ९५.० | १०० | CEHRD, 2024 |
| | | राष्ट्रिय | ८०.६ | | | CEHRD, 2081 |
| १३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | स्थानीय | १.१८ | १.०० | १.०० | CEHRD, 2024 |
| | | राष्ट्रिय | १.०० | | | CEHRD, 2081 |
| १४ | साक्षरता दर (पाँच वर्ष भन्दा माथि) (%) | स्थानीय | ८३.३ | ९०.० | १०० | रातका, २०७८ |
| | | राष्ट्रिय | ७६.२ | | | रातका, २०७८ |
| १५ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | ४.९६ | १०.० | २०.० | कनपा बजेट, २०८१/०८२ |
| | | राष्ट्रिय | १०.९१ | | | नेपाल सरकार बजेट, २०८१/८२ |
| १६ | कक्षा १-१२ प्रतिविद्यार्थी सरकारी खर्च (रु. हजारमा) | स्थानीय | ३.४ | ९.० | १५.० | कनपा IEMIS, 2081 |
| | | राष्ट्रिय | | | | |

# परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

यस परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र (प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ र प्राविधिक तथा उच्च शिक्षा) को वर्तमान अवस्थाको समीक्षा गरी सम्बन्धित उपक्षेत्रको विकासका निमित्त अवलम्बन गर्नुपर्ने उद्देश्य तथा रणनीतिको विस्तृतीकरण गरिएको छ । प्रत्येक उपक्षेत्रका वर्तमान अवस्था, उद्देश्य, रणनीति र प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य निर्धारण गरी ४ ओटा उपशीर्षकमा विश्लेषण गरिएको छ ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ वर्तमान अवस्था

कनकाई नगरपालिकामा हाल न्यूनतम पूर्वाधार तथा सिकाइ सक्षमता भएका प्रारम्भिक बालविकास केन्द्रको सङ्ख्या १८ रहेको छ । सामुदायिक बालविकास केन्द्रअन्तर्गत २८ जना शिक्षक कार्यरत छन् भने कुल ६१६ जना बालबालिका बालविकास केन्द्रमा भर्ना भएका छन् । संस्थागततर्फ बालबालिकाको सङ्ख्या १७२७ रहेको छ । सामुदायिक बालविकास केन्द्रमा कार्यरत शिक्षकहरुको योग्यता सामान्यतया एसइईदेखि स्नातकसम्म रहेको पाइएको छ भने केही शिक्षकहरुको योग्यता एसइईभन्दा तल पनि रहेको छ । धेरै शिक्षकले छोटा तालिम तथा केहीले नगरले दिएका पुनर्ताजगी तालिम प्राप्त गरेका छन् । तालिम नै नलिएका शिक्षकको सङ्ख्या पनि यथेष्ट रहेको छ । बालविकास शिक्षामा कार्यरत शिक्षकहरुको सामान्यतया कार्य घण्टा ६ रहेको छ । केहीमा यो ५ तथा केहीमा ६.५ कार्य घण्टा रहेको छ ।

#### प्रमुख समस्या र चुनौती

कनकाई नगरपालिकामा सञ्चालित बालविकास शिक्षामा विद्यमान प्रमुख समस्या र चुनौतीहरु निम्नबमोजिम रहेका छन्ः

१. सबै बालविकास केन्द्र सुरक्षित, बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री र वातावरणमैत्री नहुनु
२. चार वर्ष उमेर समूहका जम्मा बालबालिकाको सङ्ख्या र उनीहरुको भर्नाको अवस्था यकिन नहुनु
३. बालविकास केन्द्रमा कार्यरत शिक्षकहरुको कार्य घण्टा सामान्यतया अन्य शिक्षकसरह भए तापनि पारिश्रमिक न्यून हुनु
४. बालविकास केन्द्रमा भर्ना हुने विद्यार्थीहरु विपन्नतालगायतका कारणले आवश्यक न्यूनतम शैक्षिक सामग्री तथा स्टेसनरी खरिद गर्न नसक्नु
५. सबै बालविकास शिक्षकलाई नगरपालिकाले तथा विद्यालयले आवश्यक तालिमको प्रबन्ध गर्न नसक्नु
६. बालविकास केन्द्रहरुमा बालबालिकालाई अति आवश्यक प्ले स्टेसनको अभावमा सामुदायिक बालविकास केन्द्रमा भर्ना दर न्यून हुनु
७. बालबालिकाहरुलाई आराम गर्न मिल्ने बेडसहितका कोठाको अभाव हुनु तथा अति आवश्यक खेल सामग्रीको व्यवस्था हुन नसक्नु
८. बालविकास केन्द्रलाई प्रविधिमैत्री बनाउन नसक्नु
९. विद्यालयको पहुँच क्षेत्रभित्रका बालबालिकालाई बालविकास केन्द्रसम्म सहज रुपमा ल्याउन यातायातको व्यवस्था हुन नसक्नु
१०. बालबालिकाको दिवा खाजाका लागि छुट्याइएको रकम अत्यन्त न्यून हुनु

११. कतिपय बालविकास केन्द्रमा शुद्ध खानेपानी तथा बालमैत्री शौचालयको समेत अभाव हुनु
१२. बालविकास केन्द्रहरुको नक्साङ्कन हुन नसक्नु
१३. सामुदायिक बालविकास केन्द्रहरुले अझै पनि अभिभावकको विश्वास जित्न नसक्नु
१४. बालविकास केन्द्रको नियमित अनुगमन र मूल्याङ्कन हुन नसक्नु
१५. बालविकास केन्द्रमा बालबालिकाको सर्वाङ्गीण विकास र विद्यालय तयारीलाई प्राथमिकता दिनुका सट्टा पुस्तकीय शिक्षाको एक अनिवार्य कक्षाका रुपमा पठनपाठन तथा गृहकार्य जस्ता कुरामा जोड दिनु ।

### ३.१.२ उद्देश्य

प्रारम्भिक बालविकास केन्द्रको समग्र गुणस्तर सुधार गरी उक्त उमेर समूहका सम्पूर्ण बालबालिका प्रवेशको सुनिश्चित गर्नु ।

### ३.१.३ रणनीति

कनकाई नगरपालिकाको प्रारम्भिक बालविकास शिक्षाको उद्देश्य हासिल गर्न अपनाइने रणनीति निम्नबमोजिम रहने छन्ः

१. प्रारम्भिक बालविकास केन्द्रलाई समयानुकूल विकास गर्दै आकर्षक र बालमैत्री बनाउने
२. प्रारम्भिक बालविकास शिक्षकलाई बालमनोविज्ञानसहितको तालिमको व्यवस्था गर्ने
३. प्रारम्भिक बालविकास केन्द्रको नियमित अनुगमन गरी पृष्ठपोषण गर्ने
४. प्रारम्भिक बालविकासका अभिभावकलाई नियमित विद्यालय आउन अभिप्रेरित गर्ने
५. बालविकास केन्द्रको नक्साङ्कन गरी स्थानीय आवश्कयताअनुसार पुनर्वितरण र नयाँ बालविकास केन्द्र स्थापना गर्ने
६. नगरमा कम्तीमा एक नमुना बालविकास केन्द्र स्थापना गर्ने
७. सम्पूर्ण बालविकास केन्द्रमा बाल उद्यान तथा प्ले स्टेसनको व्यवस्था गर्ने
८. बालमैत्री यातायातको साधन प्रबन्ध गरी बालबालिकालाई सुरक्षित तरिकाले विद्यालय आउने वातावरण तयार गर्ने ।

### ३.१.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री, वातावरणमैत्री तथा सुरक्षाका सूचकका आधारमा सबै बालविकास केन्द्रको वर्गीकरण गरी भौतिक निर्माण | कोठा | - | - | २० |
| २ | नगरमा रहेका चार वर्ष उमेर समूहका बालबालिकाको खुद भर्ना दर (१८ बाविके) | प्रतिशत | ७०.१$^{+}$ | ८५.० | ९५.० |
| ३ | बालशिक्षा शिक्षकको कार्य घण्टामा एकरुपता | घण्टा | ५ | ६ | ६ |
| ४ | बालविकास शिक्षकलाई मन्टेसरी तालिमको व्यवस्था (योजना अवधिभरिमा) | पटक | - | १ | २ |

| क.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/ २०८७ सम्मको लक्ष्य | २०९१/ २०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| ५ | प्ले स्टेसन तथा बाल उद्यानको निर्माण (कुल बाविकेमध्ये) | प्रतिशत | ३० | ६० | १०० |
| ६ | आवश्यक खेल सामग्री तथा बेडको व्यवस्थापन (कुल विद्यालयमध्ये) | प्रतिशत | ५० | ८० | १०० |
| ७ | प्रविधिमैत्री बाल कक्षा निर्माण (कुल बाविकेमध्ये) | प्रतिशत | ३० | १०० | - |
| ८ | बालमैत्री यातायातको प्रबन्ध (कुल बाविकेमध्ये) | प्रतिशत | २० | ६० | ८० |
| ९ | शुद्ध खाने पानीको प्रबन्ध (कुल बाविकेमध्ये) | प्रतिशत | ५० | १०० | - |
| १० | बालविकास केन्द्रको नक्साङ्कन (कुल बाविकेमध्ये) | प्रतिशत | - | १०० | - |
| ११ | बालविकासको अनुगमन तथा मूल्याङ्कन (शिक्षा शाखाबाट वार्षिक) | पटक | १ | २ | २ |
| १२ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन (योजना अवधिभरमा) | पटक | - | २ | १ |

स्रोतः +फ्ल्यास प्रतिवेदन (शिमास्रोविके, २०२१ इ.)

## ३.२ आधारभूत शिक्षा

कनकाई नगरपालिकामा १४ वटा सामुदायिक र २३ वटा संस्थागत विद्यालयमा आधारभूत तहको शिक्षा सञ्चालित छ। सामुदायिक तथा संस्थागत विद्यालय गरी कक्षा १-३ सञ्चालन गर्ने विद्यालयको सङ्ख्या ४ रहेको छ भने कक्षा १-५ सञ्चालित विद्यालयहरु ५ रहेका छन् । कक्षा १-८ सञ्चालन गर्ने विद्यालयको सङ्ख्या ७ रहेको छ । यसबाहेक कक्षा १-१० को संरचनामा सञ्चालित आधारभूत तह भएका विद्यालयको सङ्ख्या १५ रहेको छ भने कक्षा १-१२ को संरचनामा आधारभूत तह सञ्चालन गर्ने विद्यालयहरुको सङ्ख्या ६ रहेको छ । यस नगरपालिकामा कक्षा १-८ को कुल भर्नादर (GER) ११९.४ प्रतिशत रहेको छ जुन राष्ट्रिय दर १२१.६ प्रतिशत भन्दा थोरै सकारात्मक छ । त्यसैगरी कक्षा १-८ को खुद भर्नादर (NER) ९५.८ प्रतिशत रहेको छ र यो दर राष्ट्रिय दर ९५.२ प्रतिशत भन्दा केही बढी रहेकाले राष्ट्रियस्तरभन्दा नगरको स्थिति राम्रो देखिन्छ । विद्यार्थीको बिचैमा विद्यालय छाड्ने दर फ्ल्यास रिपोर्ट, २०८१ को प्रतिवेदनअनुसार कनकाई नगरपालिकामा ३.३ प्रतिशत देखिएको छ भने राष्ट्रिय स्तरमा यो दर जम्मा २.८ प्रतिशत मात्र छ । यसरी हेर्दा यस नगरको बिचैमा विद्यालय छाड्ने दर राष्ट्रिय दरभन्दा बढी देखिन्छ । फ्ल्यास रिपोर्ट, २०८१ मा उल्लेख भएअनुसार कनकाई नगरपालिकामा कक्षा दोहोऱ्याउने विद्यार्थीको प्रतिशत आधारभूत तहमा ४.६ रहेको छ र यो दर राष्ट्रिय स्तरमा ५.२ प्रतिशत छ ।

२०८१ को फ्ल्यास रिपोर्टअनुसार सामुदायिक विद्यालयको आधारभूत तहअन्तर्गत अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या ३९१८ छ । संस्थागततर्फ यो सङ्ख्या ७३४३ रहेको छ । उक्त तथ्याङ्कअनुसार कुल ११२६१ विद्यार्थी आधारभूत तहमा अध्ययनरत छन् । यस नगरको सामुदायिक विद्यालयमा प्राथमिक र निम्नमाध्यमिक गरी जम्मा १४५ वटा शिक्षक दरबन्दी रहेका छन् । त्यसमा प्राथमिकतर्फ ११४ र निम्नमाध्यमिकतर्फ ३१ दरबन्दी रहेका छन् । विद्यालय-विद्यार्थी अनुपात हेर्दा सामुदायिक विद्यालयतर्फ १:५६० हुन आउँछ भने शिक्षक-विद्यार्थी अनुपात १:२७ रहेको छ । आधारभूत तहतर्फको लैङ्गिक समता सूचक १.०० रहेको छ । यसले आधारभूत तहमा छात्र र छात्राको सङ्ख्या बराबर रहेको जनाउँछ ।

**प्रमुख समस्या र चुनौती**

१. आधारभूत तहमा ठुलो सङ्ख्यामा विद्यार्थीहरु सामुदायिक विद्यालयबाहिर रहनु
२. विद्यार्थीको कक्षा दोहोऱ्याउने दर कायमै रहनु
३. बिचैमा कक्षा छाड्ने विद्यार्थीको दर राष्ट्रिय स्तरभन्दा बढी हुनु
४. आधारभूत तहको कुल भर्ना दर (GER) राष्ट्रिय स्तरको भन्दा थोरै कम भए पनि समग्रमा बढी हुनु
५. आधारभूत तहको खुद भर्ना दर (NER) राष्ट्रिय दरभन्दा सन्तोषजनक रहे पनि समग्रमा न्यून हुनु
६. सामुदायिक विद्यालयमा विषयगत शिक्षक दरबन्दी मिलान नहुनु तथा दरबन्दी अपुग हुनु
७. आइसिटी प्रविधि चलाउन सक्ने क्षमता भएका शिक्षकको अभाव हुनु तथा प्रविधिमैत्री कक्षाकोठा र सामग्रीको अभाव हुनु
८. शिक्षक तालिमको निरन्तरता नहुनु
९. विद्यालयको निरन्तर अनुगमन तथा मूल्याङ्कन नहुनु
१०. पाठ्यक्रममा निर्दिष्ट सक्षमता हासिल नगरी कक्षोन्नति गर्ने परिपाटी हुनु
११. वैज्ञानिक नतिजा विश्लेषण नहुनु
१२. शैक्षिक कार्यक्रममा समुदायको साझेदारी तथा सहभागिता न्यून हुनु
१३. विद्यालय हाता वरपर रहेका होटल, किराना पसलमा निगरानी नहुनु तथा विद्यार्थीमा धुम्रपान तथा लागुपदार्थ दुर्व्यसनी बढ्नु
१४. विपन्न विद्यार्थीलाई अत्यावश्यक शैक्षिक सामग्री जुटाउन कठिनाइ हुनु
१५. सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यम तथा निजी शिक्षकको उचित व्यवस्थापन हुन नसक्नु ।

### ३.२.१ उद्देश्य

आधारभूत तहलाई प्रविधिमैत्री तथा गुणस्तरीय बनाई सामुदायिक सहभागिता वृद्धि गर्दै बालबालिकालाई विद्यालयतर्फ आकर्षित गराउनु।

### ३.२.२ रणनीति

१. आधारभूत तहमा शिक्षालाई समावेशी एवम् समतामूलक बनाई सबैको पहुँच सुनिश्चित गर्ने
२. बिचैमा विद्यालय छाड्ने तथा विद्यालयबाहिर रहेका बालबालिकाको पहिचान गरी वडा कार्यालय तथा सरोकारवालासँगको समन्वयबाट विद्यालयको नियमित पठनपाठनमा सहभागी गराउने
३. विद्यालयको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने
४. सबै विद्यालयमा पाठ्यक्रमले तोकेबमोजिम न्यूनतम सक्षमता पूरा गराउने
५. विद्यालयमा खानेपानी, शौचालय, सरसफाइ तथा न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने
६. शिक्षक तालिम, शिक्षक तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने
७. नगर शिक्षा शाखाले विद्यालयका प्रधानाध्यापकहरुसँग कार्यसम्पादन सम्झौता गरी अनुगमन तथा मूल्याङ्कन गर्ने
८. शिक्षक तथा कक्षाकोठालाई प्रविधिमैत्री बनाई न्यूनतम प्रविधियुक्त कक्षाकोठाको सुनिश्चितता गर्ने
९. विद्यार्थी मूल्याङ्कन प्रणालीलाई व्यवस्थित, प्रभावकारी र वैज्ञानिक बनाउने
१०. विद्यार्थीको सर्वाङ्गीण विकासका लागि विद्यालयमा वार्षिक योजना बनाई नियमित खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने

११. अङ्ग्रेजी माध्यमका कक्षा र निजी स्रोतका शिक्षकको व्यवस्थापन गर्ने
१२. विद्यार्थी सङ्ख्याअनुसार प्रत्येक पाँच वर्षमा शिक्षक दरबन्दी मिलान गर्ने ।

### ३.२.३ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/ २०८७ सम्मको लक्ष्य | २०९१/ २०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | शिक्षकलाई विषयगत तालिम (तहगत कुल शिक्षकमध्ये) | पटक | - | १ | २ |
| २ | नगर शिक्षाद्वारा तोकिएका कक्षाहरुमा वार्षिक सक्षमता परीक्षा सञ्चालन (कक्षा ५ र ८) (वार्षिक) | पटक | १ | १ | १ |
| ३ | विद्यालय वरपरको समुदायसँग अन्तरक्रिया, छलफल कार्यक्रम सञ्चालन (वार्षिक) | पटक | १ | १ | १ |
| ४ | अति विपन्न विद्यार्थीको पहिचान गरी अत्यावश्यक शैक्षिक सामग्री प्रदान (वार्षिक) | पटक | - | १ | १ |
| ५ | विद्यालयको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन (कुल विद्यालयमध्ये) | प्रतिशत | - | १०० | १०० |
| ६ | वडासँगको सहकार्यमा बिचैमा विद्यालय छाड्ने तथा विद्यालयबाहिर रहेका बालबालिकाको पहिचान (वार्षिक) | पटक | १ | १ | १ |
| ७ | विद्यालयका प्र. अ. सँग कार्य सम्पादन सम्झौता | समय | - | वैशाख दोस्रो हप्ता | |
| ८ | प्रत्येक विद्यालयमा खानेपानी, शौचालय तथा न्यूनतम भौतिक सुविधाको सुनिश्चितता (कुल विद्यालयमध्ये) | प्रतिशत | ५० | ८० | १०० |
| ९ | प्रत्येक विद्यालयका नियमित खेलकुद तथा अतिरिक्त क्रियाकलापको सुनिश्चितता (कुल विद्यालयमध्ये) | प्रतिशत | ५० | ८० | १०० |
| १० | प्रत्येक विद्यालयलाई मूल्याङ्कनमा एकरुपताका लागि तालिम तथा कार्यशालाको व्यवस्थापन (१० वर्षमा) | पटक | १० | १ | १ |

## ३.३ माध्यमिक शिक्षा

कनकाई नगरपालिकामा सामुदायिक तथा संस्थागत गरेर माध्यमिक शिक्षा (कक्षा ९-१२) प्रदान गर्ने जम्मा विद्यालयको सङ्ख्या २१ रहेको छ । त्यसमध्ये कक्षा १-१० सञ्चालन गर्ने सामुदायिक विद्यालय ४ वटा रहेका छन् भने संस्थागत विद्यालय ११ वटा रहेका छन् । कक्षा १-१२ सञ्चालन गर्ने सामुदायिक र संस्थागत विद्यालय ३/३ वटा रहेका छन् । २०८१ को IEMIS रिपोर्टअनुसार सामुदायिक विद्यालयको माध्यमिक तह कक्षा ९-१२ मा अध्ययन गर्ने जम्मा विद्यार्थी सङ्ख्या १९३५ रहेको छ भने यो सङ्ख्या संस्थागत विद्यालयको हकमा १३३४ रहेको छ । दुवै खाले विद्यालयमा कुल ३२६९ विद्यार्थी अध्ययन गर्छन् । कक्षा ९-१२ मा कुल भर्ना दर (GER) ८६.५ प्रतिशत रहेको छ, जुन राष्ट्रिय औसत ८३.२ प्रतिशतभन्दा बढी हो । यसले के देखाउँछ भने शिक्षा प्रणालीले अझै सबै विद्यार्थीलाई समेट्न सकेको छैन । त्यसै गरी कक्षा ९-१२ को खुद भर्ना दर (NER)

५९.९ प्रतिशत देखिन्छ । यो राष्ट्रिय औसत दर ५६.८ प्रतिशत भन्दा सन्तोषजनक रहे तापनि अझै धेरै विद्यार्थी माध्यमिक शिक्षा प्राप्तिबाट बाहिर रहेको देखिन्छ ।

कक्षा ९ र १० को हकमा विद्यार्थीले बिचैमा कक्षा छाड्ने दर ०.८ प्रतिशत रहेको छ । राष्ट्रिय स्तरसँग तुलना गर्दा यो दर सन्तोषजनक देखिन्छ किनभने राष्ट्रिय स्तरमा कक्षा ९ र १० को कक्षा छाड्ने दर १.९ प्रतिशत रहेको छ । कक्षा ११-१२ को हकमा पनि बिचैमा कक्षा छाड्ने दर राष्ट्रिय स्तरका तुलनामा कम्ती देखिन्छ । कक्षा ९-१२ मा सामुदायिक विद्यालयतर्फ जम्मा ३४ वटा दरबन्दी रहेका छन् । प्राविधिक धारतर्फ जम्मा प्रशिक्षक सङ्ख्या ८ रहेको छ । विद्यालय विद्यार्थी अनुपात १:२७७ देखिन्छ भने शिक्षक विद्यार्थी अनुपात १:३२ रहेको छ । माध्यमिक तहमा लैङ्गिक समता सूचकाङ्क १.०९ देखिन्छ, जसको अर्थ छात्राको सङ्ख्या छात्रभन्दा बेसी छ ।

**प्रमुख समस्या तथा चुनौती**

१. नगर क्षेत्रका धेरै विद्यार्थी माध्यमिक शिक्षाको पहुँचभन्दा बाहिर रहनु
२. शैक्षिक कार्यक्रममा समुदायको सहभागिता र साझेदारीको अवस्था कमजोर हुनु
३. फरक फरक प्रतिभा भएका विद्यार्थीको प्रतिभा पहिचानपश्चात् थप वृत्ति विकासका लागि स्पष्ट मार्ग निर्देश गर्न नसक्नु
४. न्यून उपलब्धि स्तर भएका विद्यार्थीका लागि प्रभावकारी वैकल्पिक सिकाइ व्यवस्थापन हुन नसक्नु
५. शिक्षकहरुका लगि पुनर्ताजगी, मागमा आधारित तथा वृत्ति विकासका तालिम सञ्चालन हुन नसक्नु
६. शिक्षा क्षेत्रमा नगरले पर्याप्त बजेट विनियोजन गर्न नसक्नु
७. अधिकांश विद्यालयको भौतिक पूर्वाधारको अवस्था विद्यार्थीमैत्री नहुनु
८. विद्यालयमा सूचना तथा सञ्चार प्रविधि (आइसिटी) पूर्वाधार तथा आइसिटी सामग्रीको अभाव हुनु
९. विद्यालयमा विद्यार्थीको उपस्थिति न्यून तथा अनियमित हुनु
१०. विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग न्यून हुनु
११. प्राविधिक, सिपमूलक तथा स्वरोजगारमूलक शिक्षाको अभाव हुनु
१२. विद्यालयको नियमित अनुगमन तथा मूल्याङ्कन नहुनु
१३. आदिवासी, पिछडा वर्ग, जनजाति, विपन्न, अल्पसङ्ख्यक तथा खोलाधारका विद्यार्थीलाई विद्यालयमा टिकाउन समस्या हुनु
१४. विद्यालय उमेरका छात्रछात्रामा दुर्व्यसनी बढ्नु
१५. नतिजा विश्लेषणका आधारमा नयाँ योजना बनाई कार्यान्वयन गर्न नसक्नु
१६. सामुदायिक विद्यालयको जोड शैक्षिकभन्दा बढी भौतिक पूर्वाधार विकासमा हुनु
१७. माध्यमिक तह अध्ययनार्थ नगरबाहिर जाने विद्यार्थीको सङ्ख्या उच्च हुनु
१८. माध्यमिक शिक्षा पूर्ण रुपमा निःशुल्क हुन नसक्नु
१९. विद्यार्थीको समतामूलक पहुँचको सुनिश्चितता गर्न पर्याप्त स्रोतको अभाव हुनु
२०. खेलकुद तथा अन्य अतिरिक्त क्रियाकलापसम्बन्धी निरन्तर प्रशिक्षणको अभाव हुनु
२१. सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यम तथा निजी शिक्षकहरुको उचित व्यवस्थापन हुन नसक्नु।

### ३.३.१ उद्देश्य

कनकाई नगरपालिकाको माध्यमिक तहका उद्देश्य निम्नबमोजिम रहेका छन्:

१. माध्यमिक शिक्षामा सबै विद्यार्थीको पहुँच सुनिश्चित गर्दै स्वरोजगारमूलक, संस्कारयुक्त तथा समालोचनात्मक चिन्तनसहितको शिक्षा प्रदान गर्नु
२. नगरभित्रै विद्यार्थीको इच्छाबमोजिमका विषयको पठनपाठनको व्यवस्था गर्दै निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चितता गरी विद्यार्थी पलायनलाई रोक्नु।

### ३.३.२ रणनीति

१. सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्थापन गर्ने
२. शिक्षक पेसागत विकास तथा सहयोगको विकास गर्ने
३. शिक्षकका लागि अभिप्रेरणात्मक कार्यक्रम सञ्चालन गर्ने
४. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार गर्ने
५. शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने
६. विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने
७. विद्यालयलाई न्यूनतम भौतिक पूर्वाधार सम्पन्न बनाउने
८. लागु औषध दुर्व्यसनी तथा सामाजिक विकृति विरुद्ध कार्यक्रम सञ्चालन गर्ने
९. वैकल्पिक तथा उपचारात्मक सिकाइको व्यवस्था गर्ने
१०. प्रत्येक विद्यालयमा प्राविधिक, सिपमूलक तथा स्वरोजगारमूलक शिक्षा सुनिश्चित गर्ने
११. संस्कारयुक्त नैतिक शिक्षाको आवश्यकीय प्रबन्ध मिलाउने
१२. नगरद्वारा शिक्षाको स्तरोन्नति गर्न आवश्यक बजेट विनियोजन गर्ने
१३. खेलकुदसहितका अतिरिक्त क्रियाकलाप सुव्यवस्थित गर्न घुम्ती प्रशिक्षकको व्यवस्था गर्ने
१४. अङ्ग्रेजी माध्यमका कक्षा र निजी स्रोतका शिक्षकको व्यवस्थापन गर्ने।

### ३.३.३ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/ २०८७ सम्मको लक्ष्य | २०९१/ २०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | नतिजा प्रकाशनमा अभिभावकको अनिवार्य उपस्थिति (वार्षिक) | पटक | १ | २ | २ |
| २ | प्रत्येक कक्षाका अभिभावकसँग अनिवार्य छलफल (वार्षिक) | पटक | २ | ३ | ३ |
| ३ | वार्षिक उत्सवमा तहगत (१-५, ६-८, ९-१२) उत्कृष्ट अभिभावक पुरस्कार (वार्षिक) | पटक | १ | १ | १ |
| ४ | फेसबुक ग्रुपमा आमा समूह निर्माण (योजना अवधिभरमा) | पटक | - | १ | |
| ५ | वैकल्पिक तथा उपचारात्मक कक्षा सञ्चालन (३ विषय) | महिना | १ | ३ | ३ |
| ६ | शिक्षकका लागि पुनर्ताजगी/ मागमा आधारित तालिम (योजना अवधिभरिमा) | पटक | - | १ | २ |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/ २०८७ सम्मको लक्ष्य | २०९१/ २०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| ७ | प्राविधिक, स्वरोजगारमूलक तथा परम्परागत सिपकेन्द्री शिक्षाका लागि घुम्ती प्रशिक्षक व्यवस्थापन | जना | - | ३ | ६ |
| ८ | दुर्व्यसनी, विकृति तथा विसङ्गति विरुद्ध कार्यक्रम सञ्चालन (प्रतिविद्यालय प्रतिवर्ष) | पटक | १ | १ | १ |
| ९ | खेलकुद तथा अतिरिक्त क्रियाकलापका निम्ति प्रशिक्षकको व्यवस्था (योजना अवधिभरमा) | जना | - | ३ | ६ |
| १० | विद्यार्थी प्रतिभा पहिचानका विविध कार्यक्रम कार्यान्वयन (वार्षिक) | पटक | १ | १ | १ |
| ११ | सांस्कारिक चेतना विकासका लागि विद्यालयमा ज्येष्ठ नागरिक/सफल व्यक्ति कार्यक्रम (वार्षिक) | पटक | - | १ | १ |

### ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

नगरभित्र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम दिने उद्देश्यले दुई वटा शैक्षिक संस्थाहरुले कार्यक्रम सञ्चालन गरिरहेका छन् । तीमध्ये सामुदायिक विद्यालयतर्फ कनकाई- ९ स्थित श्री आदर्श विद्या मन्दिर माध्यमिक विद्यालयले प्राविधिक धारको कक्षा ९-१२ का कक्षा सञ्चालन गरेको छ भने कनकाई नगरपालिकाद्वारा आफ्नै पूर्ण स्वामित्वमा सञ्चालित एक बहुप्राविधिक शिक्षालय रहेको छ । यस शिक्षालयको उद्देश्य आधारभूत सिप तालिम सञ्चालन गर्नु एवम् मध्यम स्तरीय मानव संसाधन उत्पादन गर्नु हो । सामुदायिक विद्यालयमा प्राविधिक धारतर्फ ८२ जना तथा  कनकाई बहुप्राविधिक शिक्षालयतर्फ २५२ जना विद्यार्थी अध्ययरत छन् । एकातर्फ जनअपेक्षा प्राविधिक शिक्षामा जोड दिने रहेको छ भने अर्कातर्फ प्राविधिक धारतर्फ अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या दिनानुदिन घटिरहेको कुरा सूचकले देखाउँछ । बहुप्राविधिक धारबाट स्वरोजगार बन्न सक्ने, नेपाल सरकारको पाँचौं तहसम्म प्रवेश गर्न सक्ने एवम् निजी संस्थामा रोजगारी प्राप्त गर्न सक्ने अवसर छ तथापि विद्यार्थीको एउटा ठुलो समूह प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमबाट बाहिर छ । यस विरोधाभासलाई चिर्दै सन्तुलित रुपमा प्राविधिक शिक्षालाई अघि बढाउनुपर्ने अवस्था हाल विद्यमान छ ।

#### प्रमुख समस्या तथा चुनौती

१. नगरभित्र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम दिने संस्थाको सङ्ख्या न्यून हुनु
२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रममा विद्यार्थीको सङ्ख्या निरन्तर घट्तै जानु
३. नगरका प्राविधिक शिक्षालयमा प्राविधिक शिक्षा अध्ययन गर्ने नगरभित्रका विद्यार्थीको सङ्ख्या अत्यन्त कम हुनु
४. अभिभावकमा प्राविधिक शिक्षासम्बन्धी चेतनाको अभाव र विद्यार्थीमा विदेश पलायनको माहोलले असर पार्नु
५. बहुप्राविधिक शिक्षातर्फ एसइईपछि मात्र विद्यार्थी जोडिने भएकाले विद्यालयसँग समन्वय हुन नसक्नु
६. प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षाका क्षेत्रमा शिक्षक आपूर्ति तथा व्यवस्थापन कठिन हुनु
७. समुदायको सहभागिता तथा अन्य सङ्घसंस्थाको साझेदारीको अवस्था कमजोर हुनु

८. नगरभित्रको कृषि र यसका सम्भावनालाई प्राविधिक शिक्षाले समेट्न नसक्नु
९. प्राविधिक तथा व्यावसायिक सिप सिकेको जनशक्तिलाई नगरभित्र कम अवसर प्राप्त हुनु ।

### ३.४.१ उद्देश्य

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमप्रति जनाकर्षण बढाउँदै सबैको पहुँच सुनिश्चितताका साथ उत्पादित जनशक्तिलाई नगरभित्रै रोजगारीको अवसर प्रदान गर्नु ।

### ३.४.२ रणनीति

१. समयसापेक्ष प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको विस्तार गर्ने
२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई आकर्षक बनाउन उत्पादित जनशक्तिलाई रोजगारीको अवसर सिर्जना गर्ने
३. प्राविधिक तथा व्यावसायिक तालिमलाई प्रभावकारी बनाउन स्थानीय जनप्रतिनिधि तथा सङ्घसंस्थासँग समन्वय गर्ने
४. प्राविधिक धार चलेका विद्यालयलाई नगरपालिकाबाट प्रदान गरिने अनुदानको रकम वृद्धि गर्ने
५. नगरभित्र प्राविधिक जनशक्तिको आवश्यकता भएका क्षेत्रको पहिचान गरी उक्त विषय पठनपाठन गर्ने व्यवस्था मिलाउने।

### ३.४.३ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/ २०८७ सम्मको लक्ष्य | २०९१/ २०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | प्राविधिक तथा व्यावसायिक क्षेत्रमा अध्ययन गर्न इच्छुक विद्यार्थीको तथ्याङ्क सङ्कलन (वर्षभरिमा) | पटक | - | १ | १ |
| २ | नगरको आवश्यकता पहिचान गरी व्यावसायिक तालिमको व्यवस्थापन | जना | - | २०० | ३०० |
| ३ | आवश्यकता पहिचान भएका क्षेत्रमा छात्रवृत्तिमा प्राविधिक शिक्षा अध्ययन गर्ने कोटा व्यवस्थापन | जना | - | बढीमा ५० | बढीमा १०० |
| ४ | प्राविधिक शिक्षा र व्यावसायिक तालिम प्रदान गर्ने शिक्षालयलाई सामग्री सम्पन्न तथा न्यूनतम पूर्वाधार व्यवस्थापन (अति आवश्यक पूर्वाधारमध्ये) | प्रतिशत | - | २५ | ५० |
| ५ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने प्रशिक्षकलाई तालिमको व्यवस्था (कुल प्रशिक्षकमध्ये) | प्रतिशत | - | ५० | ५० |
| ६ | 'पढ्दै-कमाउँदै' कार्यक्रम सञ्चालन (जम्मा मा.वि.मध्ये) | प्रतिशत | - | १०० | |
| ७ | विद्यालय तहमा प्राविधिक शिक्षाको महत्त्व र अवसर सम्बन्धमा कार्यशाला, गोष्ठी सञ्चालन (योजना अवधिभरिमा प्रत्येक वडामा) | पटक | - | १ | १ |
| ८ | बहुप्राविधिक शिक्षालयका लागि नगरका तर्फबाट प्रदान गरिने अनुदान रकममा वृद्धि | प्रतिशत | - | २० | ४० |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### वर्तमान अवस्था

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्कअनुसार कनकाई नगरपालिकाको कुल साक्षरता प्रतिशत ८३.३ उल्लेख गरिएबाट यस नगरमा अझै १६.७ प्रतिशत जनसङ्ख्या निरक्षर रहेको देखिन्छ तथापि वर्तमान अवस्थामा अधिकांश वडामा निरक्षर जनसङ्ख्या चारदेखि पाँच प्रतिशतसम्म रहेको कुरा वडाहरुले गराएको जानकारीबाट स्पष्ट हुन आउँछ । विपन्नता, घरेलु समस्या आदि कारणले बालबालिकाहरु औपचारिक शिक्षाबाट विमुख रहेको पाइन्छ । यस्ता विद्यार्थीका लागि खुला सिकाइको व्यवस्थापनमा सरोकारवाला निकाय उदासीन देखिन्छ । अर्कोतिर समुदायले जनजीविकालाई माथि उठाउन आवश्यक ज्ञान, सिपको अपेक्षा गरेको छ । यसका लागि सिप सिकाइका क्षेत्रमा वडाबाट महिलालक्षित, युवालक्षित कार्यक्रमहरु सञ्चालन भएका छन् । यसअन्तर्गत ड्राइभिङ, फिनेल निर्माण, झोला निर्माण, पन्चेबाजा जस्ता सिपमूलक कार्यक्रम सञ्चालन भएको पाइन्छ ।

### प्रमुख समस्या तथा चुनौती

१. स्थानीय तहमा निरक्षर रहेका नागरिकलाई साक्षरता प्रदान गर्न कठिन हुनु
२. कक्षा ८ उत्तीर्ण भई कक्षा छाडेका विद्यार्थीलाई खुला सिकाइ प्रणालीमा जोड्न कठिन हुनु
३. बिचैमा कक्षा छाडेर बसेका विद्यार्थीको पहिचान नहुनु तथा उनीहरुको अध्ययनको निरन्तरताका लागि कुनै प्रयत्न नहुनु
४. स्थानीय तहमा सिप आर्जन गरेको जनशक्तिलाई कामको संसारमा जोड्न नसक्नु
५. अनौपचारिक शिक्षा कार्यक्रम निस्क्रिय हुनु
६. समुदायमा सार्वजनिक पुस्तकालय सञ्चालन र व्यवस्थापन गरी पठन संस्कारको विकास गर्न नसक्नु
७. तालिम प्राप्त व्यक्तिको प्रमाणीकरण गरी विदेश पलायनबाट रोक्न नसक्नु
८. धार्मिक तथा आचरण शिक्षा प्रवर्धन नहुनु ।

### ३.४.१ उद्देश्य

स्थानीय स्तरमा अनौपचारिक सिकाइका माध्यमबाट निरक्षरता उन्मूलन र सिपकेन्द्री कार्यक्रम सञ्चालन गर्दै आजीवन सिकाइलाई सुनिश्चित गर्नु ।

### ३.४.२ रणनीति

१. नगर तहबाट आवश्यताअनुसार अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालय सुदृढीकरण गर्ने
२. स्थानीय स्तरमा निरक्षरताको सङ्ख्या यकिन गरी आवश्यकीय साक्षरतामूलक कार्यक्रम सञ्चालन गर्ने
३. कक्षा ८ उत्तीर्ण गरी विद्यालयको निरन्तर शिक्षामा जोडिन नसकेका विद्यार्थीलाई सहजीकरण गर्दै खुला सिकाइका माध्यमबाट एसइई दिने व्यवस्था मिलाउने
४. औपचारिक, अनौपचारिक सिप आर्जन गरेको जनशक्तिलाई न्यूनतम कमाइ हुन सक्ने काममा जोड्ने
५. समुदाय स्तरमा साझा पुस्तकालयको व्यवस्थापन गरी आजीवन सिकाइको अवधारणालाई सुनिश्चित गर्ने

६. नगर वा वडाबाट विविध विषय र क्षेत्रमा तालिम प्राप्त गरेको जनसङ्ख्याको प्रमाणीकरण गरी तिनलाई विदेश पलायनबाट रोक्ने
७. विद्यालयमा अभिभावकको पहुँच र सहभागिता बढाउन अभिभावक शिक्षालाई अनिवार्य बनाउने र यसलाई विद्यार्थीको सिकाइ मूल्याङ्कनसँग सम्बद्ध गर्ने
८. सामुदायिक सिकाइ केन्द्रमार्फत कार्यमूलक साक्षरता कार्यक्रम सञ्चालन गर्ने ।

### ३.४.३ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | निरक्षरहरुको तथ्याङ्क सङ्कलन (योजना अवधिभर सुरुमा) | पटक | - | १ | - |
| २ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण (आधारभूत सूचकमध्ये) | प्रतिशत | - | ७५ | १०० |
| ३ | बिचैमा विद्यालय छाडेका बालबालिकाको पहिचान तथा यकिन (वार्षिक) | पटक | - | १ | - |
| ४ | वडाको पहलमा सामुदायिक पुस्तकालयको स्थापना तथा सञ्चालन (प्रति वडा) | वटा | - | १ | |
| ५ | वडाले सञ्चालन गर्ने सिपमूलक तथा स्वरोजगारमूलक कार्यक्रमलाई व्यवस्थित गर्दै उत्पादित जनशक्तिलाई रोजगारी प्रदान (प्रति वडा) | जना | २० | ४० | ४० |
| ६ | कक्षा ८ उत्तीर्ण गरी माथिल्लो कक्षामा अध्ययन गर्न बञ्चित भएका विद्यार्थीलाई खुला शिक्षामार्फत एसइई परीक्षामा समावेश (प्रति वडा) | जना | - | २ | २ |
| ७ | विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन (वार्षिक) | पटक | - | १ | १ |

# परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

विद्यालय शिक्षाको योजनामा अपेक्षित परिणाम हासिल गर्न विभिन्न अन्तरसम्बन्धित विषय तथा क्षेत्रको महत्त्वपूर्ण भूमिका हुन्छ । ती अन्तरसम्बन्धित विषय र क्षेत्रका बारेमा स्पष्ट अवधारणा बनाउन आवश्यक छ ।

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ वर्तमान अवस्था

कनकाई नगरपालिकाअन्तर्गत सामुदायिक तथा संस्थागत सम्पूर्ण विद्यालयमा पाठ्यक्रमको उपलब्धता रहेको भए तापनि कार्यान्वयनमा प्रभावकारिता र एकरुपता देखिँदैन । सामुदायिक विद्यालयमा पाठ्यपुस्तकको व्यवस्था सरकारद्वारा नै हुने भएकाले सम्पूर्ण विद्यालयमा एकै किसिमको पाठ्यपुस्तक अध्यापन हुने हुँदा एकरुपता देखिन्छ भने संस्थागत विद्यालयमा पाठ्यपुस्तकमा एकरुपता देखिँदैन । नगरका तर्फबाट पाठ्यक्रम र पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनका लागि गरिएका प्रयत्नहरु अत्यन्तै न्यून देखिएका छन् । विद्यार्थी मूल्याङ्कनको हकमा अवस्था अझ कमजोर छ । सामुदायिक विद्यालयबिचमै आन्तरिक र बाह्य परीक्षा सञ्चालन गर्ने, प्रश्नपत्र निर्माण गर्ने तथा अभिलेख राख्ने विषय क्षेत्रहरुमा एकरुपता देखिँदैन । कक्षोन्नति भएका विद्यार्थीको सक्षमताको वर्तमान अवस्था पाठ्यक्रमले निर्दिष्ट गरेभन्दा तल रहेको छ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी रुपमा सञ्चालन हुन सकेको छैन । संस्थागत विद्यालयको विद्यार्थी मूल्याङ्कनमा तोकिएका कक्षाबाहेकका अन्य कक्षामा नगरको कुनै संलग्नता तथा निर्देशन देखिँदैन ।

कनकाई नगरले स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण तथा कार्यावन्यनमा ल्याएको भए तापनि समयमै पाठ्यपुस्तक उपलब्ध नहुनु तथा विद्यालयले तोकिएको पाठ्य घण्टा नछुट्याउनुले यसको प्रभावकारी कार्यान्वयनमा समस्या देखिएको छ । तोकिएको पाठ्यक्रमले नसमेट्ने विश्व बजारमा प्रतिस्पर्धा गर्न आवश्यक पर्ने वित्तीय साक्षरता, उद्यमशीलता, सञ्चार सिप, संवेग व्यवस्थापन जस्ता जीवनोपयोगी सिपहरु प्रवर्धन गर्ने प्रकृतिका विषयवस्तुको व्यवस्थापन सन्तोषजनक रुपमा भएको छैन ।

**प्रमुख समस्या र चुनौती**

१. पाठ्यक्रमको कार्यान्वयनमा एकरुपता नहुनु
२. संस्थागत विद्यालयका पाठ्यपुस्तकमा एकरुपता नहुनु
३. नगरद्वारा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक प्रबोधीकरण नहुनु
४. सामुदायिक विद्यालयबिचमै मूल्याङ्कन प्रणालीमा एकरुपता नहुनु
५. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी कार्यान्वयन नहुनु
६. स्थानीय विषयको पाठ्यपुस्तक समयमै उपलब्ध नहुनु
७. पाठ्यक्रमद्वारा तोकिएका विषय क्षेत्रबाहेकका विषयवस्तु अध्ययन, अध्यापन नहुनु
८. शैक्षिक सामग्री निर्माण तथा प्रयोगको अवस्था सन्तोषजनक नहुनु
९. आवधिक मूल्याङ्कनका प्रश्नपत्रहरु विशिष्टीकरण तालिकाअनुरुप निर्माण हुन नसक्नु
१०.नगरका केही विद्यालयमा दृष्टिविहिन शिक्षकका लागि कक्षागत ब्रेल पुस्तकको व्यवस्था नहुनु ।

### ४.१.२ उद्देश्य
पाठ्यक्रमको कार्यान्वयनमा एकरुपता ल्याई शैक्षिक सामग्रीको अधिकतम उपयोगमार्फत सिकारुको ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु ।

### ४.१.३ रणनीति
१. राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुरुप पाठ्यक्रमको पूर्ण कार्यान्वयन गर्ने
२. सम्बन्धित शिक्षक तथा सरोकारवालालाई समयमै पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रबोधीकरण गर्ने
३. शिक्षकका लागि शिक्षक निर्देशिका, स्रोत सामग्री एवम् विद्यार्थीका लागि सिकाइ सामग्री र स्वअध्ययन सामग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने
४. माध्यम भाषाका रुपमा आवश्कताअनुसार मातृभाषा तथा स्थानीय भाषा प्रयोगको व्यवस्था गर्ने
५. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने
६. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रुपमा प्रयोग गर्ने
७. अपाङ्गमैत्री विद्यालयको अवधारणाअनुरुप दृष्टिविहिन शिक्षक भएको विद्यालयमा शिक्षकका लागि कक्षागत ब्रेल पुस्तकको व्यवस्था गर्ने ।

### ४.१.४ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/ २०८७ सम्मको लक्ष्य | २०९१/ २०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रबोधीकरण गरी कार्यान्वयनमा एकरुपता ल्याउन विद्यालयका स्रोत शिक्षकलाई तालिम (सामुदायिक+संस्थागत) | प्रतिशत | - | १०० | |
| २ | संस्थागत विद्यालयका पाठ्यपुस्तकमा एकरुपता ल्याउन सरोकारवालासँग छलफल (शै.स.को अन्तमा) | पटक | - | १ | |
| ३ | कक्षा १-३ को कार्यसञ्चयिकामा आधारित विद्यार्थी मूल्याङ्कनको सुनिश्चितता गर्न विद्यालयको भ्रमण तथा अनुगमन (वार्षिक) | पटक | १ | २ | २ |
| ४ | प्रत्येक विद्याालयमा शैक्षिक सामग्री निर्माण कार्यशाला (योजना अवधिभरमा) | पटक | - | १ | १ |
| ५ | माध्यम भाषाका रुपमा प्रयोग हुन सक्ने मातृभाषा तथा स्थानीय भाषाको संरक्षण कार्यक्रम (वार्षिक) | पटक | - | १ | १ |
| ६ | सहपाठी सिकाइ समूह गठन (प्रति वडा) | वटा | - | २ | ४ |
| ७ | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक संशोधन, परिवर्तन, प्रकाशन र कार्यान्वयनको अनुगमन तथा प्रतिवेदन साथै ब्रेल पुस्तक प्रबन्ध (वार्पिक) | पटक | - | १ | १ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

कनकाई नगरपालिकामा सामुदायिक विद्यालयतर्फ प्राथमिक तहमा ११४, निम्नमाध्यमिक तहमा ३१, माध्यमिक तह (कक्षा ९ र १०) मा २८ र माध्यमिक तह (कक्षा ११ र १२) मा ६ वटा गरी कुल १७९ वटा दरबन्दी साधारण धारतर्फ रहेका छन् । प्राविधिक धारतर्फ ८ जना प्रशिक्षक कार्यरत छन् । आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात १:२७ र माध्यमिक तह (कक्षा ९-१२) मा १:५६ रहेको छ । केही विद्यालयमा शिक्षक आपूर्ति र वितरणमा सन्तुलन देखिँदैन । शिक्षकको पेसागत तथा क्षमता विकास कार्यक्रममा नगरले गरेको प्रयास सन्तोषजनक देखिँदैन । वार्षिक रुपमा केही पेसागत तालिम, आधारभूत भाषा तालिम, मन्टेस्वरी तालिम, स्काउट तथा योग प्रशिक्षण, आइसिटी तालिम तथा गायन, नृत्य आदि प्रशिक्षण हुने गरेको भए तापनि यिनको निरन्तरता र दर बढाउनुपर्ने देखिएको छ । विद्यालय तहबाट पनि विभिन्न प्रशिक्षणमूलक कार्यक्रम, साङ्केतिक भाषा तालिम जस्ता कार्य सञ्चालन भएको पाइन्छ तर यो सबैतिर चलेको भने छैन । कनकाई नगरको शैक्षिक गन्तव्य कार्यक्रमले आफ्नो रणनीति तथा कार्यनीतिमा शिक्षक विकासका स्पष्ट कार्य योजना ल्याएको भए तापनि तिनको कार्यान्वयन नहुँदा शिक्षक व्यवस्थापन र विकासमा ठोस  उपलब्धि हासिल हुन सकेको छैन । समग्रमा शिक्षण पेसालाई समुदायले हेर्ने दृष्टिकोण पनि सकारात्मक देखिँदैन । युवा विद्यार्थीको शिक्षण पेसाप्रतिको आकर्षण पनि घट्दो रुपमा रहेको छ ।

**प्रमुख समस्या र चुनौती**

१. विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक दरबन्दी मिलान नहुनु,
२. शिक्षकको पेसागत तथा क्षमता विकास कार्यक्रममा नगरको प्रयास अपर्याप्त हुनु,
३. शिक्षण पेसालाई समुदायले हेर्ने दृष्टिकोण अपेक्षित सकारात्मक नहुनु,
४. शिक्षण पेसाप्रति युवा विद्यार्थीको आकर्षण घट्नु,
५. शैक्षिकबाहेक योग, नृत्य, गायन जस्ता विधामा प्रशिक्षकको व्यवस्थापन नहुनु,
६. शिक्षक तथा प्रधानाध्यापकको कार्य सम्पादनलाई नतिजासँग जोड्न नसक्नु,
७. सामुदायिक विद्यालयमा कार्यरत निजी स्रोतका शिक्षकको व्यवस्थापनमा नगरपालिका उदासीन हुनु

### ४.२.२ उद्देश्य

तहगत तथा विषयगत दरबन्दी मिलान गरी शिक्षकका लागि निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्दै शिक्षण पेसाप्रति आकर्षण बढाउनु ।

### ४.२.३ रणनीति

१. शिक्षक विद्यार्थी अनुपातका आधारमा विद्यालयमा तहगत र विषयगत शिक्षक दरबन्दी मिलान गर्ने
२. शिक्षकलाई शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकास तथा सेवाकालीन तालिम सञ्चालन गर्ने
३. शिक्षकको उपस्थिति, नियमितता र कार्य सम्पादनमा सुधार गर्ने
४. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जबाफदेही बनाउने

५. शिक्षकको क्षमता अभिवृद्धि गर्न शैक्षिक गन्तव्यअन्तर्गत आएका कार्यक्रमहरु सञ्चालन गर्ने
६. विद्यालयसँगको समन्वयमा निजी स्रोतमा कार्यरत शिक्षकको पेसागत विकासका लागि कार्यक्रम सञ्चालन गर्ने
७. शिक्षक तयारीलाई जोड दिँदै नगरभित्रका युवालक्षित शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालनलाई निरन्तरता दिने ।

### ४.२.४ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | विद्यार्थी सङ्ख्याका आधारमा नगरभित्रका विद्यालयमा दरबन्दी मिलान | पटक | - | वार्षिक | वार्षिक |
| २ | शिक्षकको पेसागत तथा क्षमता विकास कार्यक्रम तहगत रुपमा सञ्चालन (योजना अवधिभरमा) | पटक | - | १ | १ |
| ३ | शिक्षण पेसाप्रति विद्यार्थी आकर्षण बढाउन जेहेन्दार युवालक्षित कार्यक्रम (वार्षिक) | पटक | - | २ | २ |
| ४ | निजी स्रोतमा कार्यरत शिक्षकका लागि पेसागत विकास कार्यक्रम सञ्चालन (योजना अवधिभरमा) | पटक | - | १ | - |
| ५ | शिक्षकको कार्यसम्पादन मूल्याङ्कन (वार्षिक) | पटक | १ | १ | १ |
| ६ | प्रशासनिक तथा व्यवस्थापकीय सूचकमा आधारित प्रधानाध्यापकको कार्यसम्पादन मूल्याङ्कन (वार्षिक) | पटक | - | १ | १ |
| ७ | शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालनमा निरन्तरता (वार्षिक) | पटक | - | १ | १ |

## ४.३ शिक्षामा समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

कनकाई नगरपालिकाअन्तर्गतका सामुदायिक विद्यालयमा १३.९६ प्रतिशत दलित विद्यार्थी अध्ययन गर्छन् । सीमान्तकृत विद्यार्थीको प्रतिशत १६.६७ रहेको छ भने आदिवासी जनजाति विद्यार्थी २७.२८ प्रतिशत रहेका छन् । इसिइडीमा लैङ्गिक समता सूचकाङ्क ०.८१ र आधारभूत तथा माध्यमिक तहमा लैङ्गिक समता सूचकाङ्क क्रमशः १.०० र १.०९ रहेको छ । विभिन्न मातृभाषा भएका बालबालिकाहरु विद्यालयमा अध्ययनरत छन् । विद्यालयले अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक पहिचान गरेका छन् तथापि त्यस्ता बालबालिकाको पहुँच सुनिश्चित गर्न उपकरणको व्यवस्था र वैयक्तिक सहयोग प्रणाली प्रभावकारी रहेको देखिँदैन । विभिन्न कठिन परिस्थितिमा रहेका बालबालिकाको सङ्ख्या उच्च रहेको छ । धेरैजसो बालबालिका अतिविपन्न परिवारबाट आएका छन् भने अभिभावकविहीन तथा घरेलु कामदारका रुपमा रहेका बालबालिकाको सङ्ख्यासमेत उच्च रहेको पाइएको छ । जन्मदर्ता नभएका बालबालिकाहरुको उपस्थिति पनि रहेको छ ।

नेपाल सरकारले प्रदान गर्ने समता लक्षित छात्रवृत्तिका कार्यक्रमबाट आधारभूत तहसम्मका बालबालिकाहरु लाभान्वित भए पनि सो छात्रवृत्तिको रकम पर्याप्त भएको देखिँदैन । केही विद्यालयले अक्षयकोषको स्थापनाबाट

समता लक्षित छात्रवत्ति उपलब्ध गराउँदै आएको पाइएको छ । अन्य विद्यालयले दाताहरुको खोजी गरेर बालबालिकालाई आवश्यक सामग्रीहरुसमेत उपलब्ध गराउँदै आएका छन् । सिकाइ वातावरण तथा सिकाइ क्रियाकलापमा विद्यालयहरुले समता र समावेशीकरणका प्रयत्नहरु गरेका छन् तथापि आवश्यक स्रोत तथा तालिमको अभावमा ती प्रयत्नहरु प्रभावकारी हुन सकेका छैनन् । विभिन्न कठिन परिस्थितिमा रहेका बालबालिकाका लागि वैकल्पिक सिकाइको उचित प्रबन्ध भएको पनि पाइँदैन । शिक्षक नियुक्तिमा शिक्षक सेवा आयोगले समता र समावेशीकरणमा ध्यान दिने गरेको पाइए तापनि विद्यालयले निजी स्रोतमा शिक्षक नियुक्ति गर्दा यसमा यो आधारलाई अवलम्बन गरेको पाइँदैन ।

**प्रमुख समस्या र चुनौती**

१. बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक कक्षा कोठामा प्रभावकारी शिक्षणका लागि शिक्षक तालिमको अभाव हुनु
२. खास मातृभाषाका विद्यार्थीको सङ्ख्याका आधारमा सम्बन्धित मातृभाषामा अध्यापन हुन नसक्नु
३. अतिविपन्न परिवारका बालबालिकालाई अध्ययन प्रयोजनार्थ सकारात्मक विभेदीकरण नहुनु
४. अभिभावकविहीन तथा घरेलु कामदारका रुपमा रहेका बालबालिकालाई मूल प्रवाहमा ल्याउन नसक्नु
५. नेपाल सरकारद्वारा प्रदान गरिने छात्रवृत्तिले सबै बालबालिकालाई समेट्न नसक्नु
६. लक्षित बालबालिकाका लागि वैकल्पिक सिकाइको उचित प्रबन्ध नहुनु
७. स्थानीय स्तरबाट गरिने शिक्षक नियुक्तिमा समावेशिता र समावेशीकरणको अभ्यास नहुनु ।

### ४.३.२ उद्देश्य

लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी रुपमा समतामूलक पहुँच सुनिश्चित गर्दै सिकाइ सहभागिता बृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु ।

### ४.३.३ रणनीति

१. विद्यालयलाई अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउँदै सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने
२. आर्थिक रुपले विपन्न, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाका लागि यथोचित छात्रवृत्तिको व्यवस्थासँगै आवसीय विद्यालय सञ्चालन गर्ने
३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गर्ने
४. आधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने
५. सहभागितामूलक एवम् समावेशी शिक्षणको प्रबन्ध गर्ने ।

### ४.३.४ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | अपाङ्गता भएका बालबालिकाको पहिचान र वर्गीकरण (वार्षिक) | पटक | - | १ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | शिक्षकको पेसागत विकासको कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तु तथा प्रशिक्षक समावेश (योजना अवधिभरमा) | पटक | - | १ | २ |
| ३ | विद्यालयमा विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गर्न प्रभावकारी गुनासो सुनुवाइ समिति गठन गरी सुनुवाइ कार्यान्वयन (वार्षिक) | पटक | - | १ | १ |
| ४ | विभिन्न लक्षित वर्ग पहिचान गर्दै जेहेन्दारितालाई समेत आधार मानी नगर स्तरबाट छात्रवृत्तिको व्यवस्था (कक्षा १-१२)(वार्षिक) | पटक | १ | १ | १ |
| ५ | वैकल्पिक शैक्षिक कार्यक्रम तथा सहायता पद्धति कार्यान्वयन (वार्षिक, ५ वर्षको लागि) | पटक | - | १ | - |
| ६ | मातृभाषा तथा स्थानीय भाषामा सिकाइको अवसर प्रदान गर्न सम्भावनाको खोजी (एक पटक सर्भेक्षण) | पटक | - | १ | - |
| ७ | आर्थिक रुपले विपन्न, सुविधाविहिन र कठिन परिस्थितिका बालबालिकाका लागि आवासीय विद्यालय सञ्चालन | कोठा | - | १० | १० |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

कनकाई नगरपालिकाअन्तर्गत सामुदायिक विद्यालयमा नेपाल सरकारको अनुदानमा कक्षा ५ सम्म प्रतिविद्यार्थी रु १५ का दरले दिवा खाजाका लागि रकम उपलब्ध हुन्छ । हाल सोही रकमबाट विद्यालयले खाजाको व्यवस्थापन गर्दै आएका छन् । विद्यालय प्रअका अनुसार उक्त रकम खाजाका लागि निकै अपुग रहेको छ । धेरै वटा विद्यालयमा विद्यार्थी, शिक्षक खाजाका लागि चमेना गृहको व्यवस्था छैनन् । दिवा खाजा प्राप्त गर्ने विद्यार्थीलाई दिनहुँजसो खाजाको मेनु फरक भए तापनि विद्यार्थीका लागि आवश्यक पोषण प्राप्त भए नभएको लेखाजोखा पाईंदैन । थोरै मात्र विद्यालयमा स्वास्थ्य स्वम् सेविकाको व्यवस्था उपलब्धता भएकाले विद्यालयमा सञ्चालित स्वास्थ्यका कार्यक्रम प्रभावकारी हुन सकेका छैनन् ।

विद्यार्थीको प्रयोग गरी विद्यालयमा दिनहुँजसो विद्यालय हाता सरसफाइ हुने गरेको पाइए तापनि समग्रमा सरसफाइ र स्वच्छताको अवस्था दयनीय पाइएको छ । केही सामुदायिक विद्यालयले छुट्टै कर्मचारी राखी शौचालय सरसफाइमा ध्यान दिएको पाइए तापनि धेरैजसो विद्यालयको शौचालयको अवस्था अत्यन्तै नाजुक रहेको छ । नगरपालिकाले छात्रालाई निःशुल्क सेनेटरी प्याड वितरण गर्नु अत्यन्त सकारात्मक पक्ष हो । छात्रा शौचालयमा प्याड विसर्जन गर्ने छुट्टै डस्टबिनको अभाव तथा विद्यालयका शौचालयमा पानीको आपूर्तिमा समेत समस्या देखिएको छ ।

विद्यालय हाता सरसफाइमा विद्यार्थीको प्रयोग हुने गरेको भए तापनि ग्राउन्डमा यत्र तत्र छरिएका प्लास्टिक तथा ऱ्यापरहरुले विद्यार्थीको सरसफाइ चेतना निम्न स्तरको भएको देखाउँछ । कक्षा कोठामा डस्टबिनको अभाव तथा कक्षा कोठा सरसफाइमा समेत उचित ध्यान पुगेको देखिँदैन । विद्यालयमा स्वच्छता कायम गर्न हरित विद्यालय अवधारणाअनुसार बेलाबखत वृक्षरोपण कार्यक्रम सञ्चालन हुने पाइएको छ तर उचित स्याहार र हेरचाहका अभावमा रोपिएका वृक्षहरु हुर्किएको पाइँदैन ।

कनकाई नगरले फोहोर सङ्कलन गर्न छुट्टै गाडीको व्यवस्था गरेको भए तापनि सो गाडी सबै विद्यालय र वार्डहरुमा पुग्दैन  यसले गर्दा सङ्कलित फोहोर र त्यसको व्यवस्थापन गर्न विद्यालयलाई मुस्किल पर्ने गरेको छ । विद्यालय समयमा बिरामी हुने बालबालिकालाई कनकाई नगर अस्पतालमा पुऱ्याउने गरिएको छ तर त्यस्ता विद्यार्थीको उपचार निःशुल्क हुन सकेको छैन ।

**प्रमुख समस्या र चुनौतीहरु**

१. नेपाल सरकारले उपलब्ध गराएको प्रतिविद्यार्थी खाजा रकम अत्यन्त न्यून हुनु
२. विद्यालयहरुमा चमेना गृहको अभाव हुनु
३. दिवा खाजाबाट प्राप्त हुने पोषणको किटान नहुनु
४. विद्यालय नर्सको व्यवस्था हुन नसक्नु
५. विद्यालय हाता तथा कक्षा कोठा सरसफाइको अवस्था कमजोर हुनु
६. शौचालय सरसफाइको अवस्था दयनीय हुनु
७. छात्रा शौचालयको व्यवस्था र व्यवस्थापन कमजोर हुनु
८. बालबालिकामा सरसफाइ चेतको अभाव हुनु
९. कक्षा कोठामा डस्टबिनको प्रबन्ध नहुनु
१०.विद्यालयमा गरिएका वृक्षरोपण जस्ता कार्यक्रम प्रभावकारी हुन नसक्नु
११.विद्यालयमा सङ्कलित फोहोरको व्यवस्थापन हुन नसक्नु ।

### ४.४.२ उद्देश्य

स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गर्दै सबै बालबालिकामा स्वास्थ्य तथा सरसफाइसम्बन्धी चेतनाको अभिवृद्धि गर्नु ।

### ४.४.३ रणनीति

१. सञ्चालित दिवा खाजा कार्यक्रममा रकम वृद्धि गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालबालिकालाई दिवा खाजा उपलब्ध गराउने
२. दिवा खाजामा स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने
३. विद्यालयहरुमा एकीकृत भान्छाघरको व्यवस्थापन गर्ने
४. विद्यालयमा विद्यार्थी सङ्ख्याका अनुपातमा पर्याप्त पानी, साबुन तथा सरसफाइ सामग्रीको व्यवस्था गर्ने
५. विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँचलगायतको प्रबन्ध गर्ने
६. बालबालिका तथा छात्रामैत्री शौचालयको सुनिश्चित गर्ने
७. "एक विद्यालय- एक बगैंचा" तथा "हरेक विद्यालय- हरित विद्यालय" अभियान पूर्ण रुपमा कार्यान्वयन गर्ने
८. विद्यालयबाट सङ्कलित फोहोरको उचित व्यवस्थापन गर्ने ।

### ४.४.४ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/ २०८७ सम्मको लक्ष्य | २०९१/ २०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | स्वस्थकर दिवा खाजाको सुनिश्चितता (वर्ष भरिमा, अनुगमनमार्फत) | पटक | १ | चौमासिक | चौमासिक |
| २ | विद्यार्थीको अनुपातमा पानी, साबुन तथा सरसफाइ सामग्रीको व्यवस्थापन (वर्ष भरिमा) | पटक | समय समयमा | दैनिक | दैनिक |
| ४ | नियमित शौचालय सरसफाइको प्रबन्ध | पटक | समय समयमा | दैनिक | दैनिक |
| ५ | आवधिक स्वास्थ्य जाँच (वार्षिक) | पटक | १ | १ | १ |
| ६ | विद्यालय घुम्ती नर्सको व्यवस्था | जना | - | २ | २ |
| ७ | विद्यालयलाई प्राथमिक उपचार किट व्यवस्थापन (कुल विद्यालयमध्ये) | प्रतिशत | - | १०० | - |
| ८ | हरित विद्यालय अभियान तथा उद्यान निर्माण कार्यान्वयन (कुल विद्यालयमध्ये) | प्रतिशत | - | १०० | - |
| ९ | नगरको सहयोगमा दिवा खाजा रकममा वृद्धि कार्यान्वयन | कक्षा | - | कक्षा ३ सम्म | कक्षा ५ सम्म |
| १० | विद्यालयहरुलाई टिकाउ हुने डस्टबिन वितरण (प्रति विद्यालय, सानो र ठुलो) | थान | - | १६८+५६ | - |
| ११ | विद्यालयहरुलाई टिकाउ हुने डस्टबिन वितरण (प्रति विद्यालय, सानो र ठुलो) | थान | - | १६८+५६ | - |

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

कनकाई नगरपालिका बालमैत्री नगर घोषणाको पूर्व सन्ध्यामा रहेको भए पनि विपत् उत्थानशील विद्यालय वातावरण र कक्षा कोठाको प्रबन्धमा पछाडि रहेको कुरा प्राप्त तथ्याङ्कले देखाउँछ । विभिन्न विद्यालयमा वि. सं. २०७२ को विनासकारी भूकम्पले क्षति पुऱ्याएका भवनहरु आवश्यक मर्मत सम्भारबिनै कक्षा सञ्चालन भइरहनु यसको उदाहरण हो । सबैका लागि सुरक्षित विद्यालय वातावरण निर्माणका लागि नयाँ बन्ने भवनहरु आवश्यक नक्सा पाससहित निर्माण हुने गरेको भए पनि पुराना र जीर्ण भवनहरु अद्यापि प्रयोगमा रहनु जोखिम हो । यसका अतिरिक्त कोभिड १९ जस्ता महामारीबाट सुरक्षित रहन विद्यालयको तयारीको अवस्था पनि सन्तोषजनक छैन । स्थानीय तहमा आइपर्न सक्ने आगलागी, बाढी, पहिरो तथा अन्य विपत्ति विरुद्ध स्थानीय तह तथा विद्यालय तयारीको अवस्था सन्तोषजनक छैन । विपत्का समयमा बालबालिकाको अध्ययनमा हुने क्षति कम गराउन विद्यालयहरु सचेत रहेको भए पनि सोअनुसारको तयारी भने देखिँदैन ।

**प्रमुख समस्या तथा चुनौतीहरु**

१. विपत् उत्थानशील विद्यालय वातावरणको अभाव
२. सबैका लागि सुरक्षित कक्षा कोठाको सुनिश्चितता नहुनु

३. बालमैत्री पूर्वाधारको अभाव
४. भूकम्प तथा महामारी जस्ता विपत्तिसँग लड्न विद्यालय तथा स्थानीय तहको न्यून तयारी
५. विपत्तिका समयमा वैकल्पिक सिकाइ व्यवस्थापनको न्यून तयारी
६. स्थानीय स्तरमा आइपर्न सक्ने विपत्ति विरुद्ध विद्यालयको कम तयारी ।

### ४.५.२ उद्देश्य

प्रत्येक विद्यालयमा विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गरी आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइ विधि प्रयोग गर्दै बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चितता गर्नु ।

### ४.५.३ रणनीति

१. विपत्को समयमा सिकाइलाई निरन्तरता दिन पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने
२. सम्भावित प्रकोप तथा विपत्सम्बन्धी पूर्वसावधानी र प्रकोपबाट बच्ने उपायहरुका बारेमा जानकारी गराउने
३. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन वैकल्पिक उपायहरुको तयारी गर्ने
४. विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गर्ने
५. विपत् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने
६. विद्यार्थी अध्ययन गर्ने भवन तथा विद्यालय हाता सुरक्षित रहेको प्रत्याभूति गर्ने ।

### ४.५.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/ २०८७ सम्मको लक्ष्य | २०९१/ २०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | विपत्, पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम (योजना अवधिभर) | पटक | - | १ | १ |
| २ | नगर स्तरमा विपत् व्यवस्थापन प्रतिकार्य संयन्त्र र कार्यढाँचा निर्माण ((योजना अवधिभरमा) | पटक | - | १ | - |
| ३ | विपदमा वैकल्पिक सिकाइका विधि तयारी (योजना अवधिभरमा) | पटक | - | १ | |
| ४ | विद्यालय स्तरमा प्रतिकार्य योजना तयारी (वर्ष भरिमा) | पटक | - | १ | |
| ५ | भवन तथा विद्यालय हाता सुरक्षित रहेको प्रत्याभूति (जम्मा सूचकमध्ये) | श्रेणी अङ्क १-४* | - | ३ | ४ |
| ६ | वि.व्य.स. तथा विद्यालयका अन्य समितिहरुलाई विपत् व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन (योजना अवधिभर) | पटक | - | १ | १ |

द्रष्टव्यः

*१=न्यून, २=सामान्य, ३=राम्रो, ४=उच्च

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

कनकाई नगरपालिकाअन्तर्गतका सामुदायिक विद्यालयको भौतिक पूर्वाधार सन्तोषजनक छैन । अधिकांश विद्यालयहरु पुराना तथा जीर्ण भवन र कक्षा कोठामा कक्षा सञ्चालन गरिरहेका छन् । धेरैजसो विद्यालयमा अत्यावश्यक विज्ञान प्रयोगशाला छैनन् । सबैजसो विद्यालयमा आइसिटी पूर्वाधार पुगेको भए पनि ती पर्याप्त छैनन्। अर्कोतिर आइसिटीलाई विद्यार्थीको अध्ययनसँग जोड्न सक्ने जनशक्तिको पनि अभाव छ । शौचालय लैङ्गिकमैत्री भए पनि अपाङ्गमैत्री छैनन् । केही विद्यालयमा पुस्तकालयको व्यवस्था भए पनि त्यसको प्रयोग विद्यार्थीको बृहत्तर हितका लागि हुन सकेको छैन । विद्यार्थी सङ्ख्या अनुपातमा पर्याप्त कक्षा कोठा त छन् तर तिनको रङरोगन तथा सजावटको अभावमा ती कक्षा कोठा सिकाइमैत्री छैनन् । आधाभन्दा बढी सामुदायिक विद्यालयमा खेल मैदान उपलब्ध छैन । विद्यालयमा आकर्षक बगैंचा तथा फूलबारी निर्माण हुन सकेको छैन ।

**प्रमुख समस्या र चुनौती**

१. पुराना तथा जीर्ण भवन र कक्षा कोठाको बाहुल्य
२. विज्ञान प्रयोगशाला तथा पुस्तकालयको अभाव
३. कक्षा कोठा रङरोगन तथा सजावटको अभाव
४. खेल मैदानको अभाव (करिब ५० प्रतिशत विद्यालयमा)
५. विद्यालयमा आकर्षक बगैंचाको अभाव
६. निर्माण तथा पुनर्निर्माण गर्नुपर्ने विद्यालयको सङ्ख्या उच्च ।

### ४.६.२ उद्देश्य

विद्यालय शिक्षाका लागि आवश्यक भौतिक तथा पूर्वाधार मापदण्ड विकास तथा कार्यान्वयन गरी सिकाइका लागि आवश्यक वातावरण तयार गर्नु ।

### ४.६.३ रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि विद्यालयको तह, विद्यार्थी सङ्ख्या आदिका आधारमा मापदण्ड तयार गर्ने
२. विद्यालयमा पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा स्रोत व्यवस्थापन गर्ने
३. नयाँ निर्माण गर्नुपर्ने तथा सबलीकरण गर्नुपर्ने कक्षा कोठाको सङ्ख्या यकिन गरी स्रोत व्यवस्थापन गर्ने
४. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने
५. प्राविधिक र विज्ञान शिक्षाबाहेक पनि "एक विद्यालय- एक प्रयोगशाला" तथा "एक विद्यालय- एक पुस्तकालय" स्थापना र परिचालन कार्यान्वयन गर्ने
६. विद्यालयको संरचनागत एकरुपता (भवनको संरचना, रङरोगन, डेस्क-बेन्चको बनावट, सूचना पाटीको स्थापना, फूलबारीको डिजाइन, पुस्तकालय र प्रयोगशालाको बनावट, खेल केन्द्रको लेआउट, शिक्षक-कर्मचारी तथा विद्यार्थी पोसाक, विद्यालय समय, दैनिक कार्यतालिका, परीक्षा र मूल्याङ्कन पद्धति, आर्थिक तथा शैक्षिक अभिलेखन पद्धति, अतिरिक्त क्रियाकलाप सञ्चालन, प्रार्थना सञ्चालन, विद्यालयस्तरीय योजना आदिमा एकरुपता) कायम गरी कनकाई नगरपालिकाको अलग्गै पहिचान कायम गर्ने

७. कक्षाकोठालाई स्मार्ट कक्षाकोठामा रुपान्तर गर्ने
८. सामुदायिक विद्यालयलाई मर्मत संभार तथा सरसफाइका लागि प्रत्येक आर्थिक वर्षमा यथोचित रकम विनियोजन गर्ने ।

### ४.६.४ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | विद्यालय भवन निर्माण तथा सबलीकरण गर्नुपर्ने सङ्ख्या यकिन (कुल विद्यालयमध्ये) | प्रतिशत | - | १०० | - |
| २ | विद्यालय भवनको न्यूनतम मापदण्ड तयारी (योजना अवधिभर) | पटक | - | १ | - |
| ३ | विद्यालय भवन निर्माण (जम्मा विद्यालयमध्ये) | प्रतिशत | - | ५० | १०० |
| ४ | विद्यालयको सबलीकरण (कुल विद्यालयमध्ये) | प्रतिशत | - | ५० | १०० |
| ५ | विद्यार्थीमैत्री उमेर समूहअनुसार फर्निचरको व्यवस्थापन (प्रति विद्यालय) | थान | - | १०० | ५० |
| ६ | न्यूनतम पूर्वाधारयुक्त विद्यालय सङ्ख्याको यकिन (कुल विद्यालयमध्ये) | प्रतिशत | - | ५० | १०० |
| ७ | सिकाइमैत्री कक्षा कोठा निर्माण (कुल विद्यालयमध्ये) | प्रतिशत | - | ५० | १०० |
| ८ | प्रत्येक विद्यालयमा प्रयोगशाला र पुस्तकालय निर्माण (पचास प्रतिशत विद्यालयमध्ये) | प्रतिशत | - | ५० | १०० |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था

कनकाई नगरपालिकाअन्तर्गतका अधिकांश सामुदायिक विद्यालयमा इन्टरनेटको पहुँच छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोग सबै विद्यालयमा हुने गरेको भए तापनि सम्पूर्ण कक्षा कोठामा भने यो पुगेको छैन । विद्यालयमा सीमित आइसिटी सामग्री तथा यसको प्रयोग गर्न सक्ने सीमित जनशक्तिका कारणले प्रविधिलाई सिकाइ उपलब्धिसँग जोड्न सकिएको छैन । विद्यार्थीका लागि उपयोगी हुने धेरै डिजिटल सामग्री Website मा भए पनि तिनको यथोचित उपयोग हुन नसकेको तथ्य विद्यमान छ । सूचना प्रविधिको पूर्वाधारको निर्माण आजको आवश्यकता बनेको छ ।

**प्रमुख समस्या र चुनौती**

१. पर्याप्त सूचना प्रविधि सामग्रीको अभाव हुनु
२. आइसिटी प्रयोग गर्ने जनशक्ति कम हुनु
३. विद्यालयमा डिजिटल पाठ्यसामग्रीको उपयोग नहुनु
४. आइसिटी पूर्वाधार विकासमा यथोचित ध्यान नपुग्नु

५. प्रविधिलाई सिकाइसँग जोड्न नसक्नु ।

### ४.७.२ उद्देश्य

सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउनु ।

### ४.७.३ रणनीति

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने
२. सूचना प्रविधिको प्रयोगका सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गर्ने
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने
४. शैक्षिक स्रोत सामग्रीमा शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने
५. प्रविधिलाई सिकाइसँग जोड्ने
६. विद्यालय-अभिभावक अनलाइन सूचना प्रणाली (Mass SMS) को व्यवस्थापन गर्ने ।

### ४.७.४ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | विद्यालयमा न्यूनतम आइसिटी पूर्वाधार तथा इलाइब्रेरीसहितका सामग्री व्यवस्थापन (कक्षा १-१२ सम्मका कुल विद्यालयमध्ये) | प्रतिशत | २० | ८० | - |
| २ | शिक्षकको क्षमता विकास तालिम (योजना अवधिभर) | पटक | - | १ | २ |
| ३ | डिजिटल शैक्षिक सामग्रीको खोज तथा भण्डारण (कुल विद्यालयमध्ये) | प्रतिशत | - | १०० | |
| ४ | IEMIS व्यवस्थापन (वार्षिक) | पटक | - | १ | १ |
| ५ | शिक्षणसिकाइमा प्रविधिको प्रयोगको सुनिश्चतता (वार्षिक) | पटक | - | १ | १ |
| ६ | अनलाइन सूचना प्रणालीको स्थापना (कुल विद्यालयमध्ये) | प्रतिशत | - | १०० | - |

# परिच्छेद ५ : शिक्षासँग सम्बन्धित अन्य उपक्षेत्र

कनकाई नगरपालिकाअन्तर्गत नगर शिक्षालाई प्रभावकारी एवम् गुणस्तरीय बनाउन शिक्षाका मुख्य उपक्षेत्र तथा अन्तर्सम्बन्धित विषयक्षेत्रमा नगर तथा विद्यालय तहमा के कस्ता कार्यक्रम थप गर्न सकिन्छ भन्नेबारेमा अघिल्ला परिच्छेदमा चर्चा गरिएको छ । ती परिच्छेदमा उल्लेख गरिएका उद्देश्यको प्राप्ति भयो भने कनकाई नगरको शिक्षा नगरको परिकल्पनाबमोजिम अगाडि बढेको हुने कुरामा कुनै शङ्का छैन । शिक्षा क्षेत्रमा कनकाई नगरको छुट्टै विशिष्ट पहिचान कायम गर्न कार्यान्वयन गर्न सकिने केही कार्यक्रमलाई छोटकरीमा तल उल्लेख गरिएको छ । ती कार्यक्रमहरुमा अन्तरविद्यालय असल अभ्यास प्रतिस्पर्धा कार्यक्रम, संस्कृति पहिचान तथा संवर्धन कार्यक्रम, शैक्षिक अनुसन्धान कार्यक्रम, विषयविज्ञ क्लस्टर व्यवस्थापन, विद्यार्थी आदानप्रदान कार्यक्रम, छात्रवृत्ति कार्यक्रम र शैक्षिक बुलेटिन प्रकाशन रहेका छन् । यी कार्यक्रमको विस्तृत खाका, विवरण, रणनीति तथा कार्यक्रमहरु कार्यान्वयनको समयमा कार्यान्वयन संयन्त्रले तय गरेअनुरुप हुने छन् ।

## ५.१ अन्तरविद्यालय असल अभ्यास प्रतिस्पर्धा कार्यक्रम

### ५.१.१ उद्देश्य

विद्यालयले कार्यान्वयन गरेका असल अभ्यासहरु एकापसमा आदानप्रदान गर्नु ।

विद्यालयले आफ्नो तह र क्षेत्रमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सञ्चालन गरेका छुट्टै विशिष्ट कार्यक्रममध्ये सबैभन्दा महत्त्वपूर्ण र अन्य विद्यालयका लागि समेत अनुकरण गर्न योग्य एउटा कार्यक्रम नगरपालिकाको आयोजनामा प्रधानाध्यापकले प्रस्तुत गर्नुपर्ने छ । उक्त प्रस्तुति बढीमा २० मिनेटको रहने र प्रत्येक विद्यालयले शिक्षणसिकाइका क्षेत्रमा आफ्नो असल अभ्यास प्रस्तुत गर्नैपर्ने बाध्यकारी नियम बनाइने छ । यो कार्यक्रमले विद्यालयलाई आफ्नो छुट्टै पहिचान कायम राख्न मद्दत पुऱ्याउँछ भने नयाँ नयाँ सोच र अवधारणा विकास गर्न समेत सहयोग पुग्दछ । यस कार्यक्रमबाट अन्य विद्यालयले पनि सो अभ्यासहरु आफ्नो विद्यालयमा अनुकरण गर्न सक्ने छन् । नगर क्षेत्रका शिक्षासेवी तथा सेवानिवृत्त महानुभावमध्येबाट मूल्याङ्कन गरी सबैभन्दा उत्कृष्ट अभ्यासलाई आकर्षक पुरस्कारको व्यवस्था गरिने छ ।

**प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | विजेता विद्यालयलाई पुरस्कार व्यवस्थापन (वार्षिक) | पटक | - | १ | १ |

## ५.२ संस्कृति पहिचान तथा संवर्धन कार्यक्रम

### ५.२.१ उद्देश्य

स्थानीय सांस्कृतिक गतिविधिमा केन्द्रित रही संस्कृति पहिचान र संवर्धनमा मद्दत पुऱ्याउनु ।

विद्यालयमा विविध सांस्कृतिक पृष्ठभूमिका विद्यार्थीको सहभागिता हुने भएकाले यस कार्यक्रमबाट ती संस्कृतिमा आधारित प्रस्तुति दिइने छ । सबै विद्यालयले विद्यार्थीको सामूहिक सहभागिता हुने गरी कम्तीमा एक एक वटा प्रस्तुति रहने गरी तयारी गर्ने छन् । यसको प्रदर्शनका निम्ति कुनै खुला ठाउँ वा मञ्चको व्यवस्था गरी नगरभित्रको सांस्कृतिक चलनलाई अनिवार्य समावेश गर्ने र सोको मूल्याङ्कन पनि गरिने छ । यस कार्यक्रमले विद्यार्थीको उपस्थितिका माध्यमबाट विविध जातीय संस्कृतिसँग जोडिएका पक्ष (जातीय नृत्य, गायन, वेशभूषा, प्रविधि, परिकार आदि) लाई समेट्ने छ र स्थानीय पाठ्यक्रमको मर्मलाई पनि उजागर गर्ने छ ।

**प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | पुरस्कार तथा कार्यक्रम व्यवस्थापन (वार्षिक) | पटक | - | १ | १ |

## ५.३ शैक्षिक अनुसन्धान कार्यक्रम

### ५.३.१ उद्देश्य

शिक्षा र शिक्षणसँग सम्बद्ध समस्याको अनुसन्धानमार्फत समाधान गर्न शिक्षकलाई सक्षम बनाउनु ।

यस कार्यक्रमले शिक्षण सिकाइलाई अनुसन्धानमूलक र व्यावहारिक बनाउने भूमिका खेल्ने छ । यसअन्तर्गत विद्यालयका शिक्षकले आफूले शिक्षण गरेको विषयमा सिर्जित समस्याको व्यावहारिक अनुसन्धान गरी कार्यमूलक अनुसन्धान लेख्ने छन् र प्रधानाध्यापकबाट मूल्याङ्कन भई एक विद्यालयबाट एक शिक्षक चयन हुने छन् । हरेक विद्यालयबाट एक एक गरी पुनः नगरमा त्यसको प्रतिस्पर्धा हुने छ । शैक्षणिक गतिविधि, शिक्षण सुधार र लेखनसमेतको मूल्याङ्कन गरी तोकिएको आधारमा निश्चित (प्रथम, द्वितीय र तृतीय) स्थान हासिल गर्ने शिक्षकलाई नगरबाट पुरस्कृत गरिने छ ।

**प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | मूल्याङ्कन तथा पुरस्कार व्यवस्थापन (वार्षिक) | पटक | - | १ | १ |

## ५.४ विषयविज्ञ क्लस्टर व्यवस्थापन

### ५.४.१ उद्देश्य

प्रमुख विषय क्षेत्रमा शिक्षकलाई सहजीकरण, तालिम, कार्यशाला सञ्चालन गरी सिकाइ उपलब्धि वृद्धि गर्नु एवम् नगरभित्रै योग्य, सक्षम विषयविज्ञ निर्माण गर्नु ।

विषयविज्ञ क्लस्टर व्यवस्थापन कार्यक्रमले माध्यमिक तथा आधारभूत तहका आफ्नो विषयका शिक्षकलाई समेटी तालिम, अनुसन्धान तथा कार्यशाला सञ्चालन गर्ने कुरामा जोड दिन्छ । आवश्कताअनुसार शिक्षकलाई कार्यस्थलमै भेटी नमुना कक्षा सञ्चालन गर्ने तथा मूल्याङ्कन एवम् प्रश्नपत्र निर्माणमा एकरुपता कायम गर्ने कार्यमा यो कार्यक्रम जोडिने छ ।

**प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/ २०८७ सम्मको लक्ष्य | २०९१/ २०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | विषय विज्ञमार्फत विद्यालय भ्रमण र कक्षा सुपरिवेक्षण (वार्षिक) | पटक | - | १ | १ |

## ५.५ विद्यार्थी आदानप्रदान कार्यक्रम

### ५.५.१ उद्देश्य

संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीको दूरी घटाई एकापसमा सहकार्यको संस्कृति विकास गर्नु ।

नगरभित्रका संस्थागत र सामुदायिक विद्यालयबिच भगिनी सम्बन्ध कायम गर्दै कुनै एउटा कक्षाका विद्यार्थीलाई एकअर्काका विद्यालयमा गई त्यहाँको पठन संस्कृति, शैक्षिक वातावरण तथा शिक्षकहरुसँग घुलमिल भई एकअर्काको शैक्षिक गुणस्तर वृद्धि गर्ने कुरासँग यो कार्यक्रम जोडिएको छ । शिक्षक तथा विद्यार्थीमार्फत एक विद्यालयका असल अनुभव र अभ्यासलाई अर्को विद्यालयमा आदानप्रदान गरिने छ । बालक्लब, स्काउट, जुनियर रेडक्रस सर्कल वा अन्य विद्यार्थी संलग्न संस्थामार्फत पनि सामुदायिक र संस्थागत विद्यालयबिच घनिष्ठ सम्बन्ध स्थापनामा जोड दिइने छ ।

**प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/ २०८७ सम्मको लक्ष्य | २०९१/ २०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | विद्यार्थीहरुद्वारा विद्यालय भ्रमण, अवलोकन र विचार आदानप्रदान (वार्षिक) | पटक | - | १ | १ |

## ५.६ विद्यार्थीसँग प्रबुद्ध नागरिक कार्यक्रम

### ५.६.१ उद्देश्य

समाजलाई विशिष्ट योगदान पुऱ्याएका नागरिकलाई विद्यार्थीसँग साक्षात्कार गराउनु ।

यस कार्यक्रमले समाजमा विशिष्ट प्रतिभा भएका नागरिकलाई विद्यालयमा ल्याई उनीहरुका सफलताका कथा, अनुभव, सङ्घर्षका बारेमा विद्यार्थीलाई जानकारी दिई उत्प्रेरित बनाउँछ । समुदायमा रहेका अनुभवी कृषक, डाक्टर, वकिल, इन्जिनियर, मेकानिक, वरिष्ठ खेलाडी, साहित्यकार, हास्यकलाकार, गायक, मूर्तिकार, वाद्यवादक, व्यवसायी वा उद्यमी, संस्कृतिविद् आदि विशेष क्षेत्रका व्यक्तित्वलाई विद्यालयमा आमन्त्रण गरी विद्यार्थीसँग अन्तरक्रिया, अनुभव प्रस्तुतीकारण, छोटो अवधिको तालिम, प्रवचन, अभिप्रेरणात्मक प्रवचन आदि कार्यक्रम सञ्चालन गरिने छ ।

**प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | विद्यार्थीसँग प्रबुद्ध नागरिक कार्यक्रम कार्यान्वयन (वार्षिक) | पटक | - | १ | १ |

## ५.७ छात्रवृत्ति कार्यक्रम

### ५.७.१ उद्देश्य

विशिष्ट परिस्थितिका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरी शिक्षाको अवसर उपलब्ध गराउनु ।

यस कार्यक्रमले नगरले प्रदान गर्ने तोकिएका छात्रवृत्तिका अतिरिक्त विशिष्ट परिस्थितिका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न नगर स्तरीय एक छात्रवृत्ति कोषको स्थापनाको परिकल्पना गर्दछ । प्रत्येक विद्यालय क्षेत्रमा अन्य छात्रवृत्तिले नसमेटेका विशेष आवश्यकताका विद्यार्थी पहिचान गरी छात्रवृत्ति प्रदान गरिने छ । यस्तो छात्रवृत्तिका लागि अक्षय कोष खडा गर्न नगरपालिकाले पहल गर्ने छ ।

**प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | छात्रवृत्ति कोषको स्थापना र वितरण कार्यान्वयन (वार्षिक) | पटक | - | १ | १ |

## ५.८ शैक्षिक बुलेटिन प्रकाशन

### ५.८.१ उद्देश्य

नगर स्तरमा हुने गरेका शैक्षिक गतिविधिहरु नियमित रुपमा सार्वजनिक गर्नु ।

यस कार्यक्रमले नगरभित्र विभिन्न विद्यालयले गर्ने विभिन्न शैक्षिक क्रियाकलाप, शैक्षिक समस्या, उपलब्धि, आविष्कार तथा सूचना नियमित रुपमा प्रवाह गरी नगर क्षेत्रका बासिन्दालाई सुसूचित गर्ने कार्य गर्दछ । नगरको शिक्षा, युवा तथा खेलकुद शाखाको नेतृत्वमा बुलेटिन प्रकाशन समिति खडा गरी शिक्षा क्षेत्रका सरोकारवालाहरुमार्फत लेख सङ्कलन गरी उक्त बुलेटिन अर्धवार्षिक रुपमा प्रकाशन गरिने छ । यसमा विशुद्ध शैक्षिक सरोकारका विषयवस्तु मात्र समावेश गरिने छ ।

**प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | शैक्षिक बुलेटिन प्रकाशन (वार्षिक) | पटक | - | १ | १ |


# परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

शिक्षा एक महत्त्वपूर्ण सार्वजनिक सेवा हो । यसलाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउन सुशासन र व्यवस्थापनको गहन भूमिका हुन्छ । सुशासन (गुड गभर्नेन्स) भनेको असल शासन तथा प्रशासनिक अधिकारको समुचित प्रयोग हो । यसलाई निश्चित मापदण्डका आधारमा निर्णय गर्ने पद्धति पनि भनिन्छ । अर्थात् राज्यले जनताका लागि गर्ने काम वा सेवा राज्यको व्यवहार सुलभ, पारदर्शी र समग्र रूपमा असल हुनुपर्छ भन्ने धारणा नै सुशासन हो । शिक्षामा सुशासन तथा व्यवस्थापन भन्नाले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारीबोध, विधिको शासन, समावेशिता र व्यापक सहभागिता आदि उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रक्रियाहरुलाई जनाउँछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रिया व्यवस्थित गरिनुपर्छ ।

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ वर्तमान अवस्था

कनकाई नगरपालिकामा वर्तमान शिक्षाको संस्थागत संरचना यस प्रकार रहेको छः




यस संरचनाअन्तर्गत प्रशासनिक एकाइतर्फ सबैभन्दा माथि नगर सभा रहेको छ भने त्यसमातहत नगर कार्यपालिका, नगर शिक्षा समिति, शिक्षा शाखा, विद्यालयका प्रधानाध्यापक तथा शिक्षक रहेका छन् । शिक्षा क्षेत्रमा सुशासन तथा व्यवस्थापनका लागि कनकाई नगरपालिकाले विद्यालय शिक्षा सञ्चालन कार्यदिश, २०७४ लागु गरेको छ ।

शिक्षालाई व्यवस्थित गर्न उपलब्ध ऐन, कार्यविधि तथा मापदण्डका आधारमा विद्यालय तथा नगर स्तरमा आवश्यक जनशक्तिको परिचालन गरिएको छ यद्यपि यो पर्याप्त छैन । विद्यालयको सञ्चालन तथा व्यवस्थापन गर्न शिक्षा ऐनबमोजिम विद्यालय व्यवस्थापन समितिको व्यवस्था छ । यसले तोकिएबमोजिम आफ्ना काम, कर्तव्य र

अधिकारको प्रयोग गर्दछ तथापि कनकाई नगरपालिकाका विद्यालयको व्यवस्थापनमा अनेकन चुनौती विद्यमान छन् । विद्यालयले आवश्यक स्रोत साधनको व्यवस्थापन सन्तोषजनक रुपमा गर्न सकेका छैनन् भने नगरको तर्फबाट स्रोत साधनको उपलब्धता न्यून छ । नगर शिक्षा कार्यालयबाट विद्यालयका प्रधानाध्यापक तथा शिक्षकको क्षमता विकास कार्यक्रम सञ्चालनको आवश्यकता देखिएको छ । विद्यालयको संस्थागत क्षमता विकास नभइन्जेलसम्म सुशासनको अवस्था माथि उठाउन सकिँदैन । एउटा संरचनात्मक एकाइलाई अर्को संरचनात्मक एकाइसँग लम्बीय रुपमा जबाफदेही तथा उत्तरदायी हुने नीतिगत तथा संरचनागत व्यवस्था विकास नभइन्जेल सुशासन तथा व्यवस्थापनको प्रत्याभूति हुन सक्तैन । यसका लागि नगरले नीतिगत तथा संरचनागत सुधारका कार्यक्रमहरु अगाडि सार्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ । नगरको शैक्षिक पाटोलाई प्रभावकारी र थप परिणाममुखी बनाउन अभिभावकलाई व्यावहारिक संरचनाको अङ्गका रुपमा जोड्न अनिवार्य छ ।

**प्रमुख समस्या तथा चुनौतीहरु**

१. नगर तथा विद्यालय शिक्षा संयन्त्रमा सुशासन प्रत्याभूत गर्न आवश्यक प्रभावकारी संरचनाहरु नहुनु
२. प्रशानिक एकाइतर्फ लम्बीय संरचना रहे तापनि विद्यालय शिक्षा सुधार गर्न आवश्यक अन्य सरोकारवालाहरु (वि.व्य.स., शि.अ.सं., अभिभावक, स्थानीय बुद्धिजीवी, समाजसेवी आदि) लाई जोड्न नसक्नु
३. नगर शिक्षा योजनालाई प्रभावकारी कार्यान्वयन गरी अनुगमन तथा मूल्याङ्कन गर्न नगरमा आवश्यक संरचना र जनशक्तिको अभाव हुनु
४. प्रधानाध्यापक, वि.व्य.स. अध्यक्षलगायतका विद्यालय शिक्षामा प्रत्यक्ष प्रभाव पार्ने तत्कालका पदाधिकारीलाई पूर्ण जबाफदेही बनाउन नसक्नु
५. नगर शिक्षा तथा विद्यालयको सन्दर्भमा सरोकारवालासँग सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना हुन नसक्नु ।

### ६.१.२ उद्देश्य

नगरबाट विद्यालय तह हुँदै प्रवाह हुने शैक्षिक सेवालाई सुशासनयुक्त बनाउन आवश्यक संरचनाहरु तयार गर्दै विद्यालयको संस्थागत क्षमता अभिवृद्धि गर्नु ।

### ६.१.३ रणनीति

१. स्थानीय तहको शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने
२. संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गर्ने
३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने
४. प्र.अ. तथा वि.व्य.स. अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने
५. प्रधानाध्यापक नियुक्तिमा नगर स्तरीय पारदर्शी संयन्त्र बनाई योग्यता पुगेका सम्बन्धित विद्यालयका शिक्षकहरुमध्येबाट योग्यतम उम्मेदवारलाई प्र.अ. नियुक्ति गर्ने
६. नगर शिक्षा कार्यालयमा आवश्यकतानुसार मानव संसाधन थप गर्दै सुशासनलाई थप व्यवस्थित बनाउने
७. नगर तथा वडा स्तरबाट शिक्षासँग सम्बन्धित सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्ने
८. विद्यालयमा नागरिक बडापत्रको व्यवस्थापन गर्ने ।

### ६.१.४ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | नगर शिक्षाको जनशक्तिलाई विभिन्न प्रशाखाहरुको जिम्मेवारी बाँडफाँड (योजना अवधिभर) | सङ्ख्या | २ | ३ | - |
| २ | विद्यालय शिक्षा सुधार गर्न सरोकारवालाको क्षमता अभिवृद्धि कार्यक्रम (वार्षिक) | पटक | - | २ | १ |
| ३ | विद्यालयको नगर स्तरीय अनुगमन तथा मूल्याङ्कन (वार्षिक) | पटक | १ | १ | १ |
| ४ | शिक्षाको सेवा प्रवाह सम्बन्धमा नगर तथा वार्ड स्तरीय सार्वजनिक सुनुवाइ कार्यक्रम (वार्षिक) | पटक | - | १ | १ |
| ५ | शिक्षा सेवामा कार्यरत जनशक्तिको क्षमता विकास | पटक | - | २ | १ |
| ६ | सुशासन सम्बन्धमा विद्यालय स्तरीय नीति तर्जुमा गरी कार्यान्वयन (वार्षिक) | पटक | - | १ | १ |

## ६.२ कनकाई नगर शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ वर्तमान अवस्था

नगर स्तरीय शिक्षा योजनालाई प्रभावकारी कार्यान्वयन गर्न तथा त्यसको अनुगमन र मूल्याङ्कनका लागि स्पष्ट जिम्मेवारीसहितको छुट्टै संरचना विद्यमान छैन । नगरमा शैक्षिक प्रशासन शाखाअन्तर्गत रहने योजना तथा अनुगमन शाखा, विद्यालय प्रशासन तथा शिक्षक व्यवस्थापन शाखा, परीक्षा तथा मूल्याङ्कन शाखा एवम् युवा तथा खेलकुद शाखाहरुलाई छुट्टै एकाइका रुपमा हेर्ने छुट्टै जनशक्ति छैन । विद्यालयले नगरपालिकामा पेस गरेका विद्यालय सुधार योजना, सामाजिक परीक्षण प्रतिवेदन, अन्तिम लेखा परीक्षण प्रतिवेदन, नतिजा विश्लेषण जस्ता दस्तावेजमाथि नगरका तर्फबाट अध्ययन र विश्लेषण गरी टिप्पणी तथा सुझाबहरु पेस गरिएको पाइँदैन । उपलब्ध जनशक्तिले आवश्यकताबमोजिम जे अगाडि आइपर्छ त्यही कार्य गर्नुपर्ने परिस्थिति छ । केही वार्षिक कार्यक्रम तर्जुमा (वार्षिक क्यालेन्डर निर्माण) तथा कार्यान्वयनमा चुस्तता देखिए पनि नगरभित्रको शिक्षाकै स्वरुप बदल्ने प्रकृतिका वार्षिक कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्ने संयन्त्रको अभाव देखिन्छ । केही सीमित ऐन तथा कार्यविधिबाहेक शिक्षालाई दिशा निर्देश गर्ने नियम, नियमावली तथा कानुनी प्रावधानहरु बन्न सकेको देखिँदैन ।

**प्रमुख समस्या तथा चुनौतीहरु**

१. नगर स्तरीय योजना कार्यान्वयन गर्न अनुगमन र मूल्याङ्कनका लागि छुट्टै संरचनाको अभाव हुनु
२. शैक्षिक प्रशासनअन्तर्गतका विभिन्न शाखाहरुलाई हेर्ने छुट्टै जनशक्तिको अभाव हुनु
३. विद्यालयले पेस गरेका दस्ताबेजमाथि टिप्पणी तथा सुझाब पेस नहुनु
४. नगर शिक्षालाई प्रभावकारी बनाउन आवश्यक ऐन, नियमावली बन्न नसक्नु
५. नगरको शिक्षामा स्पष्ट काम बाँडफाँडको अभाव देखिनु।

### ६.२.२ उद्देश्य

नगर शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ६.२. ३ रणनीति

१. सङ्घीय तथा प्रदेश तहबाट प्राप्त अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा तथा बजेट कार्यक्रम तयार गर्ने
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कानुन कार्यविधि तथा निर्देशिका विकास गर्ने
३. विद्यालयको विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा शिक्षा शाखाले सहजीकरण गर्ने
४. अभिभावक तथा सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने
५. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन र मूल्याङ्कनका लागि आवश्यक संयन्त्र निर्माण गर्ने
६. नगर शिक्षामा कार्यरत जनशक्तिलाई छुट्टाछुट्टै शाखाहरु हेर्ने जिम्मेवारी दिने
७. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मार्फत नियमित रुपमा कार्यक्रम कार्यान्वयन तथा त्यसको नतिजाको विवरण तयार गर्ने
८. नगरपालिकाको जनसङ्ख्यासम्बन्धी तथ्याङ्कीय सूचना अद्यावधिक गर्न प्रत्येक तीन वर्षमा घरधुरी सर्वेक्षण गरी नगर प्रोफाइल प्रकाशन गर्ने ।

### ६.२.४ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार वर्ष २०८१को अवस्था | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | नगरपालिकाद्वारा वार्षिक बजेट तथा कार्यक्रममा शिक्षाको अंश (आन्तरिक बजेटमध्ये) | प्रतिशत | ३ | ८ | १२ |
| २ | नगर स्तरीय संयन्त्र निर्माण गरी अनुगमन र मूल्याङ्कन (वार्षिक) | पटक | - | १ | १ |
| ३ | विद्यालयका दस्तावेजमाथि टिप्पणी तथा सुझाब पेस (वार्षिक) | पटक | - | १ | अर्धवार्षिक |
| ४ | नगर शिक्षालाई प्रभावकारी बनाउन आवश्यक विनियम र निर्देशिकाको प्रबन्ध (समय सीमा) | महिना | - | ३ | - |
| ५ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण गरी नतिजा प्रकाशन र वितरण | पटक | - | अर्धवार्षिक | त्रैमासिक |
| ६ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण गरी नतिजा प्रकाशन र वितरण | पटक | - | अर्धवार्षिक | त्रैमासिक |

# परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

कुनै पनि योजनाको प्राण भनेकै बजेट हो । योजनामा तय गरिएका कार्यक्रमका लागि अनुमानित लगानी र यसका लागि स्रोत व्यवस्थापन गर्नु आवश्यक हुन्छ । संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँचसहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु तीनै तहका सरकारको साझा दायित्व रहेको छ । यसका लागि आवश्यक स्रोतको पहिचान, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदन व्यवस्था गर्नु पर्दछ । संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ ।

नेपालको संविधानअनुसार स्थानीय तहको वित्तीय स्रोतका लागि सङ्घीय स्रोतबाट सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ । समानीकरण अनुदान, विशेष अनुदान र समपूरक अनुदान सङ्घीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ भने सशर्त अनुदान सम्बन्धित सङ्घीय विषयगत मन्त्रालयले तयार गरेका मापदण्डका आधारमा निर्धारित उद्देश्य वा कार्यक्रमको प्रयोजनका लागि खर्च गर्ने गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । स्थानीय तथा प्रदेश तहले सङ्घीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदानबाहेक आफ्नै स्रोतमा आधारित बजेट तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने बजेटबाट पनि शिक्षा क्षेत्रमा विनियोजन गर्ने गर्दछन् । स्थानीय तहले स्रोत प्रबन्धका लागि आन्तरिक ऋण समेत उठाउन पाउने व्यवस्था पनि रहेको छ । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयलाई यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

## ७.१ वर्तमान अवस्था

### प्रमुख समस्या र चुनौती

कनकाई नगरपालिका आफ्नो सीमित स्रोतले भ्याएसम्म नगरको शिक्षा क्षेत्रलाई माथि उठाउन प्रयत्नशील छ । आ.व. २०८१/८२ को नीति तथा कार्यक्रममा नगरले थुप्रै आकर्षक कार्यक्रमहरु ल्याएको भए पनि आवश्यक संयन्त्र तथा पर्याप्त बजेटको अभावमा सम्पूर्ण कार्यक्रमहरु कार्यान्वयन नभएको अवस्था छ । नगरलाई शैक्षिक गन्तव्य स्थलका रुपमा अगाडि बढाउन तय गरिएका कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । नगरका सबै विद्यालयमा योग, ध्यान अभ्यास, आयुर्वेद, प्राकृतिक चिकित्साको कार्यक्रम नीति तथा कार्यक्रममा उल्लेख भए पनि ती कार्यक्रम सञ्चालन हुन सकेको देखिँदैन । त्यस्तै विद्यालय शिक्षा सुधारका निम्ति अभिभावक तथा शिक्षा सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम भएको छैन । स्थानीय मातृभाषा, लिपि एवम् साहित्य, संस्कृति संरक्षण विकासको नीति लिइए पनि कार्यान्वयन भएको पाइँदैन । विद्यालयबाहिर रहेका विद्यार्थीलाई विद्यालयमा आउने वातावरण तयार गर्ने कार्यक्रम भएको छैन । यसरी नै नगरको नीति तथा कार्यक्रममा विद्यालयमा ज्येष्ठ नागरिकबाट ज्ञान, सिप, अनुभव प्रदान गर्ने कार्यक्रम राखिएको भए पनि सो कार्यक्रम कार्यान्वयन हुन सकेको देखिँदैन । नगरको नीति तथा कार्यक्रमअनुसार २०८१/८२ मा प्रविधिमैत्री नमुना विद्यालय बनाउन सकिएको छैन साथै विद्यार्थीका लागि पोसिलो दिवा खाजामा स्थानीय उत्पादनलाई जोड्ने र त्यसको रकममा बढोत्तरी गर्न नसकेको देखिन्छ । विद्यालयमा जङ्क फुड विक्रीवितरणमा रोक लगाउने, विज्ञ समूहद्वारा शिक्षण सिकाइ सहजीकरण गर्ने, अवकाश प्राप्त शिक्षकको ज्ञान, सिपलाई उपयोगमा ल्याउने लगायतका कार्यक्रमहरु नीतिमै सीमित रहेको

पाइएको छ । त्यस्तै जुनसुकै शीर्षकमा गरिएका अनुगमनको प्रतिवेदन सार्वजनिक नहुनु, विविध शैक्षिक भ्रमण र अतिरिक्त क्रियाकलापका गतिविधिबाट आएका अनुभवलाई शैक्षिक गुणस्तर विकासमा जोड्न नसकिनु नगरको नीति तथा कार्यक्रमका कार्यान्वयन हुन नसकेका पक्ष हुन् । विद्यार्थीको विद्यालय छोड्ने दर कम गर्न कार्यक्रम सञ्चालन गर्ने भनिए पनि सो हुन सकेको देखिँदैन । नीति तथा कार्यक्रममा उल्लेख भएअनुसार वर्षभरिमा उत्कृष्ट विद्यालय छनोट गरी बर्सेनि पुरस्कृत गर्ने एवम् शैक्षणिक गतिविधि सुधार गर्न शिक्षण सामग्री निर्माण कार्यशाला सञ्चालन गर्ने लगायतका कार्यक्रम हुन सकेको छैन ।

## ७.२ उद्देश्य

नगर शिक्षा योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान र प्रक्षेपण गरी उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

## ७.३ रणनीति

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्ने
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने
३. नगरको वार्षिक रूपमा कुल बजेटको कम्तिमा १० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने
४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धन गर्ने
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने
७. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने ।

## ७.४ प्रमुख क्रियाकलाप र बजेट प्रक्षेपण
### ७.४.१ दश वर्षको कुल अनुमानित बजेट

| क्र.सं. | उपक्षेत्र र सोअन्तर्गतका प्रमुख क्रियाकलाप | एकाइ | २०८१ को स्थिति | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य | बजेट प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| १ | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | |
| १.१ | बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री, वातावरणमैत्री तथा सुरक्षाका सूचकका आधारमा सबै बालविकास केन्द्रको वर्गीकरण गरी भौतिक निर्माण (योजना अवधिभरिमा) | कोठा | - | - | २० | १,००,००,०००/- |
| १.२ | नगरमा रहेका चार वर्ष उमेर समूहका बालबालिकाको खुद भर्ना दर (१८ बाविके) | प्रतिशत | ७०.१+ | ८५.० | ९५.० | ९,००,०००/- |
| १.३ | बालशिक्षा शिक्षकको कार्य घण्टामा एकरुपता | घण्टा | ५ | ६ | ६ | ० |
| १.४ | बालविकास शिक्षकलाई मन्टेसरी तालिमको व्यवस्था (योजना अवधिभरिमा) | पटक | - | १ | २ | १,४४,०००/- |
| १.५ | प्ले स्टेसन तथा बाल उद्यानको निर्माण (कुल बाविकेमध्ये) | प्रतिशत | ३० | ६० | १०० | ६५,००,०००/- |
| १.६ | आवश्यक खेल सामग्री तथा बेडको व्यवस्थापन (कुल विद्यालयमध्ये) | प्रतिशत | ५० | ८० | १०० | १६,२०,०००/- |
| १.७ | प्रविधिमैत्री बाल कक्षा निर्माण (कुल बाविकेमध्ये) | प्रतिशत | ३० | १०० | - | १५,००,०००/- |
| १.८ | बालमैत्री यातायातको प्रबन्ध (कुल बाविकेमध्ये) | प्रतिशत | २० | ६० | ८० | ७०,००,०००/- |
| १.९ | शुद्ध खाने पानीको प्रबन्ध (कुल बाविकेमध्ये) | प्रतिशत | ५० | १०० | - | १,४०,०००/- |
| १.१० | बालविकास केन्द्रको नक्साङ्कन (कुल बाविकेमध्ये) | प्रतिशत | - | १०० | - | १,००,०००/- |
| १.११ | बालविकासको अनुगमन तथा मूल्याङ्कन (शिक्षा शाखाबाट वार्षिक) | पटक | १ | २ | २ | २,४०,०००/- |
| १.१२ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन (योजना अवधिभरमा) | पटक | - | २ | १ | ८,४०,०००/- |
| | | | | | **प्रारम्भिक बालविकास र शिक्षाको जम्मा** | **२,८९,८४,०००/-** |
| २ | **आधारभूत शिक्षा** | | | | | |
| २.१ | शिक्षकलाई विषयगत तालिम (तहगत कुल शिक्षकमध्ये) | पटक | - | १ | २ | ११,२५,०००/- |
| २.२ | नगर शिक्षाद्वारा तोकिएका कक्षाहरुमा वार्षिक सक्षमता परीक्षा सञ्चालन (कक्षा ५ र ८) (वार्षिक) | पटक | १ | १ | १ | ११,६०,०००/- |

| क्र.सं. | उपक्षेत्र र सोअन्तर्गतका प्रमुख क्रियाकलाप | एकाइ | २०८१ को स्थिति | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य | बजेट प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| २.३ | विद्यालय वरपरको समुदायसँग अन्तरक्रिया, छलफल कार्यक्रम सञ्चालन (वार्षिक) | पटक | १ | १ | १ | ५,६०,०००/- |
| २.४ | अति विपन्न विद्यार्थीको पहिचान गरी अत्यावश्यक शैक्षिक सामग्री प्रदान (वार्षिक) | पटक | - | १ | १ | १,९८,००,०००/- |
| २.५ | विद्यालयको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन (कुल विद्यालयमध्ये) | प्रतिशत | - | १०० | १०० | १,००,०००/- |
| २.६ | वडासँगको सहकार्यमा बिचैमा विद्यालय छाड्ने तथा विद्यालयबाहिर रहेका बालबालिकाको पहिचान (वार्षिक) | पटक | १ | १ | १ | ७,००,०००/- |
| २.७ | विद्यालयका प्र. अ. सँग कार्य सम्पादन सम्झौता | समय | - | वैशाख दोस्रो हप्ता | | ० |
| २.८ | प्रत्येक विद्यालयमा खानेपानी, शौचालय तथा न्यूनतम भौतिक सुविधाको सुनिश्चितता (कुल विद्यालयमध्ये) | प्रतिशत | ५० | ८० | १०० | १,०५,००,०००/- |
| २.९ | प्रत्येक विद्यालयका नियमित खेलकुद तथा अतिरिक्त क्रियाकलापको सुनिश्चितता (कुल विद्यालयमध्ये) | प्रतिशत | ५० | ८० | १०० | २१,००,०००/- |
| २.१० | प्रत्येक विद्यालयलाई मूल्याङ्कनमा एकरुपताका लागि तालिम तथा कार्यशालाको व्यवस्थापन (१० वर्षमा) | पटक | १० | १ | १ | ७,००,०००/- |
| | | | | | **आधारभूत शिक्षाको जम्मा** | **३,६७,४५,०००/-** |
| **३** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | |
| ३.१ | नतिजा प्रकाशनमा अभिभावकको अनिवार्य उपस्थिति (वार्षिक) | पटक | १ | २ | २ | १६,८०,०००/- |
| ३.२ | प्रत्येक कक्षाका अभिभावकसँग अनिवार्य छलफल (वार्षिक) | पटक | २ | ३ | ३ | ८,००,०००/- |
| ३.३ | वार्षिक उत्सवमा तहगत (१-५, ६-८, ९-१२) उत्कृष्ट अभिभावक पुरस्कार (वार्षिक) | पटक | १ | १ | १ | २,१०,०००/- |
| ३.४ | फेसबुक ग्रुपमा आमा समूह निर्माण (योजना अवधिभरमा) | पटक | - | १ | | ० |
| ३.५ | वैकल्पिक तथा उपचारात्मक कक्षा सञ्चालन (३ विषय) | महिना | १ | ३ | ३ | ३६,००,०००/- |
| ३.६ | शिक्षकका लागि पुनर्ताजगी/ मागमा आधारित तालिम (योजना अवधिभरिमा) | पटक | - | १ | २ | २,५०,०००/- |

| क्र.सं. | उपक्षेत्र र सोअन्तर्गतका प्रमुख क्रियाकलाप | एकाइ | २०८१ को स्थिति | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य | बजेट प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| ३.७ | प्राविधिक, स्वरोजगारमूलक तथा परम्परागत सिपकेन्द्री शिक्षाका लागि घुम्ती प्रशिक्षक व्यवस्थापन | जना | - | ३ | ६ | ८१,००,०००/- |
| ३.८ | दुर्व्यसनी, विकृति तथा विसङ्गति विरुद्ध कार्यक्रम सञ्चालन (प्रतिविद्यालय प्रतिवर्ष) | पटक | १ | १ | १ | २८,००,०००/- |
| ३.९ | खेलकुद तथा अतिरिक्त क्रियाकलापका निम्ति प्रशिक्षकको व्यवस्था (योजना अवधिभरमा) | जना | - | ३ | ६ | ८१,००,०००/- |
| ३.१० | विद्यार्थी प्रतिभा पहिचानका विविध कार्यक्रम कार्यान्वयन (वार्षिक) | पटक | १ | १ | १ | ८०,००,०००/- |
| ३.११ | सांस्कारिक चेतना विकासका लागि विद्यालयमा ज्येष्ठ नागरिक/सफल व्यक्ति कार्यक्रम (वार्षिक) | पटक | - | १ | १ | २,८०,०००/- |
| | | | | | **माध्यमिक शिक्षा (कक्षा ९-१२) को जम्मा** | **३,३८,२०,०००/-** |
| ४ | **. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम** | | | | | |
| ४.१ | प्राविधिक तथा व्यावसायिक क्षेत्रमा अध्ययन गर्न इच्छुक विद्यार्थीको तथ्याङ्क सङ्कलन (वर्षभरिमा) | पटक | - | १ | १ | ५,००,०००/- |
| ४.२ | नगरको आवश्यकता पहिचान गरी व्यावसायिक तालिमको व्यवस्थापन | जना | - | २०० | ३०० | ५०,००,०००/- |
| ४.३ | आवश्यकता पहिचान भएका क्षेत्रमा छात्रवृत्तिमा प्राविधिक शिक्षा अध्ययन गर्ने कोटा व्यवस्थापन | जना | - | बढीमा ५० | बढीमा १०० | १८,००,०००/- |
| ४.४ | प्राविधिक शिक्षा र व्यावसायिक तालिम प्रदान गर्ने शिक्षालयलाई सामग्री सम्पन्न तथा न्यूनतम पूर्वाधार व्यवस्थापन (अति आवश्यक पूर्वाधारमध्ये) | प्रतिशत | - | २५ | ५० | ५०,००,०००/- |
| ४.५ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने प्रशिक्षकलाई तालिमको व्यवस्था (कुल प्रशिक्षकमध्ये) | प्रतिशत | - | ५० | ५० | ५,००,०००/- |
| ४.६ | 'पढ्दै-कमाउँदै' कार्यक्रम सञ्चालन (जम्मा मा.वि.मध्ये) | प्रतिशत | - | १०० | | ० |
| ४.७ | विद्यालय तहमा प्राविधिक शिक्षाको महत्त्व र अवसर सम्बन्धमा कार्यशाला, गोष्ठी सञ्चालन (योजना अवधिभरिमा प्रत्येक वडामा) | पटक | - | १ | १ | १,८०,०००/- |

| क्र.सं. | उपक्षेत्र र सोअन्तर्गतका प्रमुख क्रियाकलाप | एकाइ | २०८१ को स्थिति | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य | बजेट प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| ४.८ | बहुप्राविधिक शिक्षालयका लागि नगरका तर्फबाट प्रदान गरिने अनुदान रकममा वृद्धि | प्रतिशत | - | २० | ४० | १,९५,००,०००/- |
| | | | | | **प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको जम्मा** | **३,२४,८०,०००/-** |
| **५** | **अनौपचारिक शिक्षा र आजीवन सिकाइ** | | | | | |
| ५.१ | निरक्षरहरुको तथ्याङ्क सङ्कलन (योजना अवधिभर सुरुमा) | पटक | - | १ | - | ३६,०००/- |
| ५.२ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण (आधारभूत सूचकमध्ये) | प्रतिशत | - | ७५ | १०० | १०,००,०००/- |
| ५.३ | बिचैमा विद्यालय छाडेका बालबालिकाको पहिचान तथा यकिन (वार्षिक) | पटक | - | १ | - | ३,६०,०००/- |
| ५.४ | वडाको पहलमा सामुदायिक पुस्तकालयको स्थापना तथा सञ्चालन (प्रति वडा) | वटा | - | १ | | ९०,००,०००/- |
| ५.५ | वडाले सञ्चालन गर्ने सिपमूलक तथा स्वरोजगारमूलक कार्यक्रमलाई व्यवस्थित गर्दै उत्पादित जनशक्तिलाई रोजगारी प्रदान (प्रति वडा) | जना | २० | ४० | ८० | ५,४०,००,०००/- |
| ५.६ | कक्षा ८ उत्तीर्ण गरी माथिल्लो कक्षामा अध्ययन गर्न बञ्चित भएका विद्यार्थीलाई खुला शिक्षामार्फत एसइई परीक्षामा समावेश (प्रति वडा) | जना | - | २ | २ | ३,६०,०००/- |
| ५.७ | विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन (वार्षिक) | पटक | - | १ | १ | २८,००,०००/- |
| | | | | | **अनौपचारिक शिक्षा र आजीवन सिकाइको जम्मा** | **६,७५,५६,०००/-** |
| **६** | **पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन** | | | | | |
| ६.१ | पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रबोधीकरण गरी कार्यान्वयनमा एकरुपता ल्याउन विद्यालयका स्रोत शिक्षकलाई तालिम (सामुदायिक+संस्थागत) | प्रतिशत | - | १०० | | ८,१२,०००/- |
| ६.२ | संस्थागत विद्यालयका पाठ्यपुस्तकमा एकरुपता ल्याउन सरोकारवालासँग छलफल (शै.स.को अन्तमा) | पटक | - | १ | | २५,०००/- |
| ६.३ | कक्षा १-३ को कार्यसञ्चयिकामा आधारित विद्यार्थी मूल्याङ्कनको सुनिश्चितता गर्न विद्यालयको भ्रमण तथा अनुगमन (वार्षिक) | पटक | १ | २ | २ | ५,६०,०००/- |

| क्र.सं. | उपक्षेत्र र सोअन्तर्गतका प्रमुख क्रियाकलाप | एकाइ | २०८१ को स्थिति | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य | बजेट प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| ६.४ | प्रत्येक विद्यालयमा शैक्षिक सामग्री निर्माण कार्यशाला (योजना अवधिभरमा) | पटक | - | १ | १ | ५,६०,०००/- |
| ६.५ | माध्यम भाषाका रुपमा प्रयोग हुन सक्ने मातृभाषा तथा स्थानीय भाषाको संरक्षण कार्यक्रम (वार्षिक) | पटक | - | १ | १ | १७,५०,०००/- |
| ६.६ | सहपाठी सिकाइ समूह गठन (प्रति वडा) | वटा | - | २ | ४ | २७,००,०००/- |
| ६.७ | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक संशोधन, परिवर्तन, प्रकाशन र कार्यान्वयनको अनुगमन तथा प्रतिवेदन साथै ब्रेल पुस्तक प्रबन्ध (वार्षिक) | पटक | - | १ | १ | ७९,५०,०००/- |
| | **पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनको जम्मा** | | | | | **१,४३,५७,०००/-** |
| ७ | **शिक्षक व्यवस्थापन र विकास** | | | | | |
| ७.१ | विद्यार्थी सङ्ख्याका आधारमा नगरभित्रका विद्यालयमा दरबन्दी मिलान | पटक | | वार्षिक | वार्षिक | ० |
| ७.२ | शिक्षकको पेसागत तथा क्षमता विकास कार्यक्रम तहगत रुपमा सञ्चालन (योजना अवधिभरमा) | पटक | - | १ | १ | ८,१२,०००/- |
| ७.३ | शिक्षण पेसाप्रति विद्यार्थी आकर्षण बढाउन जेहेन्दार युवालक्षित कार्यक्रम (वार्षिक) | पटक | - | २ | २ | १,७०,०००/- |
| ७.४ | निजी स्रोतमा कार्यरत शिक्षकका लागि पेसागत विकास कार्यक्रम सञ्चालन (योजना अवधिभरमा) | पटक | - | १ | - | १,५०,०००/- |
| ७.५ | शिक्षकको कार्यसम्पादन मूल्याङ्कन (वार्षिक) | पटक | - | १ | १ | १०,००,०००/- |
| ७.६ | प्रशासनिक तथा व्यवस्थापकीय सूचकमा आधारित प्रधानाध्यापकको कार्यसम्पादन मूल्याङ्कन (वार्षिक) | पटक | - | १ | १ | ० |
| ७.७ | शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालनमा निरन्तरता (वार्षिक) | पटक | - | १ | १ | ७०,००,०००/- |
| | **शिक्षक व्यवस्थापन र विकासको जम्मा** | | | | | **९१,३२,०००/-** |
| ८ | **शिक्षामा समता र समावेशीकरण** | | | | | |
| ८.१ | अपाङ्गता भएका बालबालिकाको पहिचान र वर्गीकरण (वार्षिक) | पटक | - | १ | १ | १,००,०००/- |

| क.सं. | उपक्षेत्र र सोअन्तर्गतका प्रमुख क्रियाकलाप | एकाइ | २०८१ को स्थिति | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य | बजेट प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| ८.२ | शिक्षकको पेसागत विकासको कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तु तथा प्रशिक्षक समावेश (योजना अवधिभरमा) | पटक | - | १ | २ | ४५,०००/- |
| ८.३ | विद्यालयमा विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गर्न प्रभावकारी गुनासो सुनुवाइ समिति गठन गरी सुनुवाइ कार्यान्वयन (वार्षिक) | पटक | - | १ | १ | ० |
| ८.४ | विभिन्न लक्षित वर्ग पहिचान गर्दै जेहेन्दारितालाई समेत आधार मानी नगर स्तरबाट छात्रवृत्तिको व्यवस्था (कक्षा १-१२)(वार्षिक) | पटक | १ | १ | १ | २,५०,००,०००/- |
| ८.५ | वैकल्पिक शैक्षिक कार्यक्रम तथा सहायता पद्धति कार्यान्वयन (वार्षिक, ५ वर्षको लागि) | पटक | - | १ | - | ७,२०,०००/- |
| ८.६ | मातृभाषा तथा स्थानीय भाषामा सिकाइको अवसर प्रदान गर्न सम्भावनाको खोजी (एक पटक सर्भेक्षण) | पटक | - | १ | - | २०,०००/- |
| ८.७ | आर्थिक रुपले विपन्न, सुविधाविहिन र कठिन परिस्थितिका बालबालिकाका लागि आवासीय विद्यालय सञ्चालन | कोठा | - | १० | १० | १,६०,००,०००/- |
| | | | | | **शिक्षामा समता र समावेशीकरणको जम्मा** | **४,१८,८५,०००/-** |
| ९ | **विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम** | | | | | |
| ९.१ | स्वस्थकर दिवा खाजाको सुनिश्चितता (वर्ष भरिमा, अनुगमनमार्फत) | पटक | १ | चौमासिक | चौमासिक | ४,२०,०००/- |
| ९.२ | विद्यार्थीको अनुपातमा पानी, साबुन तथा सरसफाइ सामग्रीको व्यवस्थापन (वर्ष भरिमा) | पटक | समय समयमा | दैनिक | दैनिक | १६,८०,०००/- |
| ९.३ | नियमित शौचालय सरसफाइको प्रबन्ध | पटक | समय समयमा | दैनिक | दैनिक | ८४,००,०००/- |
| ९.४ | आवधिक स्वास्थ्य जाँच (वार्षिक) | पटक | १ | १ | १ | ७,००,०००/- |
| ९.५ | विद्यालय घुम्ती नर्सको व्यवस्था | जना | - | २ | २ | ५२,००,०००/- |
| ९.६ | विद्यालयलाई प्राथमिक उपचार किट व्यवस्थापन (कुल विद्यालयमध्ये) | प्रतिशत | - | १०० | - | ८४,०००/- |
| ९.७ | हरित विद्यालय अभियान तथा उद्यान निर्माण कार्यान्वयन (कुल विद्यालयमध्ये) | प्रतिशत | - | १०० | - | ४,२०,०००/- |

| क्र.सं. | उपक्षेत्र र सोअन्तर्गतका प्रमुख क्रियाकलाप | एकाइ | २०८१ को स्थिति | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य | बजेट प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| ९.८ | नगरको सहयोगमा दिवा खाजा रकममा वृद्धि कार्यान्वयन | कक्षा | - | कक्षा ३ सम्म | कक्षा ५ सम्म | ८,५५,९५,०००/- |
| ९.९ | विद्यालयहरुलाई टिकाउ हुने डस्टबिन वितरण (प्रति विद्यालय, सानो र ठुलो) | थान | - | १६८+५६ | - | २,८०,०००/- |
| | **विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमको जम्मा** | | | | | **१०,२७,७९,०००-** |
| **१०** | **विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता** | | | | | |
| १०.१ | विपत्, पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम (योजना अवधिभर) | पटक | - | १ | १ | ७,००,०००/- |
| १०.२ | नगर स्तरमा विपत् व्यवस्थापन प्रतिकार्य संयन्त्र र कार्यढाँचा निर्माण ((योजना अवधिभरमा) | पटक | - | १ | - | १०,०००/- |
| १०.३ | विपदमा वैकल्पिक सिकाइका विधि तयारी (योजना अवधिभरमा) | पटक | - | १ | | १,००,०००/- |
| १०.४ | विद्यालय स्तरमा प्रतिकार्य योजना तयारी (वर्ष भरिमा) | पटक | - | १ | | २०,०००/- |
| १०.५ | भवन तथा विद्यालय हाता सुरक्षित रहेको प्रत्याभूति (जम्मा सूचकमध्ये) | श्रेणी अङ्क १-४* | - | ३ | ४ | ७०,०००/- |
| १०.६ | वि.व्य.स. तथा विद्यालयका अन्य समितिहरुलाई विपत् व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन (योजना अवधिभर) | पटक | - | १ | १ | ५,६०,०००/- |
| | **विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलताको जम्मा** | | | | | **१४,६०,०००/-** |
| **११** | **विद्यालय भौतिक पूर्वाधार विकास** | | | | | |
| ११.१ | विद्यालय भवन निर्माण तथा सबलीकरण गर्नुपर्ने सङ्ख्या यकिन (कुल विद्यालयमध्ये) | प्रतिशत | - | १०० | - | ७०,०००/- |
| ११.२ | विद्यालय भवनको न्यूनतम मापदण्ड तयारी (योजना अवधिभर) | पटक | - | १ | - | ३०,०००/- |
| ११.३ | विद्यालय भवन निर्माण (जम्मा विद्यालयमध्ये) | प्रतिशत | - | ५० | १०० | ७,००,००,०००/- |
| ११.४ | विद्यालयको सबलीकरण (कुल विद्यालयमध्ये) | प्रतिशत | - | ५० | १०० | २,८०,००,०००/- |
| ११.५ | विद्यार्थीमैत्री उमेर समूहअनुसार फर्निचरको व्यवस्थापन (प्रति विद्यालय) | थान | - | १०० | १०० | ४५,००,०००/- |
| ११.६ | न्यूनतम पूर्वाधारयुक्त विद्यालय सङ्ख्याको यकिन (कुल विद्यालयमध्ये) | प्रतिशत | - | ५० | १०० | ० |

| क्र.सं. | उपक्षेत्र र सोअन्तर्गतका प्रमुख क्रियाकलाप | एकाइ | २०८१ को स्थिति | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य | बजेट प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| ११.७ | सिकाइमैत्री कक्षा कोठा निर्माण (कुल विद्यालयमध्ये) | प्रतिशत | - | ५० | १०० | १४,००,०००/- |
| ११.८ | प्रत्येक विद्यालयमा प्रयोगशाला र पुस्तकालय निर्माण (पचास प्रतिशत विद्यालयमध्ये) | प्रतिशत | - | ५० | १०० | ५६,००,०००/- |
| | | | | | **विद्यालय भौतिक पूर्वाधार विकासको जम्मा** | **१०,९६,००,०००-** |
| **१२** | **विद्यालयमा सूचना तथा सञ्चार प्रविधि** | | | | | |
| १२.१ | विद्यालयमा न्यूनतम आइसिटी पूर्वाधार तथा इलाइब्रेरीसहितका सामग्री व्यवस्थापन (कक्षा १-१२ सम्मका कुल विद्यालयमध्ये) | प्रतिशत | २० | ८० | - | १,१२,००,०००/- |
| १२.२ | शिक्षकको क्षमता विकास तालिम (योजना अवधिभर) | पटक | - | १ | १ | ३,१०,०००/- |
| १२.३ | डिजिटल शैक्षिक सामग्रीको खोज तथा भण्डारण (कुल विद्यालयमध्ये) | प्रतिशत | - | १०० | | ० |
| १२.४ | IEMIS व्यवस्थापन (वार्षिक) | पटक | - | १ | १ | १,६८,०००/- |
| १२.५ | शिक्षणसिकाइमा प्रविधिको प्रयोगको सुनिश्चतता (वार्षिक) | पटक | - | १ | १ | ० |
| १२.६ | अनलाइन सूचना प्रणालीको स्थापना (कुल विद्यालयमध्ये) | प्रतिशत | - | १०० | - | ७,००,०००/- |
| | | | | | **विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको जम्मा** | **१,२३,७८,०००/-** |
| **१३** | **अन्तरविद्यालय असल अभ्यास प्रतिस्पर्धा कार्यक्रम** | | | | | |
| | विजेता विद्यालयलाई पुरस्कार व्यवस्थापन (वार्षिक) | पटक | - | १ | १ | ६३,००,०००/- |
| **१४** | **संस्कृति पहिचान तथा संवर्धन कार्यक्रम** | | | | | |
| | पुरस्कार तथा कार्यक्रम व्यवस्थापन (वार्षिक) | पटक | - | १ | १ | १७,००,०००/- |
| **१५** | **शैक्षिक अनुसन्धान कार्यक्रम** | | | | | |
| | मूल्याङ्कन तथा पुरस्कार व्यवस्थापन (वार्षिक) | पटक | - | १ | १ | १३,५०,०००/- |
| **१६** | **विषयविज्ञ क्लस्टर व्यवस्थापन** | | | | | |
| | विषय विज्ञमार्फत विद्यालय भ्रमण र कक्षा सुपरिवेक्षण (वार्षिक) | पटक | - | १ | १ | १४,००,०००/- |
| **१७** | **विद्यार्थी आदानप्रदान कार्यक्रम** | | | | | |
| | विद्यार्थीहरुद्वारा विद्यालय भ्रमण, अवलोकन र विचार आदानप्रदान (वार्षिक) | पटक | - | १ | १ | ४,२०,०००/- |
| **१८** | **विद्यार्थीसँग प्रबुद्ध नागरिक कार्यक्रम** | | | | | |

| क.सं. | उपक्षेत्र र सोअन्तर्गतका प्रमुख क्रियाकलाप | एकाइ | २०८१ को स्थिति | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य | बजेट प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| | विद्यार्थीसँग प्रबुद्ध नागरिक कार्यक्रम कार्यान्वयन (वार्षिक) | पटक | - | १ | १ | ७,००,०००/- |
| १९ | **छात्रवृत्ति कोषको स्थापना** | | | | | |
| | छात्रवृत्ति कोषको स्थापना (वार्षिक) | पटक | - | १ | १ | १,००,००,०००/- |
| २० | **शैक्षिक बुलेटिन प्रकाशन** | | | | | |
| | शैक्षिक बुलेटिन प्रकाशन (वार्षिक) | पटक | - | १ | १ | १०,००,०००/- |
| | | | | | **अन्य उपक्षेत्रको जम्मा** | **२,२८,७०,०००/-** |
| २१ | **शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास** | | | | | |
| २१.१ | नगर शिक्षाको जनशक्तिलाई विभिन्न प्रशाखाहरुको जिम्मेवारी बाँडफाँड (योजना अवधिभर) | सङ्ख्या | २ | ३ | - | ४५,५०,०००/- |
| २१.२ | विद्यालय शिक्षा सुधार गर्न सरोकारवालाको क्षमता अभिवृद्धि कार्यक्रम (वार्षिक) | पटक | - | २ | १ | ९०,०००/- |
| २१.३ | विद्यालयको नगर स्तरीय अनुगमन तथा मूल्याङ्कन (वार्षिक) | पटक | १ | १ | १ | ७,४०,०००/- |
| २१.४ | शिक्षाको सेवा प्रवाह सम्बन्धमा नगर तथा वार्ड स्तरीय सार्वजनिक सुनुवाइ कार्यक्रम (वार्षिक) | पटक | - | १ | १ | १०,००,०००/- |
| २१.५ | शिक्षा सेवामा कार्यरत जनशक्तिको क्षमता विकास | पटक | - | २ | १ | ९०,०००/- |
| २१.६ | सुशासन सम्बन्धमा विद्यालय स्तरीय नीति तर्जुमा गरी कार्यान्वयन (योजना अवधिभरिमा) | पटक | - | १ | - | ७०,०००/- |
| | | | | | **शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकासको जम्मा** | **६५,४०,०००/-** |
| २२ | **कनकाई नगर शिक्षा योजना कार्यान्वयनको प्रबन्ध** | | | | | |
| २२.१ | नगरपालिकाद्वारा वार्षिक बजेट तथा कार्यक्रममा शिक्षाको अंश (आन्तरिक बजेटमध्ये) | प्रतिशत | ३ | ८ | १२ | ० |
| २२.२ | नगर स्तरीय संयन्त्र निर्माण गरी अनुगमन र मूल्याङ्कन (वार्षिक) | पटक | - | १ | १ | १,००,०००/- |
| २२.३ | विद्यालयका दस्ताबेजमाथि टिप्पणी तथा सुझाब पेस (वार्षिक) | पटक | - | १ | अर्धवार्षिक | ० |
| २२.४ | नगर शिक्षालाई प्रभावकारी बनाउन आवश्यक विनियम र निर्देशिकाको प्रबन्ध (समय सीमा) | महिना | - | ३ | - | ९०,०००/- |

| क.सं. | उपक्षेत्र र सोअन्तर्गतका प्रमुख क्रियाकलाप | एकाइ | २०८१ को स्थिति | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/२०९२ सम्मको लक्ष्य | बजेट प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| २२.५ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण गरी नतिजा प्रकाशन र वितरण | पटक | - | अर्धवार्षिक | त्रैमासिक | ० |
| **कनकाई नगर शिक्षा योजना कार्यान्वयनको प्रबन्धको जम्मा** | | | | | | १,९०,०००/- |
| **दश वर्षको कुल बजेट** | | | | | | **५२,०७,७६,०००/-** |

द्रष्टव्यः यस योजनामा प्रक्षेपण गरिएका बजेट रकम वि.सं. २०८२ सालको बजार मूल्यमा आधारित छ । आगामी १० वर्षका लागि प्रक्षेपित रकमलाई यसबिचको मुद्रास्फिति दरसँग समायोजन गर्दा उल्लिखित विनियोजित रकम स्वतः बढी हुन आउँछ ।

# परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

शैक्षिक कार्यक्रममा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटि छन् वा छैनन्, शैक्षिक क्रियाकलाप निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँछ । यसै सन्दर्भमा नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेका विभिन्न प्रतिबद्धता खासगरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐनको कार्यान्वयनको प्रगति, दिगो विकास लक्ष्य सन् २०३० को प्रगति र विद्यालय शिक्षा क्षेत्र योजनाका प्रमुख कार्यसम्पादन सूचकलाई समेत मध्यनजर गरी कनकाई नगरपालिकाले शिक्षा योजनाको कार्यान्वयन पक्षको लेखाजोखा गर्ने छ।

## ८.१ वर्तमान अवस्था

कनकाई नगरपालिकामा अनुगमन संयन्त्रको छुट्टै व्यवस्था नभए तापनि नगर शिक्षाका कर्मचारीद्वारा बेलाबखत विद्यालयको निरीक्षण तथा अनुगमन हुने गरेको छ । त्यस्ता अनुगमन कक्षा कोठाको शिक्षण प्रक्रियालाई सुधार गर्ने खालका भन्दा पनि प्रशासनिक एवम् कार्यालयीय जिम्मेवारी पूरा गर्ने किसिमका बढी देखिएका छन् । नगरबाट सञ्चालित परीक्षामा नियमित अनुगमन हुने गरेको पाइएको छ । नगरमा वार्षिक एकीकृत शैक्षिक प्रतिवेदन तयार हुने गरेको छ तर त्यसको प्रबोधीकरण विद्यालय तहसम्म हुने गरेको छैन । कतिपय अनुगमन तथा मूल्याङ्कन सूचना प्रविधिको उपयोग गरेर हुन सक्ने भए पनि सम्पूर्ण विद्यालयमा इन्टरनेट जडान नहुनु तथा दक्ष प्राविधिक जनशक्तिको अभाव हुनु जस्ता कारणले प्रभावकारी हुन सकेको छैन । नगरमा नतिजामा आधारित अनुगमनको खाँचो देखिन्छ । विद्यालय कार्य सम्पादन परीक्षणका लागि उपयुक्त संयन्त्रको निर्माण गर्नु तथा विद्यार्थी उपलब्धि परीक्षण समयमै गर्नु आजको आवश्यकता देखिन्छ ।

दसबर्से नगर शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन गर्न तथा यसका अपेक्षित उपलब्धिहरु हासिल भए नभएको निक्योल गर्न अनुगमन तथा मूल्याङ्कनको एउटा छुट्टै विशिष्ट संयन्त्रको निर्माण गरिने छ । अनुगमनका क्रममा प्राप्त हुने सुझाब तथा नतिजाको विश्लेषण गरी कार्यक्रमको प्रभावकारिता वृद्धि गर्न तथा नगरलाई शैक्षिक गन्तव्यको थलो बनाउन नगर स्तरीय अनुगमन तथा मूल्याङ्कन आवश्यक छ ।

## ८.२ उद्देश्य

कनकाई नगर शिक्षा योजनाको अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्दै यसलाई नतिजामा आधारित बनाउनु ।

## ८.३ रणनीति

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित गर्ने
२. नगर शिक्षा योजनामा कार्यान्वयन भएका कार्यक्रमहरुको सान्दर्भिकता तथा प्रभावकारिता विश्लेषण गर्ने
३. नगर शिक्षा योजनामा तोकिएका परिमाणात्मक लक्ष हासिल भए नभएको निक्योल गर्ने

४. नगर शिक्षा योजनामा उल्लेखित उद्देश्य प्राप्त गर्न विज्ञहरुको सल्लाहमा रणनीति तथा कार्यनीतिहरु परिवर्तन गर्ने
५. योजना कार्यान्वयनबाट प्राप्त भएका सम्पूर्ण उपलब्धि नगर शिक्षा समिति, नगर कार्यपालिका एवम् नगर सभामा प्रबोधीकण गर्ने
६. योजनाको मध्यावधि एवम् पूर्णावधि मूल्याङ्कन गर्ने ।

### ८.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | २०८६/२०८७ सम्मको लक्ष्य | २०९१/०९२ सम्मको लक्ष्य |
|---|---|---|---|---|
| १ | नगर स्तरीय मूल्याङ्कन संयन्त्र निर्माण गरी अनुगमन | पटक | १ | १ |
| २ | कार्यक्रम कार्यान्वयनको आवधिक समीक्षा तथा प्रतिवेदन तयारी (वार्षिक) | पटक | ५ | ५ |
| ३ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ (पहिलो वर्ष) | |
| ४ | प्राप्त उपलब्धिको प्रबोधीकरण | पटक | १ | १ |
| ५ | योजनाको मध्यावधि र पूर्णावधि मूल्याङ्कन | पटक | १ | १ |
| ६ | रणनीति तथा कार्यनीतिहरुमा हेरफेर | आवश्यकता अनुसार | | |

## सन्दर्भ सूची


कनकाई नगरपालिका (२०७७), *कनकाई नगरको शैक्षिक गन्तव्यः रणनीति तथा कार्यनीति (प्रारम्भिक चरणको सुझाव पुस्तिका, २०७७)*, कनकाई नगरपालिका ।

कनकाई नगरपालिका (२०७४), *कनकाई नगरपालिकाको वस्तुगत विवरण (नगर प्रोफाइल), २०७४*, कनकाई नगरपालिका ।

कनकाई नगरपालिका कार्यपालिकाको कार्यालय (२०८१), *कनकाई नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेट,* कनकाई नगरपालिका ।

नेपाल सरकार, राष्ट्रिय योजना आयोग (२०१७ इ.), *नेपाल दिगो विकास लक्ष्यहरुः वर्तमान अवस्था र भावी मार्गचित्र, २०१६-२०३०*, राष्ट्रिय योजना आयोग ।

नेपाल सरकार, राष्ट्रिय योजना आयोग (२०८१), *सोह्रौं योजना (आर्थिक वर्ष २०८१/०८२- २०८५/०८६)*, राष्ट्रिय योजना आयोग ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६), *राष्ट्रिय शिक्षा नीति २०७६*, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०२४ इ.), *फ्ल्यास रिपोर्ट (२०२३-२०२४ इ.)*, शिक्षा तथा मानव स्रोत विकास केन्द्र ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७६), *नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका २०७४* (पहिलो संशोधन २०७५ सहित), शिक्षा तथा मानव स्रोत विकास केन्द्र ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०८१), *स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन २०७९* (परिमार्जित तथा अद्यावधिक संस्करण २०८१), शिक्षा तथा मानव स्रोत विकास केन्द्र ।

Ministry of Education, Science and Technology, Center for Education and Human Resource Development. (2081). *Flash I Report 2081 (2024/025)*. Center for Education and Human Resource Development.